# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक २११ शुक्रबार, २ असोज २०८३ SOURYA NATIONAL DAILY Friday, 18 September 2026 पृष्ठ : ८ + ४ मूल्य रु. ५


# एक्लिँदै देउवा, विश्वासपात्र मानिएका नेताहरू नै छिरे संस्थापन

## ■ शेखरको मध्यमार्ग कायमै, इतर पक्षको सम्पूर्ण माग पूरा भएको संस्थापनको दाबी, एकतामा आउन आग्रह

■ विक्रम रत्न

काठमाडौं । नेपाली कांग्रेसले संस्थापन इतर पक्षका नेताहरूलाई पार्टीमा भित्र्याएको छ । गत २८ भदौमा बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यहरूलाई सोही हैसियतमा १५औँ महाधिवेशनमा सहभागी गराउने निर्णय गरेसँगै शेरबहादुर देउवा र शेखर कोइराला समूहमा रहेका नेताहरू संस्थापन पक्षमा फर्किएका हुन् ।

बिहीबार केन्द्रीय कार्यसमितिको बैठकले कार्यसम्पादन समितिको सो निर्णयलाई अनुमोदन गर्दै उनीहरूलाई स्वागत गरेको छ । खासगरी देउवा समूहभित्र पनि पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग निकट रहेका नेताहरू संस्थापनमा समाहित भएका हुन् । कांग्रेसले १४औँ महाधिवेशनबाट निर्वाचित सबै केन्द्रीय सदस्यलाई बैठकमा सहभागी हुन पत्राचार गरेको थियो ।

कांग्रेस प्रवक्ता देवराज चालिसेले इतर पक्षले राखेका सम्पूर्ण मागहरू सम्बोधन भएपछि विशेष महाधिवेशनविरोधी नेताहरू पनि पार्टीमा समाहित भएका बताए । उनले पार्टीमा अब 'इतर' र 'भित्र' पक्षधर नभएको भन्दै केवल 'नेपाली कांग्रेस' मात्रै भएको जिकिर गरे । 'एकताको खँदिलो अवस्था बनेको छ । १५औँ महाधिवेशनमा सबै सहभागी हुँदै महोत्सवको अवसर बनेको छ,' उनले भने, 'कति साथीहरू उपस्थित हुनुभएको छ । कति बाटोमा हुनुहुन्छ र कतिले आफूहरू यतै छौँ भनेर सम्पर्क गर्नुभएको छ । यसरी हेर्दा करिब दुईतिहाइ साथीहरू आइसक्नुभएको छ ।'



### ■ दुवै महाधिवेशन रोक्न केन्द्रित हुने शेखरको घोषणा, मध्यमार्गी बाटो खोज्न आग्रह

पूर्वसभापति शेरबहादुर देउवा समूहसहितको एकतामा जोड गरिरहेका कांग्रेस नेता डा. शेखर कोइरालाले दुवै महाधिवेशन रोकेर मध्यमार्गी र समझदारीको बाटो खोज्न आग्रह गरेका छन् । उनको समूहले ३ र ४ असोजमा हुने संस्थापन पक्षको वडा अधिवेशन र १५ असोजदेखि हुने देउवा समूहको वडा अधिवेशन दुवैमा सहभागी नभएर मध्यमार्गी धार समातेको छ । उनले दुवै महाधिवेशन रोक्न आफू केन्द्रित हुने पनि बताएका छन् । 'दुवै महाधिवेशन रोकौँ । एउटा मध्यमार्गी र विवेकपूर्ण समझदारीको बाटो खोजौँ । मेरो प्रयत्न विगतमा पनि र अहिले पनि यसैमा केन्द्रित छ र रहनेछ,' उनले भनेका छन् ।

कोइरालाले कांग्रेस विभाजित, विघटनकारी र समुद्रमा गन्तव्य हराएको माझीझैँ भएको टिप्पणीसमेत गरेका छन् । कोइरालाले कांग्रेस विभाजनबाट रोमाञ्चित हुन नसक्ने भन्दै आफू असुरक्षा, अपमान र घृणा पैदा गरेर बनाइने महलमा बस्न नसक्ने स्पष्ट पारे । 'म कांग्रेस विभाजनबाट रोमाञ्चित हुनै सक्दिनँ । म को ठिक, को बेठिक भनेर वकालत कसरी गर्न सक्छु ? कांग्रेस हुँ भन्ने, तर आफ्नै साथीभाइमा असुरक्षा, अपमान र घृणा पैदा गरेर निर्माण गरिने कांग्रेसको महलमाथि म बस्न सक्दिनँ,' उनले भने, 'कांग्रेसमा कोही हार्ने र कोही जित्ने अनि विजयी कांग्रेस हुँ भनेर कसरी उत्सव मनाउन सकिन्छ होला ?'

उनले मध्यमार्ग कठिन मार्ग भएको भन्दै यही नै सत्यको बाटो भएको र यही कांग्रेसको मार्ग भएको दाबी गरे । उनले एकताबद्ध प्रयत्नबाट मात्र कांग्रेस सफल हुने बताए । उनले पार्टी एकताबद्ध राख्ने अभियानमा जुट्न नेता-कार्यकर्तालाई आग्रह गरे र आफू पनि सो अभियानमा लाग्ने बताए । कोइरालाले 'नेपाली कांग्रेसको पटकथा कहाँबाट कसले कसरी लेखिरहेका छन् ?' आशंकासहित प्रश्नसमेत गरेका छन् ।

### ■ इतर पक्षका को–को सहभागी भए केन्द्रीय कमिटी बैठकमा ?

केन्द्रीय समिति बैठकमा देउवा समूहमा रहेका नेताहरू महालक्ष्मी उपाध्याय डिना, ज्ञानेन्द्रबहादुर कार्की, मीन विश्वकर्मा, ईश्वरी न्यौपाने, किशोरसिंह राठौर, रामहरि खतिवडा, देवेन्द्रराज कँडेल, राजीवविक्रम शाह, मदनकृष्ण श्रेष्ठ, नैनसिंह महर, गोविन्द भट्टराई, जिपछिरिङ लामा, सरस्वती तिवारी, शान्ति विक परियार, गणेश लामासहितका नेताहरू उपस्थित थिए । डा. शेखर कोइराला समूहकी किरण यादव पनि बैठकमा सहभागी भएकी थिइन् ।

इतर पक्षबाट संस्थापनमा बसेका नेता मीन विश्वकर्माले ५२ जना नेताहरू संस्थापनमा बस्न तयार भइरहेको बताए । उनले १४औँ महाधिवेशनबाट निर्वाचित ९० प्रतिशत केन्द्रीय सदस्यहरू संस्थापनमा बस्ने दाबी गरे । 'कांग्रेसलाई बलियो बनाउन जहाँ कांग्रेसको केन्द्रीय कार्यालय छ, जहाँ कांग्रेसको झन्डा छ, जहाँ चुनाव चिह्न रूख छ, जहाँको लेटरप्याड संसारभर चल्छ, जसको हस्ताक्षर चल्छ, उहाँले आह्वान गर्नुभएको १५औँ महाधिवेशनमा सहभागी हुन्छौँ,' उनले भने ।

नेताहरूले आफूहरू लामो समयपछि आफ्नै घरमा केन्द्रीय कार्यसमितिको बैठकमा सहभागी भएको भन्दै खुसी व्यक्त गरेका थिए ।

### ■ देउवालाई महाधिवेशन उद्घाटन गरिदिन निम्तो

कांग्रेस सभापति गगन थापाले इतर समूहले राखेका मागहरू पूरा गरिएको भन्दै संस्थापनले गर्न लागेको १५औँ महाधिवेशनमा सहभागी हुन आग्रह गरेका छन् । बिहीबार केन्द्रीय समिति बैठकलाई सम्बोधन गर्दै उनले शेखर कोइरालाले राखेको ५ बुँदे प्रस्ताव शतप्रतिशत स्वीकार गर्ने खबर गरिएको पनि बताए । उनले महाधिवेशनका लागि उच्चस्तरीय संयन्त्र निर्माण, क्रियाशील सदस्य छानबिनका लागि समिति गठन र अन्य समितिहरूमा सबैको प्रतिनिधित्व गराउने कुरा मान्न सकिने सन्देश कोइरालालाई पठाइएको जानकारी दिए । यद्यपि संयन्त्रको नेतृत्व पार्टी सभापतिबाहेकको व्यक्तिबाट हुनुपर्ने कोइरालाको प्रस्तावमा छलफल गर्दा सभापतिकै नेतृत्वमा हुनुपर्ने कुरा आएको उनको भनाइ छ ।

नेता पूर्णबहादुर खड्का समूहले गत वर्ष १० पुससम्ममा सदस्यता नवीकरण गरेकाहरूको सदस्यता स्वतः अद्यावधिक गरिएको र महाधिवेशनको प्रयोजनका लागि बनाइने समितिहरूमा नेताहरूको सहभागितालगायत विषय पनि पूरा गरिएको उनको भनाइ छ । 'नेताहरूले राख्नुभएको ५ बुँदे माग पूर्ण रूपमा सम्बोधन भएको छ र ८ बुँदे माग पनि पूर्ण रूपमा सम्बोधन भएको छ । संवाद गरेर साझा रूपमा टुंग्याइएको हो,' उनले भने ।

सभापति थापाले महाधिवेशन उद्घाटनका लागि आउन पूर्वसभापति शेरबहादुर देउवालाई आग्रहसमेत गरे । 'अधिवेशनको दिनमा पूर्व पार्टी सभापतिले अधिवेशनको उद्घाटन गरिदिने कुरा हाम्रा निम्ति सम्मानको विषय हुन्छ,' उनले भने ।

थापाले पूर्वपदाधिकारीहरूलाई पनि उनीहरूप्रतिको भरोसा र विश्वासका कारण पार्टीमा ठाउँ दिने गरिएको भन्दै सबैलाई फर्किन आग्रह गरे । 'सँगै अधिवेशन नगरेर छुट्टै गर्नुपर्ने अवस्था पनि छैन । कारण पनि छैन । अरू कहाँ, के-केमा लचकता राख्नुपर्ने हो, त्यस सन्दर्भमा म काम गर्छु, मिलाएर गर्छु,' उनले भने, '३ र ४ असोजको वडा अधिवेशनपछि को विशेष, को अघि को पछि थियो ? भन्ने लाइनलाई बढाउने होइन । यो लाइन मेट्ने हो ।'

### ■ पूर्णबहादुरले दिए देउवासहितको एकताको सुझाव

आफ्नो समूहलाई संस्थापनमा विलय गराएका पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्का आफू भने बैठकमा सहभागी भएनन् । बैठकमा सहभागी नभएका उनले कांग्रेस केन्द्रीय समितिको बैठक सकिएपछि भने सामाजिक सञ्जालमार्फत् पार्टी एकताको माग गरे । उनले ३ असोजदेखि हुने कांग्रेसको वडा अधिवेशन पर सार्न सभापति गगन थापालाई आग्रह गरे । उनले पार्टीमा एकता अझै सम्भव रहेको भन्दै पूर्वसभापति शेरबहादुर देउवासँग वार्ता, संवाद तत्काल प्रारम्भ गर्न आग्रह गरे । '२ वटा अलग-अलग अधिवेशन रोकिएन भने कांग्रेस विभाजन कसैले रोक्न सक्नेछैन,' उनले भने, 'कांग्रेस विभाजनको केही महिनाभित्र एमाले, नेकपालगायत विशेष गरी संविधान निर्माणमा महत्वपूर्ण भूमिकामा रहेका दलहरू विभाजन हुनेछन् ।'


**यस अंकमा**

४० हजारभन्दा बढी उजुरी, आधा स्थानीय तहसँग सम्बन्धित



पृष्ठ ३

अर्गानिक कृषि : प्रतिबन्ध होइन क्रमिक परिवर्तनबाट मात्रै सम्भव छ



फिचर
हृदय राज गौतम

पृष्ठ ५

१८ दिनपछि कृष्णाभिर मा सडक दुईतर्फी खुल्यो, यातायातकर्मी उत्साहित



पृष्ठ ८

मर्स्याङ्दी नदी करिडोर मनाङका हिमतालको जोखिममा



पृष्ठ १०


# स्थानीय तहको उपनिर्वाचन टर्‍यो, प्रदेशसभाको पनि सम्भावना कम

## ■ देशभरका स्थानीय तहमा ८५, प्रदेशसभामा २० र राष्ट्रियसभामा १ सिट रिक्त



● **ऋषिराम भुसाल**, *उपसचिव, निर्वाचन आयोग*

आयोगको रेकर्डअनुसार हालसम्म स्थानीय तहमा जिल्ला समन्वय समितिदेखि गाउँपालिकासम्म ७५ सिट खाली छ । यो पनि प्रमुखदेखि वडाध्यक्षसम्मको मात्र हो । त्यस्तै, प्रदेशसभामा २० र राष्ट्रियसभामा १ सिट खाली छ । यसका साथै दल त्याग गरेका कारण रिक्त रहेको १० पद अद्यावधिक हुन बाँकी छ ।

■ कृष्ण उप्रेती

काठमाडौं । कानुनी प्रावधान हुँदाहुँदै सरकार र निर्वाचन आयोग दुवैको उदासीनताले स्थानीय र प्रदेश तहका दर्जनौं पद लामो समयदेखि खाली छन् । स्थानीय तहका रिक्त पदमा उपनिर्वाचन गर्ने कानुनी समयसीमा सकिएको छ भने प्रदेशसभाको पनि उपनिर्वाचन हुने कुनै छाँटकाँट देखिएको छैन । सरकार र निर्वाचन आयोग दुवैको यसप्रति उदासीनता देखिएको छ ।

२०७९ सालको स्थानीय तह निर्वाचनपछि विभिन्न कारणले रिक्त भएका ८५ पद अब आगामी नियमित निर्वाचनबाट मात्रै पूर्ति हुने देखिएको छ । उता, प्रदेशसभामा लामो समयदेखि रिक्त रहेको २० पदमा पनि उपनिर्वाचनको तयारी अघि बढ्न सकेको छैन ।

गत फागुनको प्रतिनिधिसभा निर्वाचनको सेरोफेरोमा काठमाडौंका मेयर वालेन्द्र शाह, भरतपुर महानगरकी मेयर रेणु दाहाल, धरानका मेयर हर्क साम्पाङलगायत धेरै स्थानीय तथा प्रदेश जनप्रतिनिधिले राजीनामा दिई संघीय संसद्को प्रतिस्पर्धामा होमिए । तीमध्ये केही मात्र निर्वाचित भए । यसका साथै जनप्रतिनिधिको मृत्यु र पार्टी परित्यागका कारण पनि थुप्रै पद रिक्त रहेको अवस्था छ ।

निर्वाचन आयोगको निर्वाचन सञ्चालन शाखाका उपसचिव ऋषिराम भुसालका अनुसार हाल स्थानीय तहमा प्रमुख, उपप्रमुख र वडाध्यक्ष गरी ८५ पद रिक्त छ । जसमा ७५ पदको विवरण अद्यावधिक भइसकेको छ भने पछिल्लो समय पार्टी परित्याग गरेका १० जना जनप्रतिनिधिको पदबारे अन्तिम निर्णय हुन बाँकी छ । त्यस्तै, प्रदेशसभामा २० र राष्ट्रियसभामा १ सिट पनि रिक्त छ ।

'आयोगको रेकर्डअनुसार हालसम्म स्थानीय तहमा जिल्ला समन्वय समितिदेखि गाउँपालिकासम्म ७५ सिट खाली छ । यो पनि प्रमुखदेखि वडाध्यक्षसम्मको मात्र हो । त्यस्तै, प्रदेशसभामा २० र राष्ट्रियसभामा १ सिट खाली छ,' भुसालले भने, 'यसका साथै दल त्याग गरेका कारण रिक्त रहेको स्थानीय तहको १० पद अद्यावधिक हुनै बाँकी छ ।'

कानुनी व्यवस्थाअनुसार स्थानीय तहको हकमा १ वर्ष कार्यकाल बाँकी रहेको र प्रदेशसभामा ६ महिनाको कार्यकाल बाँकी रहँदासम्म उपनिर्वाचन गर्नुपर्ने व्यवस्था छ । तर, स्थानीय तहमा २०७९ वैशाखमा निर्वाचन भएको हिसाबमा अब उपनिर्वाचन नहुने भएको छ भने प्राविधिक र तयारीका कारण प्रदेशसभामा पनि उपनिर्वाचनको सम्भावना क्षीण बन्दै गएको छ ।

### स्थानीय तहमा नहुने भयो उपनिर्वाचन

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३ (२) अनुसार पदावधि १ वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा मात्रै उपनिर्वाचन गर्ने व्यवस्था गरेको छ । २०७९ वैशाखमा निर्वाचित स्थानीय तहका जनप्रतिनिधिको ५ बर्से कार्यकाललाई आधार मान्दा गत वैशाखमै उक्त समयसीमा सकिएको छ । यस हिसाबमा स्थानीय तहको उपनिर्वाचन नहुने पक्का भइसकेको छ । यसअघि १६ मंसिर, २०८१ मा विभिन्न कारणले रिक्त भएका स्थानीय तहका ४४ पदमा उपनिर्वाचन भएको थियो । ▸▸▸ बाँकी पृष्ठ ६

## ■ चाडपर्वको मुखैमा अभावको हल्ला चलाएर कालोबजारी

# सरकारको हस्तक्षेपपछि घटेकै हो त चिनीको मूल्य ?

■ केशव भट्ट

काठमाडौं । नेपालमा जब चाडपर्वको मौसम सुरु हुन्छ, तब बिचौलिया, कालाबजारी तथा गलत मनसाय राखेर उपभोक्तामाथि लुट मच्चाउनेहरूको राज चल्छ । विगत जस्तै यो वर्ष पनि चाडपर्वको मुखैमा चिनीको अभाव हुने हल्ला फिँजाएर प्रतिकिलो ५० रुपैयाँसम्म बढी असुलिएको छ । उद्योगीहरूसँग मौज्दात सकिएको भन्दै साउनको सुरुमा प्रतिकिलो ९५ रुपैयाँ रहेको चिनी भदौको अन्तिमसम्म पुग्दा १५० रुपैयाँभन्दा बढी पुर्‍याइयो । विशेष परिस्थितिबाहेक एकै पटक ठुलो मूल्य वृद्धि गर्न नमिल्ने अन्तर्राष्ट्रिय बजार मान्यताविपरीत पछिल्लो समय चिनीको मूल्य बढाइएको हो

सरकारसँग चिनीको पर्याप्त मौज्दात हुँदाहुँदै पनि मूल्य कसरी बढ्यो ?– जबाफ कसैसँग छैन । सरकारभन्दा बिचौलिया बलिया भएका कारण अनावश्यक हल्ला फिँजाएर बढी मूल्यमा चिनी खरिद गर्न बाध्य पारिएको उपभोक्ता अधिकारकर्मी बताउँछन् ।

चिनीको मूल्य अनावश्यक बढाएको डेढ महिनापछि बल्ल सरकारले काठमाडौं उपत्यकामा प्रतिकेजी ११० रुपैयाँमा चिनी बेच्नुपर्ने व्यवस्था तोकको छ । बजारमा मनलाग्दी मूल्य भएपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बुधबार चिनीको मूल्य तोकिदिएको हो । विभागले काठमाडौं उपत्यकामा नेपाल खुद्रा व्यापार संघ, नेपाल खाद्य किराना तथा थोक संघ, भाटभटेनी सुपरमार्केट, बिगमार्ट, सेल्सबेरीलगायतबाट प्रतिकेजी ११० रुपैयाँमा चिनी बेचिने उल्लेख गरेको छ ।



उपत्यकामा चिनीको अभाव नरहेको स्पष्ट पार्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत उपत्यकाका खुद्रा तथा थोक व्यापारीलाई प्रतिकेजी १०५ रुपैयाँ चिनी बिक्रीको व्यवस्था गरिएको छ ।

सीधै उपभोक्तालाई चिनी बिक्री गर्दै आएको सरकारी कम्पनी खाद्य व्यवस्था तथा व्यापार कम्पनीले काठमाडौं उपत्यकामा प्रतिकिलो १०९ र उपत्यका बाहिर ११० रुपैयाँमा बिक्री गरिरहेको छ । मन्त्रालयले साल्ट ट्रेडिङ कर्पोरेसन र खाद्य व्यवस्था तथा व्यापार कम्पनीमार्फत भारतबाट १ प्रतिशत भन्सारमा २५ हजार मेट्रिक टन चिनी आयात गर्ने प्रक्रिया अघि बढाएको छ ।

खुद्रा व्यवसायीले चिनीको आपूर्ति सहज हुँदै गएको बताएका छन् । नेपाल खुद्रा व्यापार संघको अध्यक्षमा पवित्रमान बज्राचार्यले साल्ट ट्रेडिङबाट चिनी ल्याएर किलोको ११० रुपैयाँमा बिक्री वितरण गर्न सुरु गरिसकिएको बताए । उनले भने, 'साल्ट ट्रेडिङले खुद्रा व्यापारीहरूलाई १०५ रुपैयाँ प्रतिकिलो चिनी दिने भनेको छ । भाडा र अन्य खर्च जोड्दा व्यापारीलाई ११० रुपैयाँ पर्न जान्छ । तर, चाडपर्वको समयमा हामीले नाफा नराखी सोही मूल्यमा बिक्री गर्ने योजना बनाएका छौँ ।' ▸▸▸ बाँकी पृष्ठ ६

# केपी ओलीको दबाब र अडानले एमालेमा सकस

## ■ बिहीबार बस्ने भनिएको बैठक नै डाकेनन् थापाले, अर्को बैठकको मिति पनि तय छैन



■ सौर्य समाचार

काठमाडौं । नेकपा एमालेको निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलको बैठक अनिश्चित भएको छ । कार्यदलको गत बैठकमा संयोजक रामबहादुर थापा बादल र सदस्यसचिव शंकर पोखरेलले छुट्टाछुट्टै प्रतिवेदन ल्याएपछि सहमतिको प्रतिवेदन ल्याउन थापा, महासचिव तथा कार्यदल सदस्यसचिव शंकर पोखरेल र उपाध्यक्ष विष्णु पौडेल सम्मिलित सम्पादन समिति बनाइएको थियो । सो सम्पादन समितिको प्रतिवेदन बिहीबारको बैठकमा पेस गर्ने भनिए पनि बिहीबार बैठक नै बस्न सकेन ।

कार्यदलको म्यान्डेटअनुसार समितिले सहमतिमा प्रतिवेदन तयार गर्न सक्ने अवस्था नभएपछि बैठक अनिश्चित बनेको हो । संयोजक थापाले बिहीबार बैठक नै बोलाएनन् । उनले बैठकको अर्को मिति पनि तोकेका छैनन् ।

'बिहीबार बैठक बसेन । किन बस्न सकेन भन्ने थाहा भएन । बैठकको अर्को मिति तय भएको जानकारी पनि आएको छैन,' कार्यदल सदस्य दामोदर भण्डारीले भने ।

### मध्यमार्गी प्रस्ताव तयार हुनै सकेन

सदस्यसचिव पोखरेलले तयार पारेको प्रतिवेदनमा अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमाथि प्रश्न उठाइएको छ । पार्टीको नीति, नेतृत्व र संगठनको पुनर्गठन उठाइएको उक्त प्रतिवेदनलाई काउन्टर दिँदै ओलीको विकल्प खोज्न नहुने भनेर थापाले प्रतिवेदन ल्याएका थिए । थापाले उक्त प्रतिवेदन आफ्नो नभई अध्यक्ष ओलीकै भएको गत आइतबार र सोमबार काभ्रेमा बसेको कार्यदलको बैठकमा भनेका थिए । ▸▸▸ बाँकी पृष्ठ ६

# ३ पालिकाको लगानीमा दमक–चिसोपानी सडक मर्मत

■ राम योङहाङ

इलाम । वर्षाका कारण क्षतिग्रस्त दमक-चिसोपानी सडक (फाल्गुनन्द मार्ग) को माङसेबुङखण्ड ३ गाउँपालिकाको समन्वयमा मर्मतसम्भार गरिएपछि यातायात सञ्चालन सहज भएको छ। झापाको दमकदेखि इलामको माङसेबुङ गाउँपालिका हुँदै पाँचथरको चिसोपानी पञ्चमी जोड्ने सडकअन्तर्गत बढी समस्याग्रस्त माङसेबुङ वडा-३ भञ्ज्याङदेखि वडा-६ माङमालुङ (रक्से) बजारसम्म मर्मतसम्भार गरिएको हो ।

आफ्ना पालिकाको नागरिकलाई आवतजातवमा सहजताका लागि इलामको माङसेबुङ र फाकफोकथुम एवं पाँचथरको मिक्लाजुङ गाउँपालिकाको संयुक्त लगानीमा सडक मर्मत गरिएको हो । चालु आर्थिक वर्ष २०८३/०८४ को माङसेबुङको १५ लाख, फाकफोकथुमको ७ लाख र मिक्लाजुङको ८ लाखको साझेदारीमा कुल ३० लाख रुपैयाँको लागतमा सडक मर्मत गरिएको माङसेबुङ गाउँपालिका अध्यक्ष हेमन्त राईले बताए ।

विगतका वर्षहरूमा माङसेबुङ गाउँपालिकाले एकल लगानीमा सडक मर्मतसम्भार गर्दै आए पनि यस वर्ष ३ वटै पालिकाको समन्वयमा मर्मतसम्भार गर्दा आर्थिक व्ययभार कम परेको माङसेबुङ गाउँपालिका अध्यक्ष राईले बताए । 'विगतका वर्षहरूमा पनि हामीले यो सडक नियमित रूपमा मर्मतसम्भार गरी आवागमन सहज बनाउँदै आएका थियौँ' अध्यक्ष राईले भने, 'यो वर्ष भने ३ वटा पालिकाको साझेदारीमा मर्मतसम्भार गरिएकाले विगतको तुलनामा आर्थिक व्ययभार कम पऱ्यो ।'



फाकफोकथुम गाउँपालिका अध्यक्ष दिपेन्द्र खनालले झापाको दमक क्षेत्रबाट आफ्नो पालिका आउने सडक दमक-चिसापानी नै भएकाले मर्मतसम्भारमा साझेदारी गरिएको बताए । 'हाम्रो क्षेत्रका नागरिकहरू झापा आवतजावत गर्ने नजिकको सडक यही हो' अध्यक्ष खनालले भने, 'वर्षाका कारण सडक क्षतिग्रस्त भएपछि प्रत्यक्ष लाभान्वित पालिकाहरूबीच समन्वय गरी मर्मतसम्भार गरेका हौं ।'

मिक्लाजुङ गाउँपालिका अध्यक्ष अमर माखिमले वर्षाका कारण क्षतिग्रस्त सडक ३ वटै पालिकाको समन्वयमा मर्मतसम्भार गरी नियमित रूपमा सञ्चालनयोग्य बनाइएको बताए । सडक मर्मतसम्भार भएपछि झापाको दमकबाट इलामका माङसेबुङ र फाकफोकथुम गाउँपालिकासँगै देउमाई नगरपालिका एवं पाँचथरका मिक्लाजुङ, फाल्गुनन्द, तम्बेवा, कुम्मायक गाउँपालिकालगायतका बासिन्दलाई आवतजावत गर्न एवं दैनिक उपभोग्य सामग्री ओसार पसार गर्न सहज भएको छ ।

सडक मर्मतसम्भारपछि सयौँ यात्रुलाई राहत मिलेको माङसेबुङ-२ का सुरेश योङहाङले बताए । 'सडक मर्ततसम्भारपछि माङसेबुङसहित इलाम र पाँचथरका सैयौँ नागरिकको आवागमन सहज भएको छ,' योङहाङले भने, 'अत्यावश्यक सेवा, कृषि उपजको ढुवानी तथा दैनिक उपभोग्य सामग्री ओसारपसारमा समेत सहजता मिलेको छ ।'

**३४ वर्षमा साढे ५ किलोमिटर कालोपत्रे**

सो सडक निर्माण सुरु भएको ३४ वर्षमा साढे ५ किलोमिटर मात्र कालोपत्रे भएको छ । झापा, इलाम र पाँचथरलाई जोड्ने महत्त्वपूर्ण पहुँच मार्गको रूपमा २०४९ सालमा निर्माण थालिएको यो सडकले पूर्णता नपाउँदा स्थानीयले वर्षौंदेखि सास्ती खेप्नुपरेको छ । झापाको दमकस्थित जिरो प्वाइन्टदेखि पाँचथरको चिसोपानी पञ्चमीसम्म ३३ किलोमिटर ट्र्याक खोलिएकोमा अहिलेसम्म साढे ५ किलोमिटर मात्र कालोपत्र छ ।

जिरो प्वाइन्टदेखि माङसेबुङ गाउँपालिका-४ मार्चेबुङसम्म ६.२९ किलोमिटर कालोपत्रे सम्झौता भएको ८ वर्ष पुग्यो । ८ वर्षमा साढे ५.२९ किलोमिटर मात्र कालोपत्रे भएको छ । सो सडक खण्ड कालोपत्रेका लागि २०७५ साउन २९ मा ३० महिनामा सक्नेगरी महालक्ष्मी-किरातेश्वर जेभीले ठेक्का सम्झौता गरेको थियो ।

ठेकेदार कम्पनीले चौथोपटक म्याद थप गर्दा काम सम्पन्न गरेन । अन्तिमपटक थपिएको म्याद २०८० असार मसान्तमा सकियो । २२ करोड ५९ लाख ६४ हजारमा कालोपत्रे गर्ने ठेक्का सम्झौता भएको थियो । हाल ठेकेदार कम्पनी महालक्ष्मी-किरातेश्वर जेभीले दैनिक जरिमानामा काम गरिरहेको सडक डिभिजन दमकका डिभिजन प्रमुख इन्जिनयर श्यामकुमार यादवले बताए ।

**साढे २ वर्षदेखि काम ठप्प**

सो सडकको दोस्रो र तेस्रो खण्डको काम भने साढे २ वर्षदेखि ठप्प छ । दोस्रो खण्ड १५ किलोमिटर र तेस्रो खण्ड ११ किलोमिटर सडक चौडा गर्ने र कालोपत्रे गर्ने ठेक्का लुम्बिनी-गणपति जेभीले पाएको थियो ।

दुवै खण्ड सडक ३ वर्षमा कालोपत्रे सम्पन्न गर्ने गरी २०७६ फागुन २ मा ठेक्का सम्झौता भएको थियो । दोस्रो खण्ड ५४ करोड ४४ लाख ८७ हजारमा र तेस्रो खण्ड ५९ करोड १५ लाख ३५ हजारमा ठेक्का सम्झौता भएको थियो । दुवै खण्डको म्याद २०७९ फागुन २ मा सकिए पनि काम सम्पन्न नभएपछि २०८० पुस मसान्तसम्म म्याद थपियो ।

तर, थपिएको समयमा दोस्रो खण्डमा करिब ६२ प्रतिशत र तेस्रो खण्डमा करिब २८ प्रतिशत मात्र काम गरेर ठेकेदार कम्पनी काम छाडेर हिँड्यो । त्यसपछि सबै काम ठप्प रह्यो ।

ठेकेदार कम्पनी हिँडेपछि २०८० चैत १३ मा सरकारले लुम्बिनी-गणपति जेभीसँग ठेक्का सम्झौता रद्द गरी बैंक ग्यारेन्टी जफत गऱ्यो । त्यसविरुद्ध विपक्षी कम्पनीले उच्च अदालत पाटनमा रिट दायर गरे पनि अदालतले रिट खारेज गरिदियो । यसअघि कम्पनीले जिल्ला अदालत झापामा करार सम्झौताको यथावत परिपालना गराइपाउँ भनी अर्को मुद्दा दायर गरेको थियो ।

सो मुद्दाको सम्बन्धमा जिल्ला अदालत झापाले २०८२ पुस २१ मा 'मध्यस्थताद्वारा विवाद समाधान गराउनुपर्ने' आदेश दिएको थियो । आदेशको कार्यान्वयन हुन बाँकी रहेको सडक डिभिजन प्रमुख इन्जिनियर यादवले बताए ।

**२ वर्षपछि नयाँ ठेक्का आह्वान**

दमक-चिसोपानी सडकको ३३ किलोमिटरमध्ये २६ किलोमिटर सडक कालोपत्रे गर्न सरकारले गत ५ असारमा पुनः नयाँ ठेक्का आह्वान गरेको छ । ठेक्काको आर्थिक प्रस्ताव मूल्यांकनको प्रक्रियामा छ ।

चालु आव २०८३/०८४ बाटै कार्यान्वयन हुने गरी ठेक्का आह्वान गरिएको हो । त्यसका लागि १९ वटा निर्माण कम्पनीले प्राविधिक प्रस्ताव पेस गरेकामध्ये मूल्यांकनमा १८ वटा कम्पनी सफल भएका छन् । अहिले आर्थिक प्रस्तावको मूल्यांकन प्रक्रियामा रहेको सडक डिभिजन दमकका प्रमुख श्यामकुमार यादवले बताए । सो सडक कालोपत्रेका लागि संघीय सरकारले १ अर्ब ६४ करोड रुपैयाँको स्रोत सहमति दिएको छ ।

निर्माण सुरु भएको साढे ३ दशकसम्म पूर्णता नपाएको सडक यसपटक भने पूरा हुनेमा स्थानीयवासी आशावादी छन् । 'वर्षौंदेखि बाटो बन्छ बन्छ मात्र भनियो, तर कहिल्यै बनेन' माङसेबुङ-२ का मिलन लिम्बूले भने, 'नयाँ ठेक्का आह्वान भएपछि आशा पलाएको छ ।'

Government of Lumbini Province
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

## Road Infrastructure Development Office
Butwal, Rupandehi

## Invitation for Bids

**Date of Publication: September 18, 2026 (2083-06-02)**

**IFB No: - 01/RIDORUP/083-84**

1. Road Infrastructure Development Office, Rupandehi invites **sealed bids/ sealed quotations (Hard Copy)** from Nepalese eligible bidders for following construction works under NCB/ SQ bidding procedure.

| S.N. | Project Name | Contract ID | Estimated Amount (NRs) (excluding VAT including PS) | Bid Security Amount NRs |
|---|---|---|---|---|
| 1 | Upgrading of Ncell path dekhi Dakshin tarfako adhuro sadak, Butwal-19, Rupandehi | RIDO/RUP/134/ SQ/083-084/01 | 12,89,187.87 | 36,000.00 |
| 2 | Upgrading of Ranigunj Ramapur purano pokhari dekhi purwa hatbazar jane bato, Butwal-17, Rupandehi | RIDO/RUP/134/ SQ/083-084/02 | 17,24,617.90 | 48,000.00 |
| 3 | Upgrading of Dogana chock dekhi dogana gaaun hudai mohangunj jane sadak, Suddodan Ga.Pa. 3, Rupandehi | RIDO/RUP/134/ SQ/083-084/03 | 17,25,306.92 | 48,000.00 |
| 4 | Upgrading of Siddharthanagar Na. Pa wada no.3 Khajuriya Birpath Awasthit Samyak Pathko Bato, Rupandehi | RIDO/RUP/134/ SQ/083-084/04 | 17,22,897.07 | 48,000.00 |
| 5 | Upgrading of Janak Path Uttar Suryapath Pachhadiko Nalima Dhakkan Si Na Pa-7, Rupandehi | RIDO/RUP/134/ SQ/083-084/05 | 17,22,722.41 | 48,000.00 |
| 6 | Upgrading of Omsatiya ward No.-01,Narayan Oil Mill Dakshin Purwa Tilotama -16 Jodane Adhuro Sadak,Rupandehi | RIDO/RUP/134/ SQ/083-084/06 | 12,93,068.17 | 36,000.00 |
| 7 | Upgrading of (i) Jibram Pathdekhi Mahendra Rajmarg Jodne Devkota Marga Ti.Na Pa 02,Rupandehi (ii) Trishakti Pashupati Tol Antargat Ishowri Path Adhuro Sadak Ti.Na Pa 02,Rupandehi | RIDO/RUP/134/ SQ/083-084/07 | 17,12,538.73 | 48,000.00 |
| 8 | Upgrading of Ti.Na.Pa Ward 01,Rupandehi Buddha Bihar Dekhi Shantinagar Chowk Samma Sadak | RIDO/RUP/134/ SQ/083-084/08 | 17,15,231.05 | 48,000.00 |
| 9 | Upgrading of Sagar Path (Purwa Tarfa )Tilottama 01 Rupandehi | RIDO/RUP/134/ SQ/083-084/09 | 17,23,518.97 | 48,000.00 |
| 10 | Upgrading of Krishana Baral ko Ghar dekhi Ran Bahadur Thapa ko Ghar Samma Sadak Devdaha-06,Rupandehi | RIDO/RUP/134/ SQ/083-084/10 | 12,92,280.61 | 36,000.00 |
| 11 | Upgrading of Naramaya Rana ko Ghar Dekhi Ran Bahadur ko Khet samma Nala Sahit Batto, Devdaha-6,Rupandehi | RIDO/RUP/134/ SQ/083-084/11 | 12,92,721.26 | 36,000.00 |
| 12 | Upgrading of Hariyali Path Nayacolony Adhuro Bato RCC Dhalan Si Na Pa-9, Rupandehi | RIDO/RUP/134/ NCB/083-084/12 | 38,78,613.96 | 1,09,000.00 |
| 13 | Upgrading of Naya Colony Dekhi Himali Path Jodne Ahuro Sadak, Si Na Pa-9, Rupandehi | RIDO/RUP/134/ NCB/083-084/13 | 43,09,941.75 | 1,21,000.00 |
| 14 | Upgrading of Rishikesh Path Naya Colony Adhuro Sadak, Si Na Pa-9, Rupandehi | RIDO/RUP/134/ NCB/083-084/14 | 30,16,483.59 | 84,000.00 |
| 15 | Upgrading of Traffic Chowk Dekhi Prabhatpath Samma (Bhanupath) Sadak, Si Na Pa- Rupandehi | RIDO/RUP/134/ NCB/083-084/15 | 60,37,671.72 | 1,69,000.00 |
| 16 | Upgrading of Namaste tole suddodan path hudai naya Butwalko F tole path adhuro sadak, Butwal Upamahanagarpalika-17, Rupandehi | RIDO/RUP/134/ NCB/083-084/16 | 25,82,079.87 | 72,000.00 |
| 17 | Badaula Khola Bridge (Approach Road Works) | RIDO/RUP/314/ NCB/083-084/17 | 68,95,967.58 | 1,93,000.00 |
| 18 | Upgrading of Punam Sinjali ko Ghar Dekhi Humpe pipe Company Hudai Butwal-Bhairahawa Sadak Jodane Bato, Omsatiya-01,Rupandehi | RIDO/RUP/134/ NCB/083-084/18 | 21,54,233.22 | 60,000.00 |
| 19 | Upgrading of Buddha Chowk dekhi Minarwaha School Jane Sadak, Omsatiya-01,Rupandehi | RIDO/RUP/134/ NCB/083-084/19 | 25,85,052.71 | 72,000.00 |
| 20 | Upgrading of Tilattoma 02 Chapagain Path-05 Bed Prashad Bhandariko Ghar Hudai Jane Bato | RIDO/RUP/134/ NCB/083-084/20 | 21,54,826.92 | 60,000.00 |
| 21 | Upgrading of Loka Gulmeli Path Sadak,Ti Na Pa 01,Rupandehi | RIDO/RUP/134/ NCB/083-084/21 | 25,85,384.13 | 72,000.00 |
| 22 | U[grading of Laxmi Tol Bikas sanstha Antargat Milijuli Path, Tilottama 02, Rupandehi | RIDO/RUP/134/ NCB/083-084/22 | 21,54,792.92 | 60,000.00 |
| 23 | Upgrading of Milan Chowk Dekhi Uttar Jane Bato Nali Sahit Kalopatre devdaha-06,Rupandehi | RIDO/RUP/134/ NCB/083-084/23 | 25,86,057.43 | 72,000.00 |
| 24 | Upgrading of Sithu Kumal ko Ghar Dekhi Bankitta Samma Jodane Adhuro Nali Sahit Kalopatare Devdaha-08,Rupandehi | RIDO/RUP/134/ NCB/083-084/24 | 30,17,060.18 | 84,000.00 |
| 25 | Upgrading of Siddhartha Path Ti.Na.Pa. 02 Rupandehi | RIDO/RUP/134/ NCB/083-084/25 | 25,85,741.15 | 72,000.00 |

For SQ, S.N. 1-11, Bid Validity Period is: 45 days from bid submission deadline and Bid Security shall be valid for 30 days beyond the validity period of the bid (**i.e. 8th *December, 2026***)

For NCB, S.N. 12-25, Bid Validity Period is: 90 days from bid submission deadline and Bid Security shall be valid for 30 days beyond the validity period of the bid (**i.e. 5th *February, 2027***)

2. **Purchase, Submission and Opening of Bid:**
   A complete set of Bidding Documents may be purchased from the Road Infrastructure Development Office, Butwal, Rupandehi office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, license, tax clearance certificate of FY 2081/082, original voucher of cash deposit for cost of bidding document in the revenue account as specified below.

| For S.N. | Bid Document Fee | Last date of Bid Purchase | Last date of Bid Submission | Opening of Bid |
|---|---|---|---|---|
| 1-11 (SQ) | 1000 | 24th September, 2026 during office hours | Date: 25th September, 2026, Time: 12:00 hrs | Date: 25th September, 2026, Time: 13:00 hrs |
| 12-25 (NCB) | 3000 | 8th October, 2026 during office hours | Date: 9th October, 2026, Time: 12:00 hrs | Date: 9th October, 2026, Time: 13:00 hrs |

**Revenue Account Details:**

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Provincial Treasury and Controller Office, Butwal Rupandehi | Rastriya Banijya Bank | Butwal Branch | 1000100200010000 (Rajaswa) | Office code: 3370148025, Road Infrastructure Development Office,Rupandehi<br>Revenue Heading no: 14229 |

   Sealed bids/quotations must be submitted to the Road Infrastructure Development Office, Butwal, Rupandehi by hand/courier on or before last date of bid submission as specified above. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the date as specified above, at the Road Infrastructure Development Office, Butwal, Rupandehi.
3. For NCB, Pre-bid meeting shall be held at Road Infrastructure Development Office, Butwal, Rupandehi at 28th September, 2026, 13:00 hrs.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# निजामती सेवा विधेयक ल्याउने तयारी, लोकसेवा आयोगको परामर्श कुर्दै सरकार

■ सौर्य समाचार

काठमाडौं । सरकारले संघीय निजामती सेवा विधेयकलाई अन्तिम रूप दिई संघीय संसद्मा पेस गर्ने तयारी अघि बढाएको छ । विधेयकको मस्यौदामा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयको राय प्राप्त भइसकेकाले अहिले लोकसेवा आयोगको परामर्श लिने प्रक्रिया अघि बढाइएको हो । संविधानअनुसार निजामती सेवासम्बन्धी कानुन निर्माण गर्दा लोकसेवा आयोगसँग परामर्श लिनुपर्ने भएकाले मस्यौदा आयोगमा पठाइएको हो । आयोगको परामर्श प्राप्त भएपछि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यक संशोधनसहित विधेयक मन्त्रिपरिषद्मा पेस गर्ने तयारी गरेको छ ।

मन्त्रालयका प्रवक्ता एकदेव अधिकारीले एक साताभित्र लोकसेवा आयोगको परामर्श प्राप्त हुने अपेक्षा गरिएको बताए । उनका अनुसार प्रस्तावित विधेयकमा निजामती कर्मचारीको अवकाशसम्बन्धी नयाँ व्यवस्था गरिएको छ । जसअनुसार एकपटकका लागि ३० वर्ष सेवा अवधि वा ५५ वर्ष उमेर पुगेका कर्मचारीलाई अवकाश दिने र त्यसपछि अवकाशको उमेर ६० वर्ष कायम गर्ने प्रस्ताव छ । ५५ वर्षमा अवकाश पाउने कर्मचारीले ५८ वर्षसम्म पाइरहेको सुविधामा प्रतिकूल असर नपर्ने गरी व्यवस्था गरिने उनले बताए ।

विधेयकमा कर्मचारीको सरुवा, पदस्थापन, बढुवा, कार्यसम्पादन मूल्यांकन तथा सेवाप्रवाहलाई सूचना प्रविधिमा आधारित बनाउने प्रस्ताव गरिएको छ । एउटै कार्यालयको एउटै पद र समान जिम्मेवारीमा कर्मचारीलाई ४ वर्षभन्दा बढी नराख्ने तथा राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका कर्मचारीलाई २ वर्ष र सहायकस्तरका कर्मचारीलाई ३ वर्ष पूरा नभई अन्तरमन्त्रालय सरुवा नगर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

कार्यालय प्रमुख, विभागीय प्रमुख तथा आयोजना प्रमुखको कार्यसम्पादन सम्झौता गरी त्रैमासिक रूपमा मूल्यांकन गर्ने, नेतृत्व क्षमता तथा कार्यदक्षताका आधारमा जिम्मेवारी तोक्ने र मूल्यांकनको नतिजालाई सार्वजनिक गर्ने प्रस्ताव पनि मस्यौदामा छ । कर्मचारीको कार्यसम्पादन कमजोर भएमा वा व्यक्तिगत बेरुजु रहेमा बढुवा तथा मनोनयन रोक्का गर्न सकिने व्यवस्था प्रस्ताव गरिएको छ । त्यस्तै, सूचना प्रविधि क्षेत्रको जनशक्तिलाई आकर्षित गर्न नेपाल सूचना प्रविधि सेवा गठन गर्ने, कर्मचारीको अभिलेख तथा सरुवा-पदस्थापनसम्बन्धी काम विद्युतीय प्रणालीबाट गर्ने र प्रत्येक २ वर्षमा सबै तहका निकायको मानव संसाधन अडिट गर्ने प्रस्ताव गरिएको छ ।

विधेयकमा स्वार्थको द्वन्द्व रोक्ने, राजनीतिक गतिविधिमा संलग्न हुने कर्मचारीमाथि कारबाही गर्ने तथा निजामती सेवामा ट्रेड युनियन नराख्ने प्रस्तावसमेत गरिएको छ । संघ, प्रदेश र स्थानीय तहबीच कर्मचारी व्यवस्थापन तथा अन्तरतह सरुवालाई कानुनी रूपमा स्पष्ट गर्ने विषयलाई पनि मस्यौदामा समेटिएको छ । लोकसेवा आयोगका प्रवक्ता पुरुषोत्तम शर्माले सरकारबाट परामर्शका लागि प्राप्त विधेयकमाथि आयोगमा अध्ययन भइरहेको बताए । आयोगका नियमित पदपूर्ति तथा अन्तर्वार्तालगायतका कामसँगै विधेयकमाथि आवश्यक अध्ययन भइरहेको उनले जानकारी दिए ।

■ अख्तियारको ३६औँ वार्षिक प्रतिवेदन

# ४० हजारभन्दा बढी उजुरी, आधा स्थानीय तहसँग सम्बन्धित

भ्रष्टाचारसम्बन्धी १७५ मुद्दा दायर, ९९० प्रतिवादीविरुद्ध २५ अर्बको बिगो मागदाबी



■ सौर्य समाचार

काठमाडौँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आर्थिक वर्ष २०८२/८३ मा ४० हजार ८४२ वटा उजुरी दर्ता भएका छन् । आयोगको वार्षिक प्रतिवेदनअनुसार दर्ता भएका कुल उजुरीमध्ये सबैभन्दा बढी २० हजार २५ वटा अर्थात् ४९.३ प्रतिशत स्थानीय तहसँग सम्बन्धित छन् । आयोगले बिहीबार आफ्नो ३६औँ वार्षिक प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष बुझा( एको थियो ।

आयोगका अनुसार आयोगले गत आवमा विभिन्न माध्यमबाट प्राप्त ३३ हजार ५१९ नयाँ उजुरी र अघिल्लो आवबाट जिम्मेवारी सरेका ७ हजार ३२३ गरी कुल ४० हजार ८४२ उजुरी कायम गरेको हो । तीमध्ये ३२ हजार ८२३ अर्थात् ८०.३७ प्रतिशत उजुरी प्रारम्भिक छानबिन तथा स्क्रिनिङबाट फर्स्योट भएका छन् । फर्स्योट हुन बाँकी ८ हजार १९ उजुरी चालु आवमा जिम्मेवारी सरेका छन् ।

प्रतिवेदनअनुसार संघीय सरकारसँग सम्बन्धित १५ हजार ५१२ र प्रदेश सरकारसँग सम्बन्धित ५ हजार ३०५ उजुरी रहेका छन् । संघीय मन्त्रालयअन्तर्गत सबैभन्दा बढी भूमि मन्त्रालयको सरेको र आव २०८३/८४ मा दर्ता भएको समेत गरी ३ हजार ३६ उजुरी कायम भएको छ । प्रदेशगत रूपमा सबैभन्दा बढी उजुरी बागमती प्रदेशसँग सम्बन्धित १३ हजार २१४ वटा छन् भने सबैभन्दा कम गण्डकी प्रदेशसँग सम्बन्धित २ हजार ६३५ वटा छन् ।

स्थानीय तहअन्तर्गत मधेस प्रदेशका स्थानीय तहसँग सम्बन्धित उजुरी सबैभन्दा बढी ७ हजार ३७० अर्थात् ३६.८० प्रतिशत रहेका छन् । स्थानीय तहगत रूपमा सबैभन्दा बढी उजुरी काठमाडौँ महानगरपालिकासँग सम्बन्धित ४४१ वटा छन् । त्यसपछि पोखरा महानगरपालिकासँग ३७२ वटा उजुरी रहेका छन् ।

विषयगत रुपमा हेर्दा संघीय मामिला क्षेत्रसँग सम्बन्धित उजुरी सबैभन्दा बढी १४ हजार ४३९ अर्थात् ३५.३५ प्रतिशत छन् । त्यसपछि शिक्षा क्षेत्रका ५ हजार ९९१, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी २ हजार ८९२, भूमि प्रशासनसम्बन्धी २ हजार ७६५ र गृह प्रशासनसम्बन्धी १ हजार ८३६ उजुरी रहेका छन् ।

आयोगले गत आवमा भ्रष्टाचारसम्बन्धी १७५ वटा मुद्दा विशेष अदालतमा दायर गरेको छ । तीमध्ये सार्वजनिक सम्पत्ति हानि-नोक्सानीसम्बन्धी ५६, घुससम्बन्धी ४१ र गैरकानुनी लाभ वा हानिसम्बन्धी २७ मुद्दा रहेका छन् । ती मुद्दामा ९९० जना प्रतिवादीविरुद्ध कैद तथा जरिमानाका अतिरिक्त २५ अर्ब २३ करोड ६५ लाख ९७ हजार ९८९ रुपैयाँ ८२ पैसा बिगो मागदाबी गरिएको छ ।

> आयोगले दायर गरेका मुद्दामा कायम प्रतिवादीमध्ये ५४९ जना राष्ट्रसेवक कर्मचारी, ७ जना संघीय मन्त्री, ५० जना निर्वाचित जनप्रतिनिधि र २२ जना राजनीतिक नियुक्ति पाएका व्यक्ति रहेका छन् । कर्मचारीतर्फ ११ जना विशिष्ट श्रेणी, ३३ जना सहसचिव, ९८ जना उपसचिव, २०२ जना शाखा अधिकृत तथा २०५ जना सहायकस्तरका कर्मचारी छन्

प्रतिवादीमध्ये ५४९ जना राष्ट्रसेवक कर्मचारी, ७ जना संघीय मन्त्री, ५० जना निर्वाचित जनप्रतिनिधि र २२ जना राजनीतिक नियुक्ति पाएका व्यक्ति रहेका छन् । कर्मचारीतर्फ ११ जना विशिष्ट श्रेणी, ३३ जना सहसचिव वा सोसरह, ९८ जना उपसचिव वा सोसरह, २०२ जना शाखा अधिकृत वा सोसरह तथा २०५ जना सहायकस्तरका कर्मचारी रहेका छन् ।

आयोगले गत आवमा विशेष अदालतबाट फैसला भएका १५६ मुद्दामध्ये ८१ अर्थात् ५१.९२ प्रतिशत मुद्दामा कसुर कायम भएको जनाएको छ । आयोगले भ्रष्टाचार नियन्त्रणका लागि अनुसन्धानको गुणस्तर र संस्थागत क्षमता बढाउनुपर्ने तथा भ्रष्टाचार नियन्त्रण आयोगको मात्र नभई राज्यका सबै संयन्त्र, निजी क्षेत्र, नागरिक समाज र सञ्चार क्षेत्रको साझा जिम्मेवारी भएको उल्लेख गरेको छ ।

# पाठ्यक्रम प्रारूप परिमार्जनका लागि २५ हजारभन्दा बढी सुझाव संकलन

■ सौर्य समाचार

काठमाडौँ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ परिमार्जनका लागि देशभरबाट रचन( ात्मक सुझाव संकलन भएका छन् । नैतिक शिक्षा, संस्कार, कृत्रिम बुद्धिमत्ता (एआई), कोडिङ, जलवायु परिवर्तन, सीप तथा उद्यमशीलतालाई प्राथमिकताका साथ पाठ्यक्रममा समेट्नुपर्ने विषय सकारात्मक रूपमा समेटिएका छन् ।  सातै प्रदेशमा सञ्चालन गरिएको सुझाव तथा पृष्ठपोषण संकलन अभियानमा २५ हजारभन्दा बढी व्यक्ति सहभागी थिए ।

पाठ्यक्रम विकास केन्द्रले २८ जिल्लाका नगरपालिका, गाउँपालिका, विद्यालय तथा कक्षाकोठासम्म पुगेर विद्यार्थी, शिक्षक, अभिभावक, स्थानीय तह तथा अन्य सरोकारवालासँग प्रत्यक्ष अन्तरक्रिया गरेको थियो । केन्द्रका कार्यकारी निर्देशक महेन्द्र पराजुलीले पाठ्यक्रम गतिशील दस्तावेज भएकाले समयअनुसार परिमार्जन तथा अद्यावधिक आवश्यक रहेको बताए । उनले विज्ञसँगै पाठ्यक्रमका प्रमुख प्रयोगकर्ता तथा सरोकारवालालाई प्रत्यक्ष रूपमा सहभागी गराई सुझाव संकलन गरिएको जानकारी दिए ।

कोसीमा ७, मधेसमा १०, बागमतीमा ५, गण्डकीमा ६, लुम्बिनीमा ८, सुदूरपश्चिममा ५ र कर्णालीमा ५ केन्द्रमा कार्यक्रम आयोजना गरिएको थियो । मधेस प्रदेशमा सबैभन्दा बढी १० केन्द्रमा कार्यक्रम गरिएको थियो ।

पर्साको वीरगन्ज, बाराको कलैया, रौतहटको चन्द्रपुर, सर्लाही, धनुषाको जनकपुरधाम, महोत्तरीको बर्दिवास, औरही, सिराहा तथा सप्तरीका विभिन्न स्थानमा विद्यालय, स्थानीय तह, मन्त्रालय तथा शैक्षिक संस्थाका प्रतिनिधिसँग छलफल गरिएको थियो । यस क्रममा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलसहित मन्त्रालयको उच्चस्तरीय टोलीले २६ देखि २९ भदौसम्म मधेस प्रदेशका विभिन्न जिल्लामा पुगेर विद्यार्थी तथा सरोकारवालासँग छलफल गरेको थियो ।

वीरगन्जस्थित निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (व्याब्सन), कलैयाको दुर्गा माध्यमिक विद्यालय, चन्द्रपुर नगरपालिका, सर्लाहीको चतुर्भुजेश्वर जनता माध्यमिक विद्यालय, जनकपुरधामस्थित शिक्षा तथा संस्कृति मन्त्रालय, बर्दिवासको जनता माध्यमिक विद्यालय, सिरहाको प्राविधिक धारको जनता माध्यमिक विद्यालय, मदरसा, औरही गाउँपालिका तथा सप्तरीमा सरोकारवालासँग छलफल गरिएको थियो ।

**यस्ता छन् सुझाव र माग**

सरोकारवालाले पाठ्यक्रमलाई व्यावहारिक बनाउनुपर्ने सुझाव दिएका छन् । विद्यालय तहदेखि नै शिक्षासँगै सीप, व्यावसायिक ज्ञान तथा उद्यमशीलता विकासमा जोड दिनुपर्ने उनीहरुको सुझाव थियो । सूचना प्रविधिको तीव्र विकासलाई ध्यानमा राख्दै एआई तथा कोडिङसम्बन्धी ज्ञानलाई विद्यालय शिक्षासँग जोड्नुपर्ने विषय पनि प्राथमिकताका साथ उठेको छ ।

त्यस्तै, जलवायु परिवर्तनसँग अनुकूलन गर्न आवश्यक ज्ञान तथा सीप, विपद्जन्य घटना र विपद् व्यवस्थापनसम्बन्धी विषयलाई पाठ्यक्रममा समावेश गर्नुपर्ने सुझाव प्राप्त भएका थिए । नैतिक शिक्षा र संस्कारमा आधारित शिक्षालाई बलियो बनाउनुपर्ने विषय छलफलमा उठेको थियो । सरोकारवालाले शिक्षकको पेसागत विकास तथा शिक्षक तयारीलाई पाठ्यक्रम सुधारसँगै प्राथमिकतामा राख्नुपर्ने सुझाव दिएका छन् ।

त्यसैगरी, पाठ्यक्रम, शिक्षण विधि तथा मूल्यांकन प्रणालीमा समावेशितालाई थप प्रभावकारी बनाउनुपर्ने सुझाव प्राप्त भएको छ । विद्यालयमा 'बुक फ्री डे' तथा 'ब्यागलेस डे' जस्ता अभ्यासलाई प्रभावकारी रूपमा अघि बढाउनुपर्ने सुझावसमेत दिइएको छ । केन्द्रका अनुसार सरोकारवालाबाट प्राप्त सुझावसँगै विज्ञले तयार पारेका १२ वटा थिमेटिक पेपर तथा विभिन्न अनुसन्धान प्रतिवेदनका निष्कर्षलाई समेत पाठ्यक्रम परिमार्जनमा आधार बनाइनेछ । देशभरबाट संकलित सुझाव तथा पृष्ठपोषणको विश्लेषण गरी विज्ञ, अनुसन्धानकर्ता तथा सरोकारवालाबाट प्राप्त सुझावलाई एकीकृत गरेर राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ परिमार्जनको कार्य अघि बढाइने केन्द्रले जनाएको छ ।


## Sandakpur Rural Municipality
### Office of Municipal Executive
**Mabumod, Deurali, Ilam**

**Invitation for Hard Bids**

**Bid Notice No.: 02**
**First Date of Publication: 2083/06/02 (Sep.18, 2026)**

1. **Sandakpur Rural Municipality, Sandakpur, Ilam** invites sealed bids or Hard Bids from Nepalese eligible bidders for the construction of following works under **National Competitive Bidding procedures.**

| S. N. | Contract Identification No. | Description of Works | Estimated Amount (Excluding VAT), NRs. | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | SRM/NCB/ WORKS/2083/084-2 | Deurali Maipatal Jitpale Ramkhark Teke Golae Road Construction Work | 90,80,981.67 | 3000/- | 2,70,000/- |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Municipal Executive, Sandakpur, Ilam, www.sandakpurmun.gov.np.

**Chief Administrative Officer**

## Barahapokhari Rural Municipality
### Office of Rural Municipal Executive
**Baghkhor Bhanjyang, Khotang**
**Koshi Province, Nepal**

**NOTICE OF INVITATION FOR BIDS**

**Publication Date: 2083/06/02 (A.D. 18 Sept, 2026)**

The tender notices S.n 1 & 2 previously published by this Rural Municipality through the PPMO e-GP System on 2083/05/08, (A.D.24 Aug, 2026) have been cancelled due to the technical issues currently encountered in the PPMO e-GP System. Accordingly, this notice is hereby published for the information of all concerned, incorporating the necessary details as set forth below.

1. Barahapokhari Rural Municipality, Baghkhor Bhanjyang, Khotang invites bids (Hard Copy Only) from eligible bidders for the following work under NC Procedures specified in Public Procurement Act and Regulation for the following works.

| S.N | Contract ID No. | Name of the Project | Estimated Amount With VAT & PS (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period / Bid Security Validity Period | Bid Document Fee(NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | BPRM-KHOTANG-NCB-WORKS-ROAD-03-2083/084 | Construction, Upgrading and Maintenance Works of Various Roads within Ward No.2, Khotang. | NRs. 50,39,191.02 | 112,000.00 | 90/120 Days | 3000.00 |
| 2 | BPRM-KHOTANG-NCB-WORKS-BUILDING-04-2083/084 | Construction Of Saunechaur Health Post Building At Barahapokhari R.M.Ward -3,Khotang | NRs.87,29,209.15 | 194,000.00 | 90/120 Days | 3000.00 |

2. **Bid Purchasing, Submission, Pre-bid and Opening of bids:**

| Bid Purchasing Deadline | Last Date of Submission of Bid | Date and Time for Bid Opening | Date and Time for Pre- Bid meeting |
|---|---|---|---|
| 2083/06/22 B.S. (A.D. Oct 8, 2026) Till Office hours. | 2083/06/23 B.S. (A.D. Oct 9, 2026) Time:12:00 Hrs Noon | 2083/06/23 B.S. (A.D. Oct 9, 2026) Time:2:00 Hrs Noon (For NCB Procedure) | At Barahapokhari Rural Municipality on 2083/06/14 (A.D. Sep 30, 2026) at 13:00 Hrs. |

3. **Bank Account Details:**

| | Account Name | Bank Name: | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|---|
| 1 | Barahapokhari Gaupalika Ga1.1 Antarik Rajaswa Khata | **Laxmi Sunrise Bank Ltd** | **Barahapokhari Branch** | **0940620706703006 (Rajaswa)** | **14229 (Revenue)** |
| 2 | Barahapokhari Gaupalika GA 3.1 (Sthaniya tatha Dharauti Khata) | | | **0940620706703004 (Dharauti)** | **Office Code: 80108506** |

4. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Barahapokhari Rural Municipality, Baghkhor Bhanjyang, Khotang, Phone No 9860219208, Email Id: info@barahapokharimun.gov.np.
5. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulation, 2064 and other prevailing rule and regulations of Nepal.

**Chief Administrative Officer**

## Gauriganga Municipality
### Office of Municipal Executive
**Sudurpaschim Pradesh, Nepal**

**Invitation for Bids**

**Date of publication: 2026/09/18, Ashoj 2nd 2083**

1. **The Office of Municipal Executive**, ***Gauriganga Municipality, Chaumala, Kailali*** invites Sealed bids from Nepalese eligible bidders for Various Jobs under National Competitive Bidding Single Stage Single Envelope procedures..

| S. N | Contract ID | Description | Last submission date | Opening Date | Bid Security (Nrs) | Bid Validity and Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | GGM/GOODS/NCB/ 01/2083/084 | Supply and Delivery of Jeep (SUV) as per approved technical specification for Gauriganga Municipality | ***12:00 Hours*** *on October* ***9th, 2026 (Asoj 23th, 2083)*** | ***13:00 Hours*** *on* ***October 9th, 2026 (Asoj 23th, 2083)*** | 2,00,000/- | 90 days and 120 days from the Deadline of Bid Submission |

2. A complete set of Bidding Documents may be purchased from the office ***Gauriganga Municipality, Kailali*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 3000.00 during office hours. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **the Office of Municipal Executive**, Gauriganga Municipality, Chaumala, Kailali, Tel No. 091-418060, Email: info.gaurigangamun@gmail.com, website www.gaurigangamun.gov.np

Name of the Bank: **NIC ASIA Bank, Chaumala Kailali**
Office Code no.: **1126671**
Office Account Name.: **Dhaurati Khata,**
Office Account Name.: **Rajaswa Khata,**

Name of Office: **Gauriganga Municipality**
Rajaswa Shrishak no: **14229**
Account no Dharauti .: **71CA500982524004**
Account no Rajaswa .: **0712050028062002**

**Chief Administrative Officer**

## सम्पादकीय

# पुरुष कर्मचारीलाई लामो सुत्केरी स्याहार बिदाले उब्जाएका प्रश्न

दक्षिण एसियाका कतिपय देशको तुलनामा 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य'को क्षेत्रमा नेपालको प्रगति सन्तोषजनक रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदनमा उल्लेख हुनु हाम्रा लागि खुसीको विषय हो । यद्यपि, वास्तविकता कतिसम्म कहालीलाग्दो छ भन्ने केही दिनअघि सप्तरीको गजेन्द्रनारायण सिंह अस्पतालको प्रांगणबाहिर सडकपेटीमा बच्चा जन्माउन बाध्य भएकी बबिता पासवानको घटनाले छरपष्ट पारेको छ । गर्भवती तथा सुत्केरीको सुरक्षा तथा नवजात शिशुको भविष्य अझै उन्नत बनाउने उद्देश्यका साथ 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५' लाई संशोधन गरी अझै बढी सुविधा प्रदान गर्ने गृहकार्य वा तयारीमा मुलुक रहेकै बेला राजविराजको यो घटना हाम्रा विधि निर्माता सांसदहरूका लागि गम्भीर मार्गनिर्देशन हुन सक्छ मात्रै होइन कि हुनै पर्छ । किनकि यो घटना भनेको विद्यमान संवैधानिक, कानुनी तथा अन्य व्यवस्था कार्यान्वयन हुन नसकेको अवस्था हो । गर्भवती, सुत्केरी तथा नवजात शिशुलाई अझै बढी सुविधा प्रदान गर्ने सरकारको तयारीलाई झट्ट हेर्दा दूरदर्शी मान्नै पर्ने हुन्छ । यस्ता मामिलामा राज्यबाट लगानी बढ्नु भनेको भविष्यमा सबल र समुन्नत जनशक्ति उत्पादन गर्नु हो । तर, विद्यमान व्यवस्था कार्यान्वयन गर्न नै आर्थिक तथा व्यवस्थापकीय चुनौतीका कारण राज्य चुकिरहेको अवस्थामा थप सुविधा प्रदान गर्ने गरी कानुन निर्माण गर्नु क्षणिक लोकप्रियतावादको उपज मात्रै त होइन भन्ने प्रश्नमा हाम्रा विधि निर्माता सांसदहरू सजग हुनु जरुरी छ ।

विद्यमान व्यवस्थाअनुसार महिलाले सुत्केरी बिदा ३ महिना र पुरुषले पत्नी सुत्केरी हुँदा १५ दिनको स्याहार बिदा पाउँछन् । सरकारले विधेयक संशोधन मस्यौदामा यो सुविधा महिलाका लागि ६ महिना र पुरुषका लागि ४२ दिन पुऱ्याउने प्रस्ताव गरेको छ । कानुन बनाउने तथा संशोधन गर्ने जिम्मेवारी संसद्को भए पनि सामान्यतया हाम्रो देशमा यसको मस्यौदा लेखनको काम सरकारी कर्मचारीद्वारा अघि बढाउने प्रचलन छ । त्यसैले कर्मचारीहरूको सेवा-सुविधासम्बन्धी कानुनी मस्यौदा तयार गर्दा 'आफ्नै हात जगन्नाथ' गर्दै विभिन्न निहुँमा मनग्गे सेवा-सुविधा समावेश गर्ने प्रचलन रहिआएको छ । यतिबेला सुत्केरी बिदा महिलाका लागि ३ महिनाको सट्टा ६ महिना पुऱ्याउने गृहकार्य केही हदसम्म सकारात्मक भए पनि पुरुषका लागि १५ दिनको ठाउँमा ४२ दिन पुऱ्याउने प्रयास सरासर 'आफ्नै हात जगन्नाथ' भन्ने उखान चरितार्थ गरिने त होइन भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो । पहिलो कुरा त हाम्रोभन्दा कैयौँ गुणा बढी आर्थिक तथा व्यवस्थापकीय क्षमता भएका छिमेकी देश चीन र भारतले समेत पुरुषलाई यति लामो सुत्केरी स्याहार बिदा दिने आँट गरेका छैनन् । उनीहरूले क्रमशः ७ दिन र १५ दिन बिदा दिने गरेको देखिन्छ । दोस्रो कुरा विद्यमान कानुनी व्यवस्थालाई निजी तथा अनौपचारिक क्षेत्रमा कार्यान्वयनमा लैजान नेपालले मात्रै होइन, छिमेकी देश भारतले समेत नसकिरहेको अवस्थालाई अनदेखा गर्न मिल्दैन ।

गर्भवती, सुत्केरी तथा नवजात शिशुको सेवा तथा सुविधा एकैचोटि दोब्बरभन्दा बढी बनाउने यो प्रयास राज्य आफैँ रोजगारदाता हुने सरकारी कर्मचारीका हकमा विधेयकमा लालमोहर लागेर राजपत्रमा प्रकाशित भए लगत्तै कार्यान्वयन हुने कुरामा शंका छैन ।

तर निजी क्षेत्रमा कार्यरत श्रमिकका लागि ६ महिनाको सुत्केरी बिदा र ४२ दिनको सुत्केरी स्याहार बिदा कार्यान्वयन ठुलो चुनौतीको मामिला हो । त्यसमा पनि अनौपचारिक क्षेत्रमा त अहिलेको परिवेशमा यो असम्भव हो । जबकी देशका कुल रोजगारीमध्ये सरकारी निकायमा रोजगारी पाउनेको संख्या ५ प्रतिशतभन्दा माथि छैन । ९५ प्रतिशत गर्भवती, सुत्केरी तथा नवजात शिशुका लागि समान रूपमा कानुन कार्यान्वयन गर्न सम्भव छैन भन्ने व्यवहारतः पुष्टि भइसकेको अवस्थामा सरकारले यस्तो व्यवस्था 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५' संशोधनको माध्यमबाट होइन कि सरकारी कर्मचारीसम्बन्धी ऐनहरू संशोधनको माध्यमबाट अघि बढाउनु व्यावहारिक हुन्छ । तर, यसको अर्थ निजी तथा अनौपचारिक क्षेत्रमा अहिले जे-जस्तो अवस्था छ, त्यसैलाई निरन्तरता दिइनुपर्छ भन्ने होइन । निजी क्षेत्रका प्रतिष्ठानहरूलाई अनिवार्य रूपमा सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सकियो भने, सुविधा प्रदान गर्ने रोजगारदातालाई विभिन्न सहुलियत दिने प्याकेज ल्याउन सकियो भने विद्यमान कानुनी व्यवस्था औपचारिक श्रमिक क्षेत्रमा लागू हुन सक्छ । तर, अनौपचारिक क्षेत्रका लागि त अभिलेख राख्ने कामको समेत थालनी हुन नसकेको वास्तविकतालाई आत्मसात् गर्दै राज्यले नै विशेष कोष स्थापना गरी उनीहरूलाई सुत्केरी हुँदा निश्चित अवधिका लागि आर्थिक सहयोग वा अनुदान प्रदान गर्नुपर्छ । त्यसैले यो कानुन संशोधन गर्दै गर्दा निजी तथा अनौपचारिक क्षेत्रका श्रमजीवी महिला र उनीहरूका परिवारले वास्तविक लाभ उठाउन सक्ने प्रावधानहरू पनि समावेश गर्नुपर्ने अनिवार्य आवश्यकतालाई पनि ध्यान

# प्रकृतिका नियम पालना नगर्दाको परिणाम हो विपद्



**आरपी गैरे**
(गैरे लेखक तथा पत्रकार हुन् ।)

"विपत्तिको समयमा सहयोगको भावना जति महत्त्वपूर्ण हुन्छ, त्यति नै महत्त्वपूर्ण हुन्छ त्यसको पारदर्शिता । राहत सामग्री कहाँ पुग्यो, कसले पायो, कसले पाएन र कुन क्षेत्रमा बढी आवश्यकता छ भन्ने विषयमा स्पष्ट प्रणाली हुनुपर्छ । राज्यले एकीकृत सूचना प्रणाली बनाएर दोहोरो राहत वितरण रोक्नुपर्छ ।"

विज्ञानले मानिसलाई अभूतपूर्व शक्ति दिएको छ, प्रविधिले असम्भवजस्ता देखिने कामलाई सम्भव बनाएको छ, आधुनिक सभ्यताले आकाशदेखि समुद्रको गहिराइसम्म आफ्नो पहुँच विस्तार गरेको छ । तर, प्रकृतिको एउटा अप्रत्याशित प्रहारका अगाडि मानव सामर्थ्य कति कमजोर रहेछ भन्ने कुरा पटक-पटक प्रमाणित हुँदै आएको छ ।

मानिसले चन्द्रमामा पाइला टेक्न सकेको छ, समुद्रभित्र सहरजस्तै संरचना बनाउन सकेको छ, पहाड छेडेर सुरुङ निर्माण गर्न सकेको छ, तर एउटा उर्लिएको नदी, एउटा पहिरो वा केही घण्टाको अविरल वर्षाका अगाडि अझै पनि मानिस निरीह बन्नुपरेको छ । विडम्बना के हो भने प्रकृतिको यही अजेय शक्तिलाई मानिसले बुझ्न चाहिरहेको छैन ।

विकासको नाममा नदीको प्राकृतिक बहाव क्षेत्र मिच्ने, डाँडाकाँडा जथाभावी खोतल्ने, वन फँडानी गर्ने, अव्यवस्थित सडक निर्माण गर्ने, नदी किनारमै बस्ती र संरचना विस्तार गर्ने तथा वातावरणीय प्रभावको पर्याप्त अध्ययन नगरी ठुला आयोजना अघि बढाउने प्रवृत्ति रोकिएको छैन । प्रकृतिलाई जित्ने भ्रममा गरिएको यस्तो हस्तक्षेपले अन्ततः मानिसकै जीवन जोखिममा पारिरहेको छ । प्रकृतिले प्रतिशोध लिन्छ कि लिँदैन भन्ने दार्शनिक बहस आफ्नो ठाउँमा होला, तर प्रकृतिको नियमविपरीत गरिएका हरेक गतिविधिको मूल्य मानिसले कुनै न कुनै दिन चुकाउनुपर्छ भन्ने यथार्थलाई अब बेवास्ता गर्न सकिँदैन ।

भोटेकोसी नदीमा आएको अकस्मात् बाढीले यही कठोर यथार्थ फेरि सम्झाएको छ । केही समयअघिसम्म मानिसको आवतजावत, व्यापार, उद्योग, पर्यटन र विकासको चहलपहलले भरिएका नदी किनारका बस्तीहरू क्षणभरमै उजाड र भयावह दृश्यमा परिणत भए । नदीले आफ्नो बाटो खोज्दा त्यसको वेगले मानव जीवन, घर, पुल, सडक, सवारीसाधन, जलविद्युत् आयोजना र अन्य संरचनालाई बगाएर लग्यो । कतिपय स्थानमा मानिसका शव नदीमा तैरिएको देखियो, कतै आफ्नै आँखाअगाडि घर र संरचना ढले, कतै वर्षौं लगाएर निर्माण गरिएका पूर्वाधार केही मिनेटमै ध्वस्त भए । त्यो दृश्यलाई सामान्य प्राकृतिक प्रकोप भनेर मात्र व्याख्या गर्नु अन्याय हुन्छ । यो राज्य, समाज र विकासको हाम्रो वर्तमान मोडलमाथिको गम्भीर प्रश्न पनि हो ।

कतिपय नागरिक हराइरहेका छन्, कतिपय परिवार आफ्ना आफन्तको अवस्थाबारे अनिश्चित छन् । घरबारविहीन भएका परिवारको पीडा छुट्टै छ । घरपालुवा पशुचौपायादेखि मानिसको दैनिक जीवनमा प्रयोग हुने साधनसम्म बाढीले बगाएको छ । एउटा प्राकृतिक विपत्तिले परिवार, समुदाय र अर्थतन्त्रको संरचनामै गहिरो धक्का दिएको छ ।

कति मानिसको ज्यान गयो, कति बेपत्ता छन्, कति परिवार विस्थापित भए, कति संरचना पूर्ण रूपमा नष्ट भए र कति आयोजनामा क्षति पुग्यो भन्ने यकिन तथ्यांक आउन समय लाग्नेछ । त्यसैले अहिले तथ्यांकको होडभन्दा उद्धार र राहतलाई प्राथमिकता दिनुपर्छ । हराइरहेका मानिसको खोजी, घाइतेको उपचार, विस्थापितलाई सुरक्षित स्थानमा स्थानान्तरण, खाद्यान्न तथा अत्यावश्यक सामग्रीको व्यवस्था र जोखिममा रहेका बस्तीका नागरिकलाई सुरक्षित स्थानमा पुऱ्याउनु राज्यको पहिलो दायित्व हो ।

बाढीले मुलुकको आर्थिक गतिविधिको एउटा महत्त्वपूर्ण आधारसमेत कमजोर बनाएको छ । जलविद्युत् आयोजना, प्रसारण तथा वितरण संरचना, सडक, पुल, व्यापारिक केन्द्र, पर्यटन पूर्वाधार र निजी आवासमा भएको क्षतिको पुनर्निर्माण सहज हुने छैन । वर्षौं लगाएर निर्माण भएका संरचना पुनःनिर्माण गर्न ठुलो रकम, लामो समय र अथक श्रम आवश्यक पर्नेछ । कतिपय संरचना पुनर्निर्माण गर्न वर्षौं लाग्न सक्छ । यसले राज्यको विकास बजेटमाथि थप दबाब सिर्जना गर्नेछ र मुलुकको अर्थतन्त्रमा समेत यसको दीर्घकालीन प्रभाव पर्न सक्छ ।

रसुवा भन्सार क्षेत्रमा जाँचपासका लागि राखिएका विद्युतीय सवार साधन बगाएको घटनाले विपत्तिको आर्थिक आयामलाई समेत उजागर गरेको छ । एउटा बाढीले मानिसको घर र पूर्वाधार मात्र होइन, करोडौँ रुपैयाँ बराबरको व्यापारिक सम्पत्तिसमेत क्षति पुऱ्याउन सक्छ भन्ने यसको स्पष्ट उदाहरण हो । यस्ता घटनाबाट राज्यले भविष्यका लागि जोखिम व्यवस्थापनको नयाँ नीति बनाउनै पर्छ । प्राकृतिक विपत्तिलाई केवल उद्धार र राहतको विषय बनाएर पुग्दैन; यसलाई अर्थतन्त्र, पूर्वाधार, बिमा, सुरक्षा र राष्ट्रिय विकास योजनासँग जोडेर हेर्नुपर्छ ।

तर, अहिले दोषारोपण गर्ने समय होइन । अहिले एकअर्कालाई दोष लगाएर सामाजिक सञ्जालमा बहस गर्नेभन्दा उद्धारमा हातेमालो गर्ने समय हो । सरकारको काममा कमजोरी भए त्यसको समीक्षा र प्रश्न पछि गर्न सकिन्छ । अहिले राज्य संयन्त्रलाई कमजोर बनाउने होइन, अझ बलियो बनाउने बेला हो । विपत्तिको घडीमा सरकार कुनै एउटा दलको सरकार मात्र हुँदैन, त्यो सम्पूर्ण नागरिकको अभिभावक राज्य हो । त्यसैले सरकारलाई सहयोग गर्नु भनेको कुनै राजनीतिक दललाई समर्थन गर्नु होइन, संकटमा परेका नागरिकको जीवन बचाउने राष्ट्रिय दायित्व पूरा गर्न सहयोग गर्नु हो ।

सबै राजनीतिक दलले असाधारण परिपक्वता देखाउन आवश्यक छ । सत्ता पक्ष होस् वा प्रतिपक्ष, पुरानो दल होस् वा नयाँ शक्ति, स्थानीय राजनीतिक समूह होस् वा राष्ट्रिय संगठन–अहिले सबैको पहिलो प्राथमिकता नागरिकको जीवन हुनुपर्छ । विपत्तिका बेला राजनीतिक मतभेदलाई केही समय थाती राखेर साझा राष्ट्रिय अभियान सञ्चालन गर्न सक्नुपर्छ । राजनीतिक दलका कार्यकर्ता राहत वितरण, स्वयंसेवा, रक्तदान, उद्धार सहयोग, विस्थापितको व्यवस्थापन तथा सूचना सम्प्रेषणमा परिचालन हुन सक्छन् । यस्तो अवस्थामा राजनीतिक दलहरूको वास्तविक परीक्षा भाषण र नाराले होइन, नागरिकको पीडामा उनीहरूले दिएको साथले हुनेछ ।

त्यसैगरी निजी क्षेत्र, उद्योगी-व्यवसायी, गैरसरकारी संस्था, सामाजिक संघसंस्था, नागरिक समाज, युवा समूह, स्वयंसेवी संगठन र आमनागरिक सबैको भूमिका महत्त्वपूर्ण छ । विपत्तिमा राज्य एक्लैले सबै काम गर्न सक्दैन । सरकारी संयन्त्रले नेतृत्व गर्नुपर्छ, तर समाजले त्यसलाई साथ दिनुपर्छ । राहत सामग्री वितरणदेखि स्वास्थ्य शिविर सञ्चालनसम्म, अस्थायी आवासदेखि खाद्यान्न व्यवस्थापनसम्म, हराइरहेका व्यक्तिको सूचना संकलनदेखि पुनःस्र्थापनासम्म सामूहिक प्रयास आवश्यक हुन्छ ।

विपत्तिको समयमा सहयोगको भावना जति महत्त्वपूर्ण हुन्छ, त्यति नै महत्त्वपूर्ण हुन्छ त्यसको पारदर्शिता । राहत सामग्री कहाँ पुग्यो, कसले पायो, कसले पाएन र कुन क्षेत्रमा बढी आवश्यकता छ भन्ने विषयमा स्पष्ट प्रणाली हुनुपर्छ । राज्यले एकीकृत सूचना प्रणाली बनाएर दोहोरो राहत वितरण रोक्नुपर्छ । विपत्तिको पीडामाथि कसैले व्यक्तिगत, राजनीतिक वा व्यावसायिक स्वार्थ पूरा गर्ने अवसर नपाओस् भन्नेतर्फ पनि सरकार सचेत हुनुपर्छ ।

अर्को गम्भीर विषय हो - वर्षा अझै सकिएको छैन । एउटा विपत्ति सकिएको ठानेर जोखिम सकियो भन्ने निष्कर्ष निकाल्नु घातक हुन सक्छ । पहाडी भूभागमा जमिन कमजोर भएको अवस्थामा थप वर्षाले नयाँ पहिरो निम्त्याउन सक्छ । नदीको जलस्तर पुनः बढ्न सक्छ । पहिल्यै क्षतिग्रस्त पुल, सडक र बस्ती थप जोखिममा पर्न सक्छन् । त्यसैले सम्भावित जोखिम क्षेत्रका नागरिकलाई पूर्वसूचना दिने, जोखिमयुक्त बस्तीको पहिचान गर्ने, स्थानीय तहलाई आवश्यक स्रोतसाधन उपलब्ध गराउने र उद्धार टोलीलाई तयारी अवस्थामा राख्ने काम तत्काल आवश्यक छ ।

सरकारले अब राहतसँगै पूर्वतयारीलाई पनि प्राथमिकता दिनुपर्छ । नदीको बहाव, वर्षाको मात्रा, जलाधार क्षेत्रमा भइरहेको परिवर्तन र पहिरोको सम्भावनाबारे वैज्ञानिक सूचना संकलन गरी स्थानीय तहसम्म पुऱ्याउनुपर्छ । जोखिमयुक्त नदी किनार र बस्तीको नक्सांकन गर्नुपर्छ । विपत्तिको समयमा नागरिकलाई कहाँ जाने, कसरी सुरक्षित हुने र कसलाई सम्पर्क गर्ने भन्ने कुरा पहिल्यै थाहा हुने व्यवस्था गर्नुपर्छ । स्थानीय समुदायलाई विपद् व्यवस्थापनसम्बन्धी नियमित तालिम दिनुपर्छ । किनकि विपत्ति आएपछि मात्र तयारी सुरु गर्ने हाम्रो पुरानो प्रवृत्ति अब बदलिनै पर्छ ।

सडक बनाउनु विकासको आधार तयार गर्नु हो । हो, तर सडक बनाउँदा पहाडको प्राकृतिक संरचना र जलनिकासलाई नष्ट गरिन्छ भने त्यही सडक भविष्यमा विनास कारण बन्न सक्छ । नदी किनारमा संरचना बनाउनु आर्थिक गतिविधिको विस्तार हुन सक्छ, तर नदीको बहाव क्षेत्र नै साँघुरो पारिन्छ भने त्यसले कुनै दिन ठुलो क्षति निम्त्याउन सक्छ ।

प्रकृतिले दिएको संकेतलाई अब पनि बेवास्ता गरिरहने हो भने आगामी दिन अझ कठिन हुन सक्छन् । जलवायु परिवर्तनका कारण वर्षाको ढाँचा बदलिँदै गएको, छोटो समयमा अत्यधिक वर्षा हुने घटना बढ्दै गएको र हिमाली तथा पहाडी क्षेत्रमा प्राकृतिक जोखिम जटिल बन्दै गएको अवस्थामा नेपालले विपद् व्यवस्थापनलाई विकासको मूलधारमा समावेश गर्नुपर्छ । हरेक ठुला आयोजना अघि बढाउँदा विपद् जोखिमलाई पहिलो प्राथमिकतामा राखिनुपर्छ । पहिले निर्माण, पछि जोखिम भन्ने मानसिकताले अब मुलुकलाई थप क्षति पुऱ्याउन सक्छ ।

अहिलेको सबैभन्दा ठुलो आवश्यकता भनेको राष्ट्रिय एकता हो । विपत्ति आएको बेला हामी को कुन दलको, कुन विचारको, कुन क्षेत्रको वा कुन समूहको भन्ने प्रश्न गौण हुन्छ । नदीले घर बगाउँदा नागरिकको राजनीतिक परिचय सोध्दैन । पहिरोले सडक पुरिँदा पीडितको विचारधारा हेर्दैन । बाढीले जीवन खोस्दा धनी-गरिब, सत्ता-प्रतिपक्ष वा नयाँ-पुरानो भन्ने विभाजन गर्दैन । त्यसैले प्रकृतिको प्रहारविरुद्ध मानिस पनि विभाजित भएर होइन, एक भएर उभिनुपर्छ ।

सरकारको नेतृत्वमा राज्यका सबै संयन्त्र एकीकृत भएर परिचालित हुनुपर्छ । सुरक्षा निकाय, स्थानीय प्रशासन, स्थानीय तह, स्वास्थ्यकर्मी, प्राविधिक जनशक्ति, स्वयंसेवक र सामाजिक संघसंस्थाबीच प्रभावकारी समन्वय हुनुपर्छ । केन्द्रबाट आदेश दिने मात्र होइन, घटनास्थलको वास्तविक आवश्यकता बुझेर निर्णय गर्ने प्रणाली विकास गर्नुपर्छ । स्थानीय तहसँग स्रोत र जनशक्ति कम भए संघीय सरकारले तत्काल सहयोग उपलब्ध गराउनुपर्छ ।

आज सरकारलाई सहयोग गर्नुको अर्थ सरकारका हरेक निर्णयमाथि प्रश्न नगर्नु होइन । लोकतन्त्रमा प्रश्न गर्ने अधिकार सधैँ सुरक्षित हुन्छ । तर, प्रश्न गर्ने र संकटका बेला राज्यलाई कमजोर बनाउने कामबीच फरक छुट्याउन सक्नुपर्छ । उद्धार र राहतको काम सकिएपछि क्षतिको समीक्षा गरौँ, कमजोरी खोजौँ, जिम्मेवारी निर्धारण गरौँ र भविष्यका लागि सुधारका कठोर निर्णय गरौँ । तर, अहिले भने एक-एक जीवन बचाउन सबै शक्ति केन्द्रित गरौँ ।

प्रकृतिसँग मानिसले युद्ध जित्न नसके पनि प्रकृतिले निम्त्याउने विपत्तिबाट हुने क्षति न्यूनीकरण गर्न भने मानिस सक्षम छ । त्यसका लागि विज्ञान, प्रविधि, पूर्वतयारी, सुशासन, जिम्मेवार विकास र सबैभन्दा महत्त्वपूर्ण राष्ट्रिय एकता आवश्यक हुन्छ । भोटेकोसी र त्रिशूलीको यो विनाशलीलाले हामीलाई यही पाठ सिकाएको छ – प्रकृतिलाई चुनौती दिएर होइन, प्रकृतिको नियम बुझेर विकास गर्नुपर्छ ।

अहिले नदी किनारमा रोइरहेका परिवारलाई हाम्रो राजनीति होइन, हाम्रो साथ चाहिएको छ । बेपत्ता आफन्तको खोजीमा रहेका परिवारलाई भाषण होइन, परिणाम चाहिएको छ । घर गुमाएका नागरिकलाई आश्वासन होइन, सुरक्षित आश्रय चाहिएको छ । घाइतेलाई संवेदना मात्र होइन, उपचार चाहिएको छ । र देशलाई आरोप-प्रत्यारोप होइन, संकटको सामना गर्न सक्ने एकजुट राज्य चाहिएको छ । त्यसैले यो विपत्ति सरकारको मात्र परीक्षा होइन, सम्पूर्ण राष्ट्रको परीक्षा हो । सरकार नेतृत्व गर, राज्य संयन्त्र परिचालन गर, नागरिकको जीवन बचाऊ – देशका राजनीतिक दल, संघसंस्था, निजी क्षेत्र र नागरिक समाज सरकारको साथमा उभिऊन् । वर्षा अझै बाँकी छ, जोखिम अझै टरेको छैन । त्यसैले सचेत बनौँ, सुरक्षित बनौँ र एकअर्काको हात समातौँ । विपत्तिले हामीलाई विभाजित होइन, अझ बलियो र एकताबद्ध बनाओस् ।

# भारत र चीनबीच सहकार्यका नयाँ सम्भावनाहरू



**श्रीमन नारायण**
(नारायण अन्तर्राष्ट्रियसम्बन्धी लेखक हुन् ।)

नेपालको दक्षिणी छिमेकी भारत र उत्तरी छिमेकी चीन बीचको दुई पक्षीय सम्बन्ध आरोह-अवरोहले भरिएको छ । लामो अन्तराल पश्चात यस सम्बन्धमा जमेको हिउँ पग्लिन सुरु भएको छ । भारतमा हालै सम्पन्न ब्रिक्सको १८औँ शिखर सम्मेलनमा चिनियाँ राष्ट्रपति सी जिनपिंग को उत्साहपूर्ण सहभागिताले यी दुई देश बीचको आपसी सम्बन्धमा नयाँ उत्साह र विश्वास थपिएको छ । अब यो सम्बन्ध नयाँ उत्साहका साथ अगाडि बढने संभावना छ ।

भारत भ्रमणका क्रममा चीनका राष्ट्रपति पिंग को भव्य स्वागत पनि भयो । दुई देशबीचको आपसी सम्बन्धलाई प्रगाढ बनाउने, ब्रिक्सलाई अझ बढी प्रभावकारी बनाउने र दुवै देशबीचका कतिपय गम्भीर एवं संवेदनशील विषयमा चर्चा पनि भए । ब्रिक्सको १८औँ शिखर सम्मेलन भारतको दृष्टिकोणले त उपयोगी र सफल सावित भयो नै चीनको निम्ति पनि उपलब्धिमूलक नै रह्यो ।

चिनियाँ राष्ट्रपति जिनपिंग यसभन्दा अघि सन् २०१९ मा भारतको मामल्लपुरम (चेन्नई) मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसित दुई पक्षीय वार्ताको निम्ति पुगेका थिए । त्यस बेला मोदीले बडो आत्मीयता र हार्दिकताका साथ चिनियाँ राष्ट्रपतिको स्वागत गरेका थिए । त्यस भ्रमणलाई ऐतिहासिक रूपमै सफल मानिएको थियो । तर त्यसको १ वर्ष पनि बित्न नपाउँदै सन् २०२० को मे-जुनमा भारतको लद्दाख र चीनको तिब्बतको सीमावर्ती क्षेत्रमा उत्पन्न विवादका कारण दुवै देशका सुरक्षाकर्मीहरू हताहत भएका थिए ।

यस घटनाका कारण दुवै देशबीचको सम्बन्ध कटुतापूर्ण हुन गएको थियो । सीमा क्षेत्रमा तनावपछि भारतले कतिपय चिनियाँ कम्पनीहरूमाथि विभिन्न किसिमको प्रतिबन्धहरू लगाउने काम गरेको थियो । खासगरिकन टिकटक र अन्य चिनियाँ एपलाई भारतमा प्रतिबन्धित गरिएको थियो । प्रतिउत्तरमा चीनले पनि कतिपय कच्चा पदार्थको भारतमा निर्यात गर्नमा कटौती गऱ्यो, आर्थिक सम्बन्धहरूमा कतिपय द्वन्द्वका बाबजुद पनि द्विपक्षीय कारोबारमा खासै असर भएन ।

पछिल्ला दिनमा भारतका प्रधानमन्त्री मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिंगका, बीच कजान, तियानजिन र विश्केक गरी तीनपटक दुईपक्षीय भेटवार्ता भए । यसले दुई देशबीचको सिमाना विवादलाई कम गर्ने काम गऱ्यो । भारतको अरुणाचल प्रदेशमा दुवै देशबीच सिमानाका विषयमा छलफल भए । भारतको विदेश मन्त्रालयका प्रवक्ताले दुवै देशबीचको सम्बन्ध सकारात्मक दिशामा अगाडि बढिरहेको साथै जनाएका छन् । व्यक्ति-व्यक्ति बीचको आपसी सम्पर्कले भिसासम्बन्धी मुद्दालाई सामान्यीकरण गर्ने महत्त्वपूर्ण माध्यम बताएका छन् ।

सन् २०२३ मा भारतको अध्यक्षतामा भएको जी-२० शिखर सम्मेलनमा सि जिनपिंग सहभागी भएका थिएनन तर रुसको अध्यक्षतामा २०२४ मा कजानमा भएको ब्रिक्स सम्मेलनमा मोदी र जिनपिंगबीच भेटवार्ता भएको थियो । दुई पक्षीय सम्बन्धमा जमेको हिउँमा त्यहीँबाट पग्लिन सुरु भएको थियो । साथै दुवै देशबीचको सिमानासँग जोडिएका मुद्दाहरूको समाधानको खोजी गर्ने विषयमा पनि सहमति कायम भयो ।

सिमाना विवादका कारण लामो समयसम्म कायम तनावका बीच भारतका प्रधानमन्त्री मोदी र चिनियाँ राष्ट्रपति जिनपिंगबीच भएको दुई पक्षीय वार्तालाई सम्मेलनको एउटा ठुलो कूटनीतिक सफलता मान्न सकिन्छ ।

चीनको तर्फबाट भारतसँग आर्थिक र व्यापारिक, सम्बन्धलाई बलियो बनाउनमा गरिएको प्रयासलाई प्रष्ट रूपमा हेर्न सकिन्छ । दुवै देशबीच व्यापारिक असन्तुलन पनि ठुलो छ । चीन ठुलो व्यापार नाफामा छ । भारत ठुलो व्यापार घाटामा छ । र व्यापार घाटा चीनको पक्षमा निकै बढी देखिन्छ । चिनियाँ सरकारको मुखपत्र 'ग्लोबल टाइम्स' ले सी जिनपिंगको भारत भ्रमण हुनुअघि नै आर्थिक सम्बन्ध र व्यापारिक कारोबारसित जोडिएका समाचार र विचारलाई निकै महत्त्व दिएका थिए ।

चिनियाँ पक्ष दुईपक्षीय व्यापारलाई 'परस्पर लाभकारी र 'विन-विन' वाला बताइरहेको छ तथा भारतीय बजारमा चिनियाँ कम्पनीको निम्ति निष्पक्ष माहौलको माग गरिरहेको छ । भारतको निम्ति चिन्ताको विषय भनेको चीनसँग व्यापार घाटा बढ्दै जानु हो, चीनले भारतीयहरूको निमित्त आफ्नो बजार पर्याप्त रूपमा नखोल्नु हो ।

आर्थिक वर्ष २०२५-२६ मा भारत-चीन द्वीपक्षीय व्यापार करिब १५१ अर्ब डलरसम्म थियो । जसमा भारतको व्यापार-घाटा १३१ अर्ब डलरभन्दा बढीको थियो । जबकी निर्यात करिब १९.५ अर्ब डलर मात्रै रह्यो । भारत, यस व्यापार घाटालाई कम गर्न चाहन्छ र आयात-निर्यात व्यापारमा दुवै देशबीच समानता कायम रहोस् भन्ने हेर्न चाहन्छ । भारत अब थप व्यापार घाटा सहन तयार छैन ।

भारत र चीन, विश्वका दुई उदाउँदा शक्तिशाली राष्ट्रहरू हुन् । चीन विश्वको दोस्रो ठुलो आर्थिक शक्ति राष्ट्र हो भने भारत पनि विश्वको चौथो ठुलो आर्थिक शक्ति हो । विगत केही वर्षदेखि विश्वका प्रायः सबैजसो ठुला एवं क्षेत्रीय मञ्चहरूमा भारतको समग्र प्रगति चर्चाको केन्द्रमा रही आएको छ । भारत र चीनको सहभागिताविना वर्तमान युगमा विश्व राजनीतिको चर्चा नै पूरा हुन सक्दैन । भारत र चीन दुवै शंघाई सहयोग संगठन र ब्रिक्सका महत्त्वपूर्ण सदस्य राष्ट्र छन् ।


भारत र चीनबीचको दुई पक्षीय सम्बन्धमा तनाव उत्पन्न हुँदा अमेरिका र पश्चिमा देशहरूको चलखेल बढन थाल्छ । अहिले भारत-चीन र रुसबीचको बलियो गठबन्धनले अमेरिका र पश्चिमेली देशहरूलाई चिन्तित बनाएको छ । अमेरिकाको धम्की र अप्रत्यक्ष संलग्नताका बाबजुद युक्रेन समस्याको समाधान हुन सकेन । इजरायल र प्यालेस्टाइनको समस्या तथा इरानसित विभिन्न देशहरूको कटूतापूर्ण सम्बन्ध पनि सुमधुर ढंगले अगाडि बढन सकेन ।

अमेरिकी धम्कीको इरानले ठुलो प्रतिकार गऱ्यो, विरोध गऱ्यो । अहिले इरानको रुस, चीन र भारतसित राम्रो सम्बन्ध छ । ब्रिक्स अपेक्षाकृत नयाँ मञ्च अवश्य पनि हो तर जसरी ग्लोबल साउथका देशहरू यसमा सहभागी भएका छन् अथवा भइरहेका छन्, यसले अवश्य नै निकै कम समयमा विश्वको एउटा ठुलो क्षेत्रीय शक्ति बनाउने छ । रुस, चीन र भारतको सम्बन्धले अमेरिका र पश्चिमा देशहरूलाई ठुलो चुनौती दिने निश्चित छ । भारत र चीनबीचको सुमधुर सम्बन्धबिना, ब्रिक्स अथवा संघाई सहयोग संगठनको सफलता सम्भव छैन ।

भारत र चीन एकअर्काका छिमेकी त हुँदै हुन्, कतिपय मामिलामा प्रतिस्पर्धी पनि छन् । भारत र चीनबीच एकपटक युद्ध पनि भइसकेको छ, समयसमयमा सिमाना क्षेत्रमा तनावको अवस्था पनि उत्पन्न हुन्छ । एकातिर चीनले तिब्बती पृथकतावादी नपाल्न र ताइवानका सम्पर्क कार्यालय नराख्न भारतलाई अनुरोध गर्दै आएको देखिन्छ । अर्कातिर भारतका छिमेकी राष्ट्रहरूसित राम्रो सम्बन्ध कायम गरी त्यसलाई भारतको हित विपरीत अप्ठयारोमा पार्ने किसिमको काम चीनले गर्दै आएको कुरा पनि उठ्ने गर्छ ।

## आजको राशिफल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेष | विवादमा पर्न सकिने । | मिथुन | रोग । | सिंह | रोग भय । | तुला | आय वृद्धि । | धनु | मानसिक तनाव । | कुम्भ | व्यय । |
| वृष | बस्त्र कारोबारबाट लाभ । | कर्कट | रोग मुक्त । | कन्या | व्यापारमा लाभ । | वृश्चिक | हानी । | मकर | सुख । | मीन | अशान्ति । |



ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya

## अर्गानिक कृषि :

# प्रतिबन्ध होइन क्रमिक परिवर्तनबाट मात्रै सम्भव छ



हृदय राज गौतम (माटोविद्)

हामीले अर्गानिक खेतीबारे अतिरञ्जित दाबी गर्नु हुँदैन । सबैभन्दा इमानदार निष्कर्ष यही हो - अर्गानिक खेतीमा आर्थिक सम्भावना छ, तर सफलता स्वतः प्राप्त हुँदैन । यसका लागि किसानलाई प्राविधिक ज्ञान, उचित बजार र आवश्यक सहयोग चाहिन्छ

नेपालको कृषि आज एउटा महत्त्वपूर्ण मोडमा उभिएको छ। एकातिर बढ्दो जनसंख्या र उत्पादनको आवश्यकता छ, अर्कोतिर माटोको स्वास्थ्य, खाद्य सुरक्षाको गुणस्तर, वातावरण र मानव स्वास्थ्यप्रतिको चिन्ता बढ्दै गएको छ। यही सन्दर्भमा एउटा प्रश्न बारम्बार उठ्छ, के नेपालले रासायनिक खेती छोडेर पूर्ण रूपमा अर्गानिक खेतीमा जानुपर्छ ? यस प्रश्नको उत्तर न त एक शब्दमा दिन सकिन्छ, न त भावनाका आधारमा।

रासायनिक मल र विषादीको अत्यधिक तथा असन्तुलित प्रयोगले माटो, पानी, वातावरण र मानव स्वास्थ्यमा दीर्घकालीन असर पर्न सक्ने चिन्ता वास्तविक हो। तर अर्कोतर्फ, आजको उत्पादन प्रणालीमा निर्भर किसानलाई भोलिबाटै सबै रासायनिक सामग्री छोडेर पूर्ण अर्गानिक बन्न आग्रह गर्नु पनि व्यावहारिक समाधान होइन। त्यसैले नेपालका लागि आवश्यक कुरा रासायनिक र अर्गानिकबीचको विवाद होइन, वैज्ञानिक र क्रमिक परिवर्तनको यात्रा हो। मेरो विचारमा नेपालको कृषि अर्गानिकतर्फ जाने बाटो दुई चरणमा तय गर्न सकिन्छ।

पहिलो चरणमा आफ्नै परिवारका लागि जैविक उत्पादन गरौँ। परिवर्तन सधैँ ठुलो खेतबाट सुरु हुनुपर्छ भन्ने छैन। परिवर्तन आफ्नै भान्साबाट पनि सुरु हुन सक्छ। आज धेरै किसानले बजारका लागि व्यावसायिक खेती गरिरहेका छन्। उनीहरूलाई एकैपटक सम्पूर्ण खेत अर्गानिक बनाउन भनियो भने उत्पादन, आम्दानी र बजारको जोखिम आउन सक्छ। तर, कम्तीमा आफ्नै परिवारले खाने सागसब्जी, तरकारी र फलफूलको एउटा भाग जैविक विधिबाट उत्पादन गर्न त सकिन्छ।

यसका लागि ठुलो जग्गा आवश्यक छैन। घरको करेसाबारी, खेतको एउटा सानो भाग वा छुट्टै बगैँचाबाट सुरुआत गर्न सकिन्छ। गोबरमल, कम्पोस्ट, जैविक अवशेष र स्थानीय रूपमा उपलब्ध जैविक स्रोतको प्रयोग बढाउन सकिन्छ। सम्भव भएसम्म विषादीको प्रयोग घटाउन सकिन्छ र सुरक्षित विकल्प अपनाउन सकिन्छ। यसको सन्देश अत्यन्त सरल छ, 'पहिले आफ्नो परिवारको थालबाट परिवर्तन सुरु गरौँ।'

यसले किसानलाई आर्थिक रूपमा ठुलो जोखिममा पनि पार्दैन। बरु सानो क्षेत्रबाट अभ्यास गर्ने अवसर दिन्छ। कुन जैविक मल उपयुक्त हुन्छ ? उत्पादनमा कस्तो परिवर्तन आउँछ ? कीरा र रोग कसरी व्यवस्थापन गर्न सकिन्छ ? यी सबै कुरा किसानले आफ्नै अनुभवबाट सिक्न सक्छ। अर्गानिक खेती केवल किताब पढेर सिकिने विषय होइन, खेतमा अभ्यास गर्दै सिकिने विषय हो। आज सानो करेसाबारीबाट सुरु भएको अभ्यास भोलि व्यावसायिक खेतसम्म पुग्न सक्छ।

दोस्रो चरणमा व्यावसायिक खेतीलाई क्रमशः अर्गानिकतर्फ मोडौँ। व्यावसायिक किसानका लागि खेती केवल रहर होइन। यो उसको आम्दानी र परिवारको जीवनसँग जोडिएको विषय हो। त्यसैले किसानलाई 'आजदेखि रासायनिक मल छोड' भन्नु सजिलो छ, तर त्यसको आर्थिक परिणामबारे सोच्नु पनि आवश्यक छ। उत्पादन घट्यो भने किसानको आम्दानी घट्छ, बजारले राम्रो मूल्य दिएन भने किसान निरुत्साहित हुन्छ।

जैविक मल पर्याप्त उपलब्ध भएन भने उत्पादन प्रणालीमै समस्या आउँछ। त्यसैले व्यावसायिक कृषिको यात्रा यस्तो हुनुपर्छ,

*रासायनिक निर्भरता → सन्तुलित प्रयोग → जैविक स्रोतको वृद्धि → एकीकृत खेती → क्रमिक अर्गानिक रूपान्तरण*

यसको अर्थ रासायनिक मललाई एकैपटक प्रतिबन्ध लगाउनु होइन। यसको अर्थ रासायनिक मल र विषादीमाथिको अत्यधिक निर्भरता क्रमशः घटाउनु हो। जैविक मल, कम्पोस्ट, गोबरमल, हरियो मल, कृषि अवशेष तथा वैज्ञानिक रूपमा प्रमाणित जैविक प्रविधिको प्रयोग बढाउँदै लैजान सकिन्छ। माटोको अवस्था र बालीको आवश्यकतालाई बुझेर रासायनिक तथा जैविक स्रोतबीच सन्तुलित व्यवस्थापन गर्न सकिन्छ। यसरी किसानलाई उत्पादन र आम्दानीको जोखिममा नपारी परिवर्तनको बाटो खोल्न सकिन्छ।

**अर्गानिक खेतीको आर्थिक पक्ष**

अर्गानिक खेतीको चर्चा गर्दा प्रायः दुई अतिवादी धारणा सुनिन्छन्। एकथरी भन्छन्, अर्गानिक खेतीमा गएपछि किसानको आम्दानी धेरै बढ्छ। अर्काथरी भन्छन्, अर्गानिक खेतीबाट उत्पादन नै हुँदैन। वास्तविकता यी दुवैभन्दा फरक छ। अर्गानिक खेतीको सफलता, बाली, स्थान, माटो, उत्पादन लागत, श्रम, प्राविधिक ज्ञान, बजार र उत्पादनको मूल्यमा निर्भर गर्छ। नेपालमा भएका विभिन्न अध्ययनहरूले पनि सबै बाली र सबै क्षेत्रमा एउटै परिणाम नआउने देखाएका छन्। कतिपय अवस्थामा जैविक तथा अर्गानिक प्रणाली आर्थिक रूपमा प्रतिस्पर्धी देखिएका छन् भने कतिपय अवस्थामा उत्पादन लागत, श्रम र बजार व्यवस्थापन चुनौती बनेका छन्। यसैले हामीले अर्गानिक खेतीबारे अतिरञ्जित दाबी गर्नु हुँदैन। सबैभन्दा इमानदार निष्कर्ष यही हो - अर्गानिक खेतीमा आर्थिक सम्भावना छ, तर सफलता स्वतः प्राप्त हुँदैन। यसका लागि किसानलाई प्राविधिक ज्ञान, उचित बजार र आवश्यक सहयोग चाहिन्छ।

**किसानको सबैभन्दा ठुलो प्रश्न**

यो प्रश्नलाई बेवास्ता गरेर अर्गानिक अभियान सफल हुन सक्दैन। किसानले केवल वातावरणको जिम्मेवारी लिन सक्दैन। उसले परिवार पाल्नुपर्छ। बालबालिकाको शिक्षा, स्वास्थ्य, ऋण र दैनिक खर्च खेतीकै आम्दानीसँग जोडिएको हुन्छ। त्यसैले रासायनिकबाट अर्गानिकतर्फको संक्रमणकालमा किसानलाई एक्लै छोड्नु हुँदैन। सरकारले अर्गानिक खेतीको नारा मात्र दिने होइन, संक्रमणकालमा किसानको हात पनि समात्नुपर्छ।

जैविक मल उत्पादनमा प्रोत्साहन, स्थानीय स्रोतको उपयोगमा अनुसन्धान, किसानलाई तालिम, माटो परीक्षण, प्राविधिक सहयोग र बजारको व्यवस्था आवश्यक छ। सबैभन्दा महत्त्वपूर्ण कुरा,अर्गानिक उत्पादन गर्ने किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउनुपर्छ। बजारबिना अर्गानिक खेतीको भविष्य अधुरो हुन्छ।

मानौँ किसानले जैविक उत्पादन गर्‍यो। उसले बढी समय र श्रम लगायो। तर बजारमा उसको उत्पादन र सामान्य उत्पादनको मूल्य एउटै भयो भने के हुन्छ ? किसानले किन परिवर्तन गर्ने ? अर्गानिक कृषि केवल खेतमा उत्पादन गर्ने विषय होइन।

यो खेतदेखि बजारसम्मको सम्पूर्ण प्रणाली हो। उत्पादनसँगै बजार, उपभोक्ता सचेतना, विश्वासिलो पहिचान र उचित मूल्यको व्यवस्था आवश्यक छ। तर यहाँ अर्को समस्या पनि छ। प्रमाणबिनै 'अर्गानिक' भनेर उत्पादन बेच्ने प्रवृत्तिले वास्तविक किसान र उपभोक्ता दुवैलाई हानि पुर्‍याउन सक्छ। त्यसैले अर्गानिक उत्पादनको विश्वसनीयता पनि उत्तिकै महत्त्वपूर्ण छ।

**किसानलाई दोष दिनु समाधान होइन**

आज नेपालमा रासायनिक मलको प्रयोग किन बढ्यो भन्ने कुरा पनि बुझ्नुपर्छ। बढ्दो उत्पादनको आवश्यकता, आधुनिक बाली प्रणाली, बजारको दबाब र तत्काल उत्पादनको अपेक्षाले किसानलाई रासायनिक मलतर्फ आकर्षित गरेको हो। त्यसैले रासायनिक मल प्रयोग गर्ने किसानलाई दोषी देखाएर समाधान आउँदैन। वास्तविक प्रश्न हो - के नेपाल भविष्यमा पनि मल र कृषि सामग्रीका लागि बाह्य स्रोतमा यति नै निर्भर रहिरहन सक्छ ?

विदेशबाट आउने मलमा निर्भरता बढिरहँदा आपूर्ति व्यवस्था बिग्रिएको बेला किसानले समयमा मल पाउँदैन। बाह्य बजार र आपूर्ति प्रणालीको प्रभाव प्रत्यक्ष रूपमा नेपाली किसानमाथि पर्छ। त्यसैले स्थानीय जैविक स्रोतको विकास र प्रयोग बढाउनु केवल अर्गानिक खेतीको विषय होइन। यो कृषिमा आत्मनिर्भरता र बाह्य निर्भरता घटाउने विषय पनि हो।

**विगतमा फर्किनु होइन जैविक खेती**

अर्गानिक खेती भनेको केवल पुरानो तरिकाले खेती गर्नु होइन। भविष्यको जैविक कृषि आधुनिक विज्ञानसँग जोडिनुपर्छ। माटो परीक्षण, पोषक तत्त्व व्यवस्थापन, सूक्ष्मजीव विज्ञान, कम्पोस्टको गुणस्तर, जैविक कीरा व्यवस्थापन र आधुनिक अनुसन्धानलाई पनि यससँग जोड्नुपर्छ। हामीले परम्परागत ज्ञानलाई आधुनिक विज्ञानसँग जोड्नुपर्छ। गोबरमल प्रयोग गर्नु राम्रो हो तर त्यसमा कति पोषक तत्त्व छ भन्ने पनि जान्नुपर्छ। कम्पोस्ट बनाउनु राम्रो हो तर त्यो सही तरिकाले बनेको छ कि छैन भन्ने पनि महत्त्वपूर्ण हुन्छ। जैविक स्रोतको प्रयोग गर्नु राम्रो हो तर त्यसको प्रभाव र गुणस्तरको वैज्ञानिक परीक्षण पनि आवश्यक छ। त्यसैले भविष्यको अर्गानिक कृषि भावनामा होइन, विज्ञान र अनुभवमा आधारित हुनुपर्छ।

**किसानको वास्तविक आर्थिक तथ्यांक आवश्यक**

नेपालमा अर्गानिक खेतीको चर्चा धेरै हुन्छ। तर, एउटा महत्त्वपूर्ण आवश्यकता अझै बाँकी छ, किसानको वास्तविक आर्थिक तथ्यांक। हामीले जिल्ला र बालीअनुसार तथ्य संकलन गर्नुपर्छ। अर्गानिक खेती गर्ने किसानको उत्पादन कति छ ? उत्पादन लागत कति छ ? श्रम कति लाग्छ ? बिक्री मूल्य कति छ ? वास्तविक नाफा कति छ ? रासायनिक र जैविक प्रणालीबीच किसानको आर्थिक अवस्थामा कस्तो फरक पर्छ ? यस्ता तथ्यको व्यवस्थित अध्ययन र सार्वजनिक तथ्यांक आवश्यक छ।

तथ्यबिना न त अर्गानिक खेतीको सम्भावना सही रूपमा प्रमाणित गर्न सकिन्छ, न किसानलाई उपयुक्त नीति दिन सकिन्छ। नेपालले अब सफल किसानको अनुभवलाई पनि व्यवस्थित रूपमा अध्ययन गर्नुपर्छ। कुन किसानले कसरी उत्पादन गरिरहेको छ ? उसको लागत र आम्दानी कति छ ? कुन प्रणाली सफल भयो ? कुन ठाउँमा समस्या आयो ? यही वास्तविक तथ्यका आधारमा कृषि नीति बन्नुपर्छ।

**प्रतिबन्ध होइन, परिवर्तन**

नेपालको कृषि रासायनिकबाट अर्गानिकतर्फ जानु पर्छ कि पर्दैन भन्नेभन्दा महत्त्वपूर्ण प्रश्न हो, कसरी जाने ? यसको उत्तर एकैपटक सबै कुरा परिवर्तन गर्नु होइन, किसानलाई आर्थिक जोखिममा पार्नु पनि होइन। रासायनिक खेती गर्ने किसानलाई दोष दिनु पनि होइन। बरु क्रमशः, वैज्ञानिक रूपमा र किसानको आर्थिक अवस्थालाई केन्द्रमा राखेर अघि बढ्नु हो। पहिलो चरणमा – आफ्नो स्वास्थ्य र परिवारका लागि सकेसम्म जैविक उत्पादन गरौँ। दोस्रो चरणमा – व्यावसायिक खेतीमा रासायनिक निर्भरता क्रमशः घटाउँदै जैविक र दिगो कृषि प्रणालीतर्फ अघि बढौँ। नेपाललाई आजै रासायनिक खेती र अर्गानिक खेतीमध्ये एउटा मात्र रोज्नुपर्ने अवस्था छैन। हामीले आजको उत्पादनलाई पनि जोगाउनुपर्छ र भोलिको माटोलाई पनि।

हामीले किसानको आम्दानीलाई पनि सुरक्षित गर्नुपर्छ र उपभोक्ताको स्वास्थ्यलाई पनि। त्यसैले हाम्रो बाटो प्रतिबन्धको होइन, क्रमिक परिवर्तनको हुनुपर्छ। रासायनिकमाथिको अत्यधिक निर्भरता घटाउँदै, स्थानीय स्रोतको उपयोग बढाउँदै, विज्ञान र परम्परागत ज्ञानलाई जोड्दै तथा किसानको आर्थिक भविष्य सुरक्षित गर्दै अर्गानिकतर्फ अघि बढ्नु नै नेपालको लागि व्यावहारिक बाटो हुन सक्छ।

अन्ततः परिवर्तन एउटा सानो निर्णयबाट सुरु हुन सक्छ। 'बजारका लागि खेती जोनसुकै प्रणालीमा गरिए पनि, कम्तीमा आफ्नो थालका लागि सुरक्षित र जैविक उत्पादनबाट सुरुआत गरौँ।' सायद यही सानो परिवर्तनले एकदिन नेपालको कृषिमा ठुलो परिवर्तनको आधार तयार गर्नेछ।

---

## हकदावी सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रकाशित मिति : २०८३/०६/०२ गते**

यस संस्थाको तपसिलमा उल्लेखित निक्षेपकर्ताको निम्न मितिमा निधन भएको हुँदा निज मृतकको नाममा यस संस्थाको उल्लेखित शाखा कार्यालयमा रहेको निक्षेप रकम मेरो नाममा दिलाई पाऊँ भनि निम्न लिखित हकदावीकर्ताले वित्तीय संस्था समक्ष निवेदन पेश गरेको हुँदा सो निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो सबुत प्रमाणको कागजात सहित यस वित्तीय संस्थाको शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा दावी निवेदन पेश गर्नको लागि अनुरोध गरिन्छ। उल्लेखित म्याद भित्र कसैको दावी निवेदन पेश हुन नआएमा निवेदकको माग दावी बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ। म्याद भित्र रितपूर्वक प्राप्त नभएको निवेदन उपर कुनै कारवाही हुने छैन।

**तपसिल :**

| क्र. सं. | मृतकको नाम | ठेगाना (नागरिकता अनुसार) | बाबुको नाम | हजुर बुबाको नाम | मृत्यु भएको मिति | हकदावीकर्ता निवेदकको नाम | नाता | खाता रहेको शाखा |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुर्ण कुमार राई | पाँचथर | लाल बहादुर राई | पृथि लाल राई | २०८३/०४/१५ | दिनेश राई | छोरा | रवि |

**गोर्खाज फाइनान्स लिमिटेड**
**Gurkhas Finance Limited**
Your Financial Friend
**नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था**
केन्द्रीय कार्यालय, चारखाल रोड, डिल्लीबजार, काठमाण्डौ।
फोन नं. : ०१-४४३७४०१

---

## ग्लोबल आइएमई बैंक लिमिटेडको

## तपसिलमा उल्लिखित ऋणीहरुलाई ऋण कर्जा भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०६/०२ गतेको सौर्य राष्ट्रिय दैनिक**

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नुभएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/ धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला। अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुलउपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

### तपसिल

#### केरवानी शाखा, रुपन्देही

**ऋणीको विवरण**

१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं ३५०६८/०७१ अन्तर्गत मिति २०७१/१२/१८ मा दर्ता कायम भएको **चाँद आयल सप्लायर्स**
फर्म दर्ता ठेगाना : देबदह न.पा -०१, रुपन्देही
स्थायी लेखा नं. ६०२३१३४०७, मिति : २०७१/१२/१८
**प्रोपाईटर तथा जमानतकर्ता : चान मोहम्मद फकिर**
**कर्जा शिर्षक : आवधिक, ओभरड्राफ्ट तथा सवारी साधन कर्जा**

२. **चान मोहम्मद फकिर**
ना.प्र.नं. ८/२२९, जारी मिति : २०४५/०२/३१, जि.प्र.का. रुपन्देही
बाबुको नाम : शैस मोहम्मद फकीर
बाजेको नाम : छोटक फकिर
स्थायी ठेगाना : केरवानी -२, रुपन्देही
हालको ठेगाना : देबदह न.पा -०१, रुपन्देही
**कर्जा शिर्षक : आवधिक तथा ओभरड्राफ्ट कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**हालिमा खातुन**
ना.प्र.नं. १९६४३, जारी मिति : २०६२/०४/०४
जि.प्र.का. रुपन्देही
बाबुको नाम : मोहर अलि देवान
पतिको नाम : चान मोहम्मद फकिर
ससुराको नाम : शैस मोहम्मद फकीर
स्थायी ठेगाना : देबदह न.पा -०१, रुपन्देही

**फैज मोहम्मद फकिर**
ना.प्र.नं. ३७१००२/३०७८७
जारी मिति : २०६८/०३/२७
जि.प्र.का. रुपन्देही
बाबुको नाम : चान मोहम्मद फकिर
बाजेको नाम : शैस मोहम्मद फकीर
स्थायी ठेगाना : केरवानी -२, रुपन्देही
हालको ठेगाना : देबदह न.पा -०१, रुपन्देही

**गुड्डी साई**
ना.प्र.नं. ३७१०२३/४७१८०
जारी मिति : २०६८/११/२६, जि.प्र.का. रुपन्देही
बाबुको नाम : मो मुस्तकीम साई
पतिको नाम : फैज मोहम्मद फकिर
ससुराको नाम : चान मोहम्मद फकिर
स्थायी ठेगाना : सिद्धार्थनगर न.पा -०३, रुपन्देही
हालको ठेगाना : देबदह न.पा -०१, रुपन्देही

#### कलैया शाखा, बारा

**ऋणीको विवरण**

१. मधेश प्रदेश, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय कलैया, बारामा उद्योग दर्ता नं २७२४/१५५/०६२/०६३ अन्तर्गत मिति २०६३/०३/२६ मा दर्ता कायम भएको **ओम नमः शिवाय सः मिल**
उद्योग दर्ता ठेगाना : कलैया उ.म.न.पा -०४, बारा
स्थायी लेखा नं. ६२०४४६२५७, मिति : २०८०/०६/०५
**प्रोपाईटर तथा जमानतकर्ता : शोभा देवी यादव**
**कर्जा शिर्षक : आवधिक तथा ओभरड्राफ्ट कर्जा**

२. **शोभा देवी यादव**
ना.प्र.नं. २१७१/२३८८, जारी मिति : २०६१/१२/०२, जि.प्र.का. बारा
बाबुको नाम : जोगेन्द्र प्रसाद यादव
पतिको नाम : उपेन्द्र प्रसाद यादव
ससुराको नाम : आसमन राउत अहिर
स्थायी ठेगाना : कलैया उ.म.न.पा -१४, बारा
हालको ठेगाना : कलैया उ.म.न.पा -०४, बारा
**कर्जा शिर्षक : आवधिक कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**उपेन्द्र प्रसाद यादव**
ना.प्र.नं. ८१०४/१८३४/२५९५
जारी मिति : २०५३/०२/०१
जि.प्र.का. बारा
बाबुको नाम : आसमन राउत यादव
बाजेको नाम : धनेश्वर राउत अहिर
स्थायी ठेगाना : कलैया न.पा -१९, बारा
हालको ठेगाना : कलैया उ.म.न.पा -०४, बारा

**जितेन्द्र प्रसाद यादव**
ना.प्र.नं. २१४४/२३५५/३१७५२
जारी मिति : २०६१/०२/२१
जि.प्र.का. बारा
बाबुको नाम : आसमन राउत अहिर
बाजेको नाम : धनेश्वर राउत अहिर
स्थायी ठेगाना : बघवन -८, बारा
हालको ठेगाना : कलैया उ.म.न.पा -०४, बारा

**दिपेन्द्र प्रसाद यादव**
ना.प्र.नं. २१४५/२३५६/३१७५३
जारी मिति : २०६१/०१/२६
जि.प्र.का. बारा
बाबुको नाम : आसमन राउत यादव
बाजेको नाम : धनेश्वर राउत अहिर
स्थायी ठेगाना : कलैया न.पा -१९, बारा
हालको ठेगाना : कलैया उ.म.न.पा -०४, बारा

**नोटः ऋणी ओम नमः शिवाय सः मिलका लागि मात्र व्यक्तिगत जमानत रहेको।**

#### जनकपुर स्टेशन रोड शाखा, धनुषा

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं : २३७५६७/७६/०७७ अन्तर्गत मिति २०७७/०३/१५ मा दर्ता कायम भएको **काली होटल एण्ड रेष्टुरेण्ट प्रा.लि**
कम्पनी दर्ता ठेगाना : जनकपुरधाम उ.म.न.पा -९, धनुषा
स्थायी लेखा नं. ६०९७५३३२५, मिति : २०७७/०३/१५
**संचालकहरु : मौसम कुमारी मिश्र र प्रतिभा कुमारी साह**
**कर्जा शिर्षक : आवधिक तथा ओभरड्राफ्ट कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**मौसम कुमारी मिश्र**
ना.प्र.नं : १७-०१-७२-००१४५
जारी मिति : २०७२/०१/०७, जि.प्र.का. धनुषा
बाबुको नाम : भाग नारायण मिश्र
पतिको नाम : अमित कुमार मिश्र
ससुराको नाम : लक्ष्मी कान्त मिश्र
स्थायी ठेगाना : औरही गा.पा -२, धनुषा
हालको ठेगाना : जनकपुर उ.म.न.पा -९, धनुषा

**प्रतिभा कुमारी साह**
ना.प्र.नं : ७६९०३११८
जारी मिति : २०५८/०५/१९, जि.प्र.का. धनुषा
बाबुको नाम : फेकन साह
पतिको नाम : राम भजन साह
ससुराको नाम : भोगीलाल साह
स्थायी ठेगाना : रमदैया भवाडी-७, धनुषा
हालको ठेगाना : क्षिरेश्वरनाथ न.पा -५, धनुषा

**व्यक्तिगत जमानत दिनेको विवरण**

**अमित कुमार मिश्र**
ना.प्र.नं : २४८३२१८६, जारी मिति : २०६३/०८/२५, जि.प्र.का. धनुषा
बाबुको नाम : लक्ष्मी कान्त मिश्र
बाजेको नाम : सदानन्द मिश्र
स्थायी ठेगाना : देउरी परवाहा -५, धनुषा
हालको ठेगाना : जनकपुर उ.म.न.पा -९, धनुषा

**राम भजन साह**
ना.प्र.नं : ७६९०२७८२, जारी मिति : २०५२/०६/२०, जि.प्र.का. धनुषा
बाबुको नाम : भोगीलाल साह
बाजेको नाम : राज कुमार साह
स्थायी ठेगाना : रमदैया भवाडी-७, धनुषा
हालको ठेगाना : क्षिरेश्वरनाथ न.पा -५, धनुषा

#### कान्तिपथ शाखा, काठमाडौं

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १७२३६१/०७४/०७५ अन्तर्गत मिति २०७४/०४/१९ मा दर्ता कायम भएको **अंशुमन इन्टरनेशनल प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : नागार्जुन न.पा.- १०, स्यूचाटार, काठमाडौं
स्थायी लेखा नं. ६०५९११९७४, मिति : २०७४/११/३०
**संचालकहरु : सुवास अधिकारी, झलक बहादुर अधिकारी र देवी कुमारी कार्की**
**कर्जा शिर्षक : ओभरड्राफ्ट, अल्पकालिन तथा सवारी साधन कर्जा**

**व्यक्तिगत जमानत दिनेको विवरण**

**माधव अधिकारी**
ना.प्र.नं. ४१७६
जारी मिति : २०४६/०२/०७, जि.प्र.का. उदयपुर
बाबुको नाम : चक्र बहादुर अधिकारी
बाजेको नाम : लाल बहादुर अधिकारी
स्थायी ठेगाना : हडिया -८, उदयपुर
हालको ठेगाना : नागार्जुन न.पा. -१०, काठमाडौं

**संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण**

**देवी कुमारी कार्की**
ना.प्र.नं. २९९२४/३१५७
जारी मिति : २०५२/०७/२८, जि.प्र.का. उदयपुर
बाबुको नाम : चक्र बहादुर अधिकारी
पतिको नाम : नवराज कार्की
ससुराको नाम : हर्क बहादुर कार्की
स्थायी ठेगाना : गाईघाट-९, उदयपुर
हालको ठेगाना : नागार्जुन न.पा.- १०, काठमाडौं

**सुवास अधिकारी**
ना.प्र.नं. १४१०१०/९४८५५
जारी मिति : २०६५/१२/०७, जि.प्र.का. उदयपुर
बाबुको नाम : माधव अधिकारी
बाजेको नाम : चक्र बहादुर अधिकारी
स्थायी ठेगाना : हडिया -८, उदयपुर
हालको ठेगाना : नागार्जुन न.पा.- १०, काठमाडौं

**झलक बहादुर अधिकारी**
ना.प्र.नं. ८०२०५
जारी मिति : २०६३/०४/०८, जि.प्र.का. उदयपुर
बाबुको नाम : माधव अधिकारी
बाजेको नाम : चक्र बहादुर अधिकारी
स्थायी ठेगाना : हडिया -४, उदयपुर
हालको ठेगाना : नागार्जुन न.पा.- १०, काठमाडौं

#### नारायणगढ शाखा, चितवन

**ऋणीको विवरण**

बागमती प्रदेश सरकार, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.र.नं. ११११/०७०/७१ अन्तर्गत मिति २०७१/०३/०१ मा दर्ता कायम भएको **प्रवेश सप्लायर्स**
फर्म दर्ता ठेगाना : भरतपुर म.न.पा. -२८, चितवन
स्थायी लेखा नं. ६००४४४४३५, मिति : २०६८/१०/२६
**प्रोप्राइटर : बलराम पौडेल**
**कर्जा शिर्षक : आवधिक कर्जा**

**व्यक्तिगत जमानी दिनेको विवरण**

**प्रतिमा अधिकारी**
ना.प्र.नं. ८३६६/०५५
जारी मिति : २०५९/०५/१९, जि.प्र.का. चितवन
बाबुको नाम : जगन्नाथ अधिकारी
पतिको नाम : बलराम पौडेल
ससुराको नाम : दुर्गा दत्त पौडेल
स्थायी ठेगाना : शिवनगर -९, चितवन
हालको ठेगाना : भरतपुर म.न.पा. -२८, चितवन

**बलराम पौडेल**
ना.प्र.नं. ३०६४/०४४
जारी मिति : २०५७/१०/१८
जि.प्र.का. चितवन
बाबुको नाम : दुर्गा दत्त पौडेल
बाजेको नाम : भिमलाल पौडेल
स्थायी ठेगाना : मेघौली -३, चितवन
हालको ठेगाना : भरतपुर म.न.पा. -२८, चितवन

#### अनामनगर शाखा, काठमाडौं

**ऋणीको विवरण**

**दिपेन्द्र कुमार खड्का**
ना.प्र.नं. ४६६१२, जारी मिति : २०५८/०९/०६
जि.प्र.का. सुर्खेत
बाबुको नाम : शेर बहादुर खड्का
बाजेको नाम : गंग बहादुर खड्का
स्थायी ठेगाना : उत्तरगंगा -०८, सुर्खेत
हालको ठेगाना : बीरेन्द्रनगर न.पा -०३, सुर्खेत
**कर्जा शिर्षक : आवधिक तथा सवारी साधन कर्जा**

**व्यक्तिगत जमानी दिनेको विवरण**

**शेर बहादुर खड्का**
ना.प्र.नं. १०८४, जारी मिति : २०३७/०२/२७
जि.प्र.का. दैलेख
बाबुको नाम : गंग बहादुर खड्का
बाजेको नाम : मोतिराम खड्का
स्थायी ठेगाना : गमौडी -४, दैलेख
हालको ठेगाना : बीरेन्द्रनगर न.पा -०३, सुर्खेत

**लक्ष्मी थापा**
ना.प्र.नं. ६४१०१७/८५७७७
जारी मिति : २०६५/०२/१९, जि.प्र.का. सुर्खेत
बाबुको नाम : लाल बहादुर थापा
पतिको नाम : दिपेन्द्र कुमार खड्का
ससुराको नाम : शेर बहादुर खड्का
स्थायी ठेगाना : बीरेन्द्रनगर न.पा -०६, सुर्खेत
हालको ठेगाना : बीरेन्द्रनगर न.पा -०३, सुर्खेत

**नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको।**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं**
**फोन नं.: ०१-५३२८६७१/५३२६३४७**
**ग्लोबल कनेक्टः ०१-५९७०६००**

## स्थानीय तहको....

### प्रदेशसभामा पनि छैन उपनिर्वाचनको सम्भावना

पछिल्लो समय २०८१ वैशाखमा बझाङ १(१) मा १ सिटका लागि प्रदेशसभाको उपनिर्वाचन भएको थियो । त्यसपछि पनि सभाको पद रिक्त रहे पनि उपनिर्वाचनका लागि सरकार र आयोगले बेवास्ता गर्दै आएका छन् । संविधानको धारा १७६(८) अनुसार प्रदेशसभाको कार्यकाल ६ महिनाभन्दा बढी बाँकी रहँदै कुनै सदस्यको स्थान रिक्त भएमा सोही निर्वाचन प्रणालीबाट पदपूर्ति गर्नुपर्ने व्यवस्था छ ।

त्यसैले प्रदेशसभाका रिक्त पदलाई नियमित निर्वाचनसम्म खाली राख्ने हो भने त्यसको कानुनी औचित्यबारे प्रश्न उठ्ने अवस्था छ । त्यस्तै, प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ अनुसार पनि प्रदेशसभाको अवधि ६ महिनाभन्दा बढी कायम भए रिक्त पदका लागि उपनिर्वाचन गर्नुपर्ने व्यवस्था छ । ७ मंसिर, २०७९ मा प्रदेशसभाको निर्वाचन भएकाले ६ महिनाअघिको अवधि गणना गर्ने हो भने २०८४ जेठसम्म उपनिर्वाचन हुनुपर्ने हो । तर, सरकारले अहिलेसम्म प्रदेशसभाको उपनिर्वाचन गर्ने कुनै योजना अघि बढाएको छैन ।

उपनिर्वाचनका लागि लाग्ने खर्च, भोटेकोसी बाढीजस्ता कारण अहिले उपनिर्वाचनमा राज्यका अंगहरू डाइभर्ट गर्न नहुने र प्रतिनिधिसभाको निर्वाचन भएको १ वर्ष पनि नबित्दै अर्को निर्वाचनको तयारीमा लाग्नु व्यावहारिक पनि नहुने आयोगका पूर्वप्रमुख आयुक्त दिनेश थपलिया बताउँछन् ।

### आवधिक चुनाव पनि एकै चरणमा गर्ने तयारी

संविधानको धारा २२५ मा स्थानीय तह अर्थात् गाउँसभा र नगरसभाको कार्यकाल निर्वाचन भएको मितिले ५ वर्षको हुने र कार्यकाल सकिएको ६ महिनाभित्र अर्को निर्वाचन गराउनुपर्ने व्यवस्था छ । यस हिसाबमा २०८४ कात्तिकसम्म स्थानीय तहको निर्वाचन गर्न सकिने संवैधानिक बाटो खुला छ । तर, प्रदेशसभा निर्वाचनको विषयमा विशेष परिस्थितिबाहेकको हकमा संविधानमा कुनै समय सीमा तोकिएको छैन । संविधानको धारा १७६ (११) मा प्रदेशसभाको निर्वाचनसम्बन्धी अन्य व्यवस्था संघीय कानुनबमोजिम हुने भनिए पनि प्रदेशसभा निर्वाचन ऐनमा पनि स्पष्ट व्यवस्था छैन ।

ऐनको दफा ६ मा निर्वाचन आयोगको परामर्शमा नेपाल सरकारले निर्वाचनको मिति तोक्ने उल्लेख छ । यसरी सरकारले तोकेकै मितिमा निर्वाचन गराउन समस्या देखिँदैन । तर, संविधानको धारा १७७ मा प्रदेशसभाको कार्यकाल ५ वर्षको हुने उल्लेख भएका कारण एकै पटक निर्वाचन गराउने भन्दैमा प्रदेशसभाको कार्यकाल सकिनुभन्दा करिब डेढ महिनाअगावै निर्वाचन गर्नुपरेमा स्पष्ट कानुनी व्यवस्था नभएकाले कानुनी प्रश्न उठ्ने देखिन्छ ।

तर, यसका लागि संविधानले नै बाटो खोलिदिएकाले कानुनमा थोरै संशोधन गरेमा एकै पटक निर्वाचन गराउन सम्भव रहेको पूर्वप्रमुख आयुक्त थपलिया बताउँछन् । यसका लागि प्रदेशसभा निर्वाचनको हकमा प्रदेशसभा निर्वाचन ऐन संशोधन गरेर 'प्रदेशसभाको कार्यकाल सकिनु ६ महिनाअगावै निर्वाचन गर्न सकिने' भनेर व्यवस्था गर्न सकिए एकै चरणमा निर्वाचन गराउन सम्भव हुने उनको तर्क छ ।

साथै, सरकारका विभिन्न तहले यो विषयमा पूर्वप्रमुख आयुक्तहरूदेखि संविधानविद्लगायतसँग रायसल्लाह पनि लिइरहेका छन् । रायसल्लाह दिएका सबैजसोले पनि एकैपटक निर्वाचन गर्न उपयुक्त हुने सुझाव दिएका छन् । विशेष गरी चुनाव खर्चको स्रोत र एकै वर्ष दुइटा निर्वाचन गर्दा पर्ने असरबारे सरकारलाई उनीहरूले अलर्ट गराएका छन् ।

## सरकारको हस्तक्षेपपछि....

जब-जब बजारमा चिनीको अभाव र मूल्यवृद्धि हुन्छ, तब खुद्रा व्यापारीहरूले नै नाफारहित रूपमा चिनी बेचेर मूल्य नियन्त्रण गर्ने उनले बताए ।

सरकारले साल्ट ट्रेडिङ र खाद्य संस्थानजस्ता आफ्ना निकायमार्फत ११० रुपैयाँमा चिनी उपलब्ध गराएर बजार सन्तुलनमा ल्याउन खोज्नु एउटा सकारात्मक र स्वागतयोग्य कदम भएको बताउँछन्– पूर्वसहसचिव कुमारप्रसाद दाहाल । उनले भने, 'बजारमा अभाव देखाएर कालोबजारी गर्नेमाथि सरकारले कारबाही गर्ने र आफूसँग रहेको स्टकको मूल्यांकन गरी बिक्री कक्षहरू बढाएर सर्वसाधारणसम्म सहज रूपमा पुर्‍याउनु उपयुक्त समाधान हो ।'

### कसरी सुरु भयो चिनी अभावको हल्ला ?

भारतले गत वैशाख अन्तिम साता चिनी निर्यातमा प्रतिबन्ध लगाउने निर्णय गरेपछि नेपाली बजारमा अभाव हुने त्रास फैलाइएको थियो । त्यसपछि नेपाल चिनी उद्योग संघले १ जेठमा विज्ञप्ति जारी गर्दै पर्याप्त स्टक रहेकाले अभाव नहुने जनाएको थियो । त्यसको ४ महिना नबित्दै चिनीको मौज्दात सकिन लागेको भन्दै मूल्य बढाइयो । यसरी बजारमा कसले खेलिरहेको छ भन्ने विषय पेचिलो बनेको छ ।

उद्योगीहरू आफूसँग भएको चिनी मौज्दातको जानकारी सरकारलाई हरेक हप्ता दिने गरेको र सरकारले सोहीअनुसार वैकल्पिक उपाय अबलम्बन गर्नुपर्ने बताउँछन् । उद्योगीले चिनी तोकिएको मूल्यमा बजारमा पठाएको दाबी गरेका छन् । चिनी उद्योगी विमल केडियाले अहिले आफूहरूसँग चिनी मौज्दात नरहेको बताए । उनले सरकारले भनेकै समयमा आफूहरूले चिनी पठाएको पनि बताए ।

नेपालमा वार्षिक ३ लाख मेट्रिक टन चिनी माग रहेको र १ लाख मेट्रिक टन मात्रै आन्तरिक उत्पादन हुने गरेको छ । चाडपर्वबाहेक नेपालमा चिनीको औसत माग २५ हजार टन छ । तर, जेठ, असार र साउनमा दैनिक १२-१५ टन मात्रै खरिदबिक्री भएको व्यवसायी बताउँछन् । कम खपत हुने समयमा पनि चिनीको अभाव हुनु विडम्बना रहेको उपभोक्ता अधिकारकर्मी बताउँछन् ।

उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष तथा वरिष्ठ अधिवक्ता ज्योति बानियाँले केही सीमित व्यापारीहरूको स्वार्थका कारण बजारमा समस्या सिर्जना हुने गरेको बताए । उनले भने, 'व्यापारीहरूले सुरुमा आफैँ बजारमा वस्तुको अभाव रहेको हल्ला फैलाउने र सोही बहानामा मूल्य बढाएर उपभोक्ताबाट बढी पैसा असुल्ने खेल विगतदेखि नै गर्दै आएका छन् ।' सरकारले बजारमा आवश्यक हस्तक्षेप र प्रभावकारी अनुगमन गर्न नसकेको उनले बताए ।

खुद्रा व्यापार संघका अध्यक्ष पवित्रमान बज्राचार्यले चिनी अभावको हल्ला हरेक वर्ष हुने एउटा कृत्रिम नाटक मात्रै भएको बताए । उनले यसबाट ठुला व्यापारीहरूले फाइदा उठाउने गरेको आरोप लगाए । होलसेल पसलबाटै चिनीको भाउ बढाइने गरेको उनले बताए ।

### कति छ चिनीको मौज्दात ?

सरकारले चिनीको अभाव टार्न साल्ट ट्रेडिङ कर्पोरेसन र खाद्य व्यवस्था तथा व्यापार कम्पनीमार्फत भारतबाट १ प्रतिशत भन्सारमा २५ हजार मेट्रिक टन चिनी आयात गर्ने प्रक्रिया अघि बढाएको छ । साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रवक्ता कुमार राजभण्डारीले साल्ट ट्रेडिङ कर्पोरेसनसँग हाल करिब ११ हजार टन चिनीको स्टक उपलब्ध रहेको बताए । राजभण्डारीका अनुसार भारतबाट आयात प्रक्रियामा रहेको साढे १२ हजार टन चिनीमध्ये केही परिमाण नेपाल भित्रिसकेको छ ।

बजारमा चिनीको कुनै अभाव नरहेकाले उपभोक्तालाई आवश्यकताभन्दा बढी खरिद नगर्न र अताल्लिएर हल्लाको पछि नलाग्न उनले अनुरोध गरे । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका सूचना अधिकारी माधव मिश्रले कम्पनीसँग हाल करिब १५-१६ हजार क्विन्टल चिनी स्टक रहेको बताए ।

भारतमा अभाव, नेपालमा कालोबजारीको मौका

विश्वको सबैभन्दा धेरै चिनी खपत गर्ने मुलुक भारतमा पछिल्लो २ महिनायता चिनीको मूल्य लगभग ४० प्रतिशतले बढेको छ । त्यहाँको सरकारले पनि पछिल्लो १ दशकमा पहिलो पटक १० लाख टन चिनी आयात गर्नुपरेको छ । नेपालजस्तै भारतमा पनि चाडपर्वको सिजन पर्ने भएकाले अगस्टदेखि माग बढेको हो ।

बिबिसीका अनुसार एल-निनोको समयमा कम वर्षाका कारण उखु उत्पादन घट्नु, कालोबजारी तथा कृत्रिम अभाव र अन्य प्रमुख उत्पादकहरूलाई प्रतिकूल मौसमले असर गरेपछि चिनीको मूल्य बढ्न पुगेको हो ।

भारतको उत्पादन घटेको र घटेकै अवस्थामा चिनी निर्यात गर्न दिँदा अहिले चिनीको अभाव देखिएको विज्ञहरू बताउँछन् ।

भारत सरकारले उखुको सिजनको सुरुमा १५ लाख टन निर्यात गर्न अनुमति दिएको थियो र फेब्रुअरीमा थप ५ लाख टन थपेको थियो । त्यसपश्चात् मे महिनामा निर्यातमा प्रतिबन्ध लगाएको थियो ।

उखुको उत्पादन घट्दा चिनीको अभाव भएको छ । उखु मनसुनको वर्षामा अत्यधिक निर्भर हुने, तर मनसुन कमजोर भएकाले उत्पादन कम भएको बताइएको छ । महाराष्ट्र, उत्तर प्रदेश र कर्नाटकजस्ता प्रमुख उखु उत्पादक राज्यहरूमा असमान वर्षा, खडेरीको कारण उखुमा असर परेको थियो ।

भारतले आफ्नै देशभित्रको माग पूरा गर्न नसकी चिनी आयात गर्नुपर्ने अवस्था आएपछि निर्यात प्रतिबन्ध लगाएको छ । प्रतिबन्धपछि भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले सीमामा नेपालीहरूलाई चिनी ल्याउन कडाइ गरिरहेको छ ।

प्रतिबन्ध र सीमामा भारतीय पक्षको कडाइले अनौपचारिक बाटोबाट भएर नेपाल भित्रिन नपाउँदा नेपालमा चिनीको अभाव थप बढेको हो । तर, उखु क्रसिङको सिजन आउने बेलासम्मका लागि नेपालमा पर्याप्त मौज्दात हुँदाहुँदै पनि अभावको हल्ला चलाएर कालोबजारी भइरहेको बिक्रेताहरूले नै बताएका छन् ।

## केपी ओलीको...

कुरा नमिलेपछि ३ सदस्यीय सम्पादन समिति बनाइएको थियो । बल्थलीबाट काठमाडौँ फर्किएपछि सहमतिको प्रयासमा कार्यदल सदस्यहरू जुटे पनि अध्यक्ष ओलीको हस्तक्षेपका कारण प्रतिवेदन सहमतिमा ल्याउन नसकिएको बताइएको छ । ओलीले पार्टीमा आफ्नो विकल्प खोज्ने गरी प्रतिवेदन नल्याउन संयोजक थापालाई निर्देशन दिएपछि उनी दबाबमा परेको स्रोतको दाबी छ ।

नेताहरूका अनुसार संगठनात्मक पुनर्संरचनाका अन्य विषयमा ओलीको एकाधिकार तोड्ने गरी निर्णय गर्ने सहमति भए नरम हुने प्रस्ताव पुनर्गठन पक्षधरले गरेका छन् । तर, आफू कमजोर हुने गरी पुनर्संरचना हुन नसक्ने दबाब ओलीले दिँदै आएका छन् । उनी पार्टी पुनर्गठन नभई पुनर्जागरण गर्नुपर्ने भन्दै आइरहेका छन् । कार्यदलले नेता, कार्यकर्ताहरूबाट पाएको सल्लाह, सुझावको मूल स्पिरिटविपरीत प्रतिवेदन तयार पार्न ओलीले दबाब दिएपछि निष्कर्ष निस्किन नसकेको हो ।

# भारतमा १० जना माओवादीलाई फाँसीको सजाय

■ एजेन्सी




नयाँ दिल्ली । भारतको एक विशेष अदालतले सन् २०१३ मा कांग्रेस पार्टीका सदस्यसहित २७ जनाको ज्यान जाने गरी भएको आक्रमणमा दोषी ठहर भएका १० जना माओवादी विद्रोहीलाई मृत्युदण्डको फैसला सुनाएको छ । दोषीलाई मृत्युदण्ड दिनुअघि राज्यविरुद्ध षड्यन्त्र र युद्ध भड्काउने लगायतका थुप्रै अपराधका लागि दोषी ठहर गरिएको भारतको राष्ट्रिय अनुसन्धान एजेन्सी एनआइएले जनाएको छ ।

सन् १९६० को दशकमा सुरु भएको लगभग ६ दशक लामो माओवादी विद्रोहमा १२ हजारभन्दा बढी मानिस मारिएका थिए भने यस घटनालाई एक जना पूर्वप्रधानमन्त्रीले भारतले सामना गरेको सबैभन्दा ठुलो आन्तरिक सुरक्षा खतराका रूपमा वर्णन गरेका थिए ।

'रेड कोरिडोर'मा निरन्तर सैन्य आक्रमणपछि विद्रोहलाई प्रभावकारी रूपमा पराजित गरिएको छ, जहाँ छापामारले सरकारलाई प्रतिस्थापन प्रयास गरेर आफ्नै समानान्तर प्रशासन स्थापना गरेका थिए । सन् २०१३ मे महिनामा भारतको मध्यराज्य छत्तीसगढको दुर्गम वन क्षेत्रमा स्थलगत रूपमा बन्दुक आक्रमण हुँदा कांग्रेस पार्टीको शीर्ष राज्य नेतृत्वलाई समाप्त गरिदिएको थियो ।

आक्रमणकारीले विस्फोटक उपकरण विस्फोट गरी अन्धाधुन्ध गोलीबारी गरेको र मानिसको समूहमा ग्रेनेड फ्याँकेर आक्रमण गरेको एनआइएले जनाएको छ । एजेन्सीले आफ्नो अनुसन्धानले १० जना माओवादी कार्यकर्ता, वरिष्ठ कांग्रेस नेता र सुरक्षाकर्मीमाथि आक्रमण र हत्या गर्ने आपराधिक षड्यन्त्रमा संलग्न रहेको पुष्टि भएको बताएको छ ।

भारतमा यसअघि मृत्युदण्डको सजाए सन् २०२० मार्चमा सन् २०१२ मा दिल्ली बसमा १ महिलाको सामूहिक बलात्कार गरी हत्या गरेको आरोपमा ४ जनालाई दिइएको थियो ।


**PUBLIC NOTICE**

I, **(i) Manjeet Pathak** S/o Bipin Kishor Pathak Resident of Village - Dhouni, P.O -Dhouni, P.S-Saraiyahat, Dist.- Dumaka, Jharkhand 814151 **(ii) Riya Sharma** D/o Pawan Kumar Resident of at ward No.-28, Daroga Mohalla, Siker, Rajsthan 332001. Do hereby solemnly affirm and declare as we are married under hindu Marriage act /Rights/Custums and are living together as married couple **since 22.04.2022.** That we are neither an idiot nor lunatic, we are not related within the prohibited degree of relationship. That the above statements are true and correct. If any one has any objection to the marriage, he/she can contact +977 9841424762 and Embessy of India, Kathmandu on cons. Kathmandu @mea.gov.in

**सार्वजनिक सूचना**



खोटाङ जिल्ला साविक लफ्याङ गा.वि.स. वडा नं. 9 हाल दिक्तेल रुपाकोट मझुवागढी नगर पालिका वडा नं. 5 बस्ने श्री मेहेरमान कटुवालको नाती श्री गोपाल कटुवालको छोरा जन्म मिति 2005/12/09 ना.प्र.नं. 20707/प्र.6/029 भू.पु. भारतीय आर्मी नं. 125896 PNR Durba Lal 1604 PNR Coy (GREF) C/O 99 APO को नेपाली नागरिकताको प्रमाण पत्रमा नामथर धुर्व लाल कटुवाल र निजको भारतीय पेन्सन पट्टामा नामथर दुर्व लाल भई फरक परेकोले उक्त धुर्व लाल कटुवाल र दुर्बलाल फरक फरक व्यक्ति नभई एउटै व्यक्ति भएको साथै निजको एक मात्र विवाहित श्रीमती जिल्ला खोटाङ साबिक दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं. गा.वि.स. वडा नं. 1 बस्ने श्री बल बहादुर बस्नेतको नातिनी श्री कर्ण बहादुर बस्नेतको छोरी धुर्वलाल कटुवालको श्रीमती पम्पी देवी कटुवालको नेपाली नागरिकता प्रमाण-पत्रमा नामथर पम्पी देवी कटुवाल भएको र निजका श्रीमानको भारतीय पेन्सन पट्टामा नामथर पम्पी देवी मात्र भई फरक परेकोले उक्त दुवै पम्पी देवी कटुवाल र पम्पी देवी फरक फरक व्यक्ति नभई एउटै भएको व्यहोरा प्रमाणीकरणको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**विशेष दर्ता खारेजीको ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७१/०४/१२ मा दर्ता भएको प्रा.लि.नं. १२४७९३ को **पुष्मेना ट्राभल्स एण्ड टुर्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(क) बमोजिम विशेष दर्ता खारेजीका लागि निबेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८३/६/२**

यस कम्पनीको मिति २०८३/५/१० को साधारण सभा/विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनीको नाम उषारवी कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (प्रा.लि.नं. : ३०६९२५) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/१८ निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **गोकर्णेश्वर महादेव बिल्डर्स एण्ड सप्लायर्स प्रा. लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**महालक्ष्मी नगरपालिका**
**नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना**

**(सूचना प्रकाशित मिति : २०८३/०६/०१)**

महालक्ष्मी नगरपालिका वडा नं २ साविक इमाडोल ४ मा पर्ने हिलसाइड कलेज अफ इन्जिनियरिङ्ग प्रा.लि.को नाममा रहेको कित्ता नं १३२ र १२४ को जम्मा क्षेत्रफल १५५३.७९ व.मी. जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि मिति २०८३/०३/१७ मा महालक्ष्मी नगरपालिका कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर जग्गाको म्याद बारम्बार बुझाउन जाँदा सम्बन्धित तपसिलमा उल्लेखित संधियारहरुसंग सम्पर्क हुन नसकेकोले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । उल्लेखित कित्ता जग्गामा घर निर्माण हुँदा तपाई सोधसंधियारहरुलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधि भित्र महालक्ष्मी नगरपालिका २ नं वडा कार्यालयमा निवेदन दिनु हुन तथा सांधसंधियारको जानकारीको लागि सूचित गरिन्छ । म्याद भित्र कसैको कुनै प्रतिकृया दावी विरोध प्राप्त नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्सा पासको लागि नगरपालिकामा सिफारिस भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**पूर्व तर्फको कि.नं. ११६, उत्तर तर्फको कि.नं. ११२ र १२५**

**चुरे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**घरखेडा, कैलाली**

**अन्तरिक आयको ठेक्का सूचना**

**प्रथम पटक प्रकाशित मिती :- २०८३/०६/०२**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-३ को दफा ११ को उपदफा (२) को खण्ड घ को उपखण्ड (६) मा भएको व्यवस्था, ढुंगा, गिट्टी, बालुवा उत्खनन तथा बिक्रि तथा व्यवस्थापन सम्बन्धी (पहिलो संसोधन मापदण्ड २०७९), स्वीकृत प्रारम्भिक वातावरण परिक्षण (IEE), सुदुरपश्चिम प्रदेश आर्थिक ऐन २०८२, सुदुरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधिमा भएको व्यवस्था अनुसार आन्तरिक कर संकलनका लागि देहाय बमोजिम तोकिएको स्थानबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, आदि) उत्खनन, संकलन, निकासा गर्नका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले योग्य फर्महरुले यस दरभाउपत्र सम्बन्धी सम्पूर्ण कागजातहरु खरिद गरि रित पुर्वक भरी यस कार्यालयमा सिलबन्दी दरभाउ (Hard Copy) यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) दिन भित्र पेश गर्न हुन दरभाउपत्र आहवान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ । दरभाउपत्र सम्बन्धी कागजात यस कार्यालयको राजश्व शाखा वा वेबसाइट https://www.churemun.gov.npबाट डाउनलोडगरि प्राप्त गर्न सकिनेछ ।

| अन्तरिक आय ठेक्का नं | आन्तरिक आय ठेक्काको नाम | उत्खनन परिमाण (घ.मि.) | दर | न्युनतम कबोल अंक रु (भ्याट बाहेक) | दरभाउपत्र पेश गर्ने अन्तिम मिति | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| CRM/SQ/IR/ 2083/084/01 | शिवगंगा खोलाकोप्राकृतिक श्रोत नदीजन्यपदार्थ (ढुंगा,गट्टी, बालुवा, भरान तथाग्राभेल आदि) को बिक्रिशुल्क संकलन | ७,९५७ | | १५,१६,७०४.४४ /- | | | |
| CRM/SQ/IR/ 2083/084/02 | टाकगडा खोलाकोप्राकृतिक श्रोत नदीजन्यपदार्थ (ढुंगा,गट्टी, बालुवा, भरान तथाग्राभेल आदि) को बिक्रिशुल्क संकलन | ५,२५८ | | ११,१४,२७०.२२/- | | | |
| CRM/SQ/IR/ 2083/084/03 | बालुवागडा खोलाकोप्राकृतिक श्रोत नदीजन्यपदार्थ (ढुंगा,गट्टी, बालुवा, भरान तथाग्राभेल आदि) को बिक्रिशुल्क संकलन | ४,४५२.५ | प्रति घन फिट रु ६ (मू.अ.कर बाहेक) | ९,४३,५६९.४५ /- | सूचना प्रकाशित भएको मितिले १६ (सोह) दिनको मध्यान्ह १२:०० बजे | कबोल अंक (मू.अ.कर सहित)को ५ (पाँच) प्रतिशत हुन आउने रकम | १०००/- |
| CRM/SQ/IR/ 2083/084/04 | बाटेगडा खोलाकोप्राकृतिक श्रोत नदीजन्यपदार्थ (ढुंगा,गट्टी, बालुवा, भरान तथाग्राभेल आदि) को बिक्रिशुल्क संकलन | ५,३३२ | | ११,२९,९५२.२३ /- | | | |
| CRM/SQ/IR/ 2083/084/05 | खुटिया खोलाकोप्राकृतिक श्रोत नदीजन्यपदार्थ (ढुंगा,गट्टी, बालुवा, भरान तथाग्राभेल आदि) को बिक्रिशुल्क संकलन | ३,९५३ | | ८,३७,७१५.८९ /- | | | |
| CRM/SQ/IR/ 2083/084/06 | ठुलीगाड खोलाकोप्राकृतिक श्रोत नदीजन्यपदार्थ (ढुंगा,गट्टी, बालुवा, भरान तथाग्राभेल आदि) को बिक्रिशुल्क संकलन | ६,२९१.५ | | १३,३३,२८८.५३ /- | | | |

बोलपत्र जमानत: कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम बैंक जमानत वा चुरे गाउँपालिकाको लक्ष्मी सनराइजबैंक, सहजपुर शाखामारहेकोधरौटी खाता नं ०८२०५२९९६३७०३००३ मा जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस पालिकाको नाममा जारी भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ । सम्झौता भएपछि मात्र जमानत रकम फिर्ता हुनेछ ।

दरभाउ पत्र बुझाउने अन्तिम दिन बिदा पर्न गएमाबिदा लगतै पछि कार्यालय खुलेको दिन मध्यान्ह १२:०० बजे भित्र दरभाउपत्र बुझाउन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**नामथर र जन्ममिति फरक परेको सूचना**

जिल्ला प्रशासन कार्यालय चितवनको मिति २०८३।०६।०१, प.सं. ०८३।०८४, च.नं. १२३३ को प्रमाणित सम्बन्धमा शिर्षकको पत्रानुसार चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ७ निवासी भारतीय सैनिक नं. 5452679N लेसनायक **मेग राश गुरुङले** मेरो श्रीमतीको नागरिकता प्रमाणपत्र नं. ५०४२८ मा नामथर आशपुरी माया तमाङ, जन्ममिति २०२५/०१/०७ (सन् १९-०४-१९६८) भएको र पेन्सन अभिलेखमा श्रीमतीको नामथर आश पुरी गुरुङ, जन्ममिति सन् ०५-१०-१९७५ उल्लेख भई फरक परेता पनि फरक नामथर र जन्ममिति भएको मेरो श्रीमती एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाऊँ भनी पेस गरेको निवेदन सम्बन्धमा भरतपुर महानगरपालिका ७ नं. वडा कार्यालयको च.नं. ८२७, मिति २०८३/०५/२५ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिएको छ ।



नामथर र जन्ममिति परेको व्यक्ति

**इम्पेरियल इनोभेशन फण्ड लि.**
**का.म.न.पा-२, लाजिम्पाट, काठमाण्डौं**

**तेस्रो वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना**

*प्रकाशित मिति : २०८३।०६।०२*

मिति २०८३।०५।२३ गते बसेको यस कम्पनीको संचालक समितिको २६ औं बैठकको निर्णयानुसार तेस्रो वार्षिक साधारण सभा तपसिल बमोजिम उल्लेखित मिति, समय र स्थानमा निम्न प्रस्तावहरु उपर छलफल गर्नको लागि बस्ने भएको हुँदा उक्त सभामा सम्पूर्ण शेयरधनी सदस्यज्यूहरुको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०८३ साल असोज २६ गते, सोमबार
समय : अपरान्ह ४ बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा - २, लाजिम्पाट, काठमाडौं ।

**छलफलका विषयहरु**

१. आ.व. २०८२/८३ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आ.व. २०८२/८३ को लेखा परीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८३/८४ को लागि लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. विविध

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

# काठमाडौं महानगरमा २ लाख १० हजारभन्दा बढी भवनको डिजिटल नक्सांकन



■ सौर्य समाचार

काठमाडौं । काठमाडौं महानगरपालिकाभित्रका २ लाख १० हजार ९७६ भवन र १२ हजार ८११ सडकको डिजिटल नक्सांकन गरिएको छ । महानगरले भौगोलिक सूचना प्रणाली (जिआइएस) मा आधारित तथ्यांक तयार गरी भूमि व्यवस्थापन, सहरी योजना, राजस्व, विपद् व्यवस्थापन तथा नागरिक सेवा प्रवाहलाई तथ्यमा आधारित बनाउने प्रक्रिया अघि बढाएको हो । भूउपयोग परिषद्का अध्यक्ष एवं महानगरकी कार्यवाहक प्रमुख (मेयर) सुनिता डंगोलको अध्यक्षतामा बसेको बैठकले महानगर क्षेत्रभित्रका सम्पूर्ण कित्ताको कित्तागत विवरण तयार गरी भूउपयोग वर्गीकरण गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरेको छ । जग्गाको वास्तविक अवस्था, उपयोग र स्वामित्वसम्बन्धी विवरणलाई जिआइएसमा एकीकृत गर्ने निर्णय पनि बैठकले गरेको छ ।

भूउपयोग ऐन, २०७६, भूउपयोग नियमावली, २०७९ तथा सम्बन्धित निर्देशिका र मापदण्डअनुसार भूउपयोग वर्गीकरणका लागि उपलब्ध नक्सा तथा तथ्यांक अद्यावधिक गरी महानगर क्षेत्रभित्रका सम्पूर्ण कित्ताको विवरण तयार गरिनेछ । यसका लागि महानगरपालिकाले अस्थायी रूपमा 'भू-सूचना तथा भूमि व्यवस्थापन एकाइ' गठन गर्ने निर्णय गरेको छ । उक्त एकाइले भूउपयोग क्षेत्रको वर्गीकरण तथा अद्यावधिक, कित्तागत विवरण र जियोडाटाबेस निर्माण तथा अद्यावधिक, भूमि तथा जिआइएससम्बन्धी तथ्यांक व्यवस्थापन, नक्सांकन तथा प्राविधिक कामको समन्वय गर्नेछ ।

बैठकमा नापी अधिकृत अशोक श्रेष्ठले महानगरले घरधुरी सर्वेक्षणका लागि महानगर क्षेत्रका सबै स्थानमा ड्रोन तथा डिजिपिएस सर्वेक्षण गरी लेयर डिजिटाइजेसन र म्यापिङको काम सम्पन्न गरेको जानकारी दिए । हालसम्म १२ हजार ८११ सडकको नक्सांकन गरिएको र २ हजार ८०० भन्दा बढी सडकलाई मौलिक तथा वैज्ञानिक नेपाली नामसहित आधिकारिक जिआइएस डाटाबेसमा प्रविष्ट गरिएको उनले बताए । त्यस्तै, घर नम्बरिङ तथा घरधुरी सर्वेक्षणका लागि २ लाख १० हजार ९७६ भवन डिजिटल रूपमा नक्सांकन गरिएको छ । तीमध्ये २५ हजार १९ भवनको प्रमाणीकरणसमेत गरिएको छ । विद्यालय, अस्पताल, पाटी, नदी, सम्पदा स्थल तथा सार्वजनिक संरचनाको डिजिटल जिआइएस अभिलेख तयार भइसकेको महानगरले जनाएको छ ।

भूमि व्यवस्थापनतर्फ गत २ वैशाखदेखि महानगरका १० वडाबाट सेवा सुरु गरिएको थियो । ३० भदौसम्म ३५० भन्दा बढी निवेदन परेकोमा २८० भन्दा बढी लिखत पारित तथा ५० भन्दा बढी नामसारीसम्बन्धी निवेदन फर्स्योट गरी स्वामित्व हस्तान्तरण गरिएको छ । वडा-१५ बाट मात्रै ६५ वटा कारोबार सम्पन्न भएका छन् । महानगरले आगामी दिनमा सबै ३२ वडाबाट भूसेवा सञ्चालन गरी केन्द्रबाटै नापी तथा मालपोतसम्बन्धी सेवा उपलब्ध गराउने लक्ष्य राखेको छ । भूउपयोग वर्गीकरणअन्तर्गत कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी-खोला-ताल-सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पूरातात्त्विक महत्त्वलगायत क्षेत्र निर्धारण गरिनेछ । आवश्यकताअनुसार अन्य क्षेत्रसमेत तोक्न सकिने व्यवस्था रहेको छ ।

वर्गीकरणको अन्तिम प्रक्रियामा नापी विभागबाट प्राप्त नक्सा तथा तथ्यांकको अध्ययन, जनप्रतिनिधिलाई जानकारी, आधार तथा मापदण्ड तयारी, सरोकारवालासँग छलफल, भूउपक्षेत्र वर्गीकरण, नक्सा तयार तथा स्वीकृति र अन्तिम कित्तागत विवरण सार्वजनिक गरिनेछ । स्वीकृत नक्सा तथा कित्तागत विवरण महानगरको वेबसाइट र सूचना पाटीमार्फत सार्वजनिक गरी सम्बन्धित मालपोत तथा नापी कार्यालयमा पठाइनेछ । बैठकमा नापी विभागको भूउपयोग शाखाका प्रमुख नापी अधिकृत खिम राना र नापी अधिकृत प्रकाश दुलाले भूउपयोग वर्गीकरण प्रक्रियाबारे प्रस्तुतीकरण गरेका थिए ।

महानगरले आगामी दिनमा ड्रोन तथा लाइडार प्रविधि, तथ्यांक प्रशोधन तथा विश्लेषणमार्फत डिजिटल प्रशासन र स्थानमा आधारित योजना निर्माणलाई प्राथमिकता दिने जनाएको छ । जिआइएसको प्रयोग स्मार्ट टोल, सडक सुरक्षा तथा यातायात व्यवस्थापन, ई-रजिस्ट्रेसन, सामाजिक नक्सांकन तथा घरधुरी सर्वेक्षणलगायत क्षेत्रमा विस्तार गर्ने योजना महानगरको छ ।


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०६/०२ गतेको सौर्य राष्ट्रिय दैनिक**

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय भरतपुर, चितवनबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | **शाखा कार्यालय : भरतपुर, चितवन** | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : ईश्वर लक्ष्मी सप्लायर्स**<br>प्रदेश सरकार, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, भरतपुर, चितवन<br>दर्ता नं. १८००/०७७/२०७८, दर्ता मिति : २०७७/१२/२२, पान नं. ६१५७२०११९, दर्ता मिति : २०७७/१२/२३<br>ठेगाना : चितवन जिल्ला, भरतपुर वडा नं. १०, **प्रोप्राईटर : लक्ष्मी थापा** | |
| | **ऋणी तथा जमानतकर्ताको विवरण** | |
| | **नाम : लक्ष्मी थापा**<br>ना.प्र.नं. ०३१५६१, जि.प्र.का. चितवन, जारी मिति : २०६३/०५/२७<br>पतिको नाम : ईश्वर थापा, ससुराको नाम : बाल कृष्ण थापा<br>ठेगाना : चितवन जिल्ला, बिरेन्द्रनगर वडा नं. ८, हाल : चितवन जिल्ला, भरतपुर वडा नं. १० | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : ईश्वर थापा**<br>ना.प्र.नं. १९७८/०४४, जि.प्र.का. चितवन<br>जारी मिति : २०५३/१२/१२<br>बाबुको नाम : बाल कृष्ण थापा<br>बाजेको नाम : मान बहादुर थापा<br>ठेगाना : चितवन जिल्ला, बिरेन्द्रनगर वडा नं. ८<br>हाल : चितवन जिल्ला, भरतपुर वडा नं. १० | **२. नाम : बाल कृष्ण थापा**<br>ना.प्र.नं. ६७३, जि.प्र.का. चितवन<br>जारी मिति : २०३७/०४/२८<br>बाबुको नाम : बाल कृष्ण थापा<br>बाजेको नाम : कविराज<br>ठेगाना : चितवन जिल्ला, बिरेन्द्रनगर वडा नं. ८<br>हाल : चितवन जिल्ला, भरतपुर वडा नं. १० |
| | **३. नाम : उत्सव थापा**<br>ना.प्र.नं. ३५-०१-७५-१११९९, जि.प्र.का. चितवन, जारी मिति : २०७५/११/२६<br>बाबुको नाम : ईश्वर थापा, बाजेको नाम : बाल कृष्ण थापा<br>ठेगाना : चितवन जिल्ला, राप्ति वडा नं. ९, हाल : चितवन जिल्ला, भरतपुर वडा नं. १० | |
| | **धितोको विवरण** | |
| | १. बाल कृष्ण थापाको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, बिरेन्द्रनगर वडा नं. ६ ख स्थित कि.नं. २५८ को क्षेत्रफल ०-१-१ (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. लक्ष्मी थापाको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, अयोध्यापुरी वडा नं. २ क स्थित कि.नं. १४४६ को क्षेत्रफल ५०७.९७ (व.मि.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : भरतपुर, चितवन, फोन नं. ०५६-५९०७१६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## Ramdhuni Municipality

**Office of Municipal Executive**
**Jhumka, Sunsari**
**Koshi Province, Nepal**

### Invitation for Sealed Quotation

**Invitation for Sealed Quotation for the procurement of Supply and Delivery of Sanitary pad for Ramdhuni Municipality**
**Sealed Quotation No: RMY/SQ/02/083/084**

**Date of Publication: 18-09-2026**

1. The Ramdhuni Municipality Office, Sunsari invites sealed quotations from registered Suppliers for the Supply and Delivery of Sanitary pad for Ramdhuni Municipality.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Ramdhuni municipality, Sunsari, 9842463683, , ito.ramdhunimun@gmail.com.
3. A complete set of Bidding Documents may be purchased from Ramdhuni Municipality Office, Sunsari by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, other bidding document as mentioned in bid document and upon payment of a non-refundable fee of NRs.1000.00 till 24-09-2026 during office hours.
4. Bidder who chooses to submit their bids should deposit the cost of bidding document in the following account
   **i. Name of the Bank :NIC Asia Bank Ltd.**
   **ii. Name of Office :Ramdhuni Municipality Office, Sunsari**
   **iii. Office Code no :** **iv. Office Account No : 0892050027908002**
   **v. Rajaswa (revenue) Shirshak No : GA-1.1 AANTARIK RAJASWA KHATA-RAMDHUNI NAGARPALIKA**
5. Sealed bids must be submitted to the office Ramdhuni Municipality Office, Sunsari by hand on or before 25-09-2026 12:00 PM. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 25-09-2026 1:00 PM at the office of Ramdhuni Municipality, Sunsari, Koshi Province Nepal.Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 37,000 , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[0892050027908015] at [NIC Asia Bank Ltd. , Jhumka,Sunsari] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



## Thaha Municipality

थाहा नगरपालिका

**Office of the Municipal Executive**
**Indrayanichaur, Makawanpur**

### Invitation for Bids

Date of publication: 18/09/2026 (02/06/2083)

1. Due to the technical issues in the e-GP system and notice issued by the public procurement Monitoring office (PPMO), Thaha Municipality office invites offline bids from eligible bidders for the below mentioned works under National Competitive Bidding procedures.
2. Interested and eligible bidders shall apply, copy of firm/company registration certificate and proof of payment of the non-refundable bid document fee to this office, and thereafter purchase the bidding documents and submit their sealed hard copy bids within the prescribed time.

| S. N. | Contract identification No. | Description | Estimated Cost (Without VAT and contingency but including PS) | Bid Security Amount (NRs) | Bid Validity Period /Bid Security Vality Period | Bid Document fee (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | TMM/NCB/ Rivertrainingworks/ 01/2083/084 | Baghekhola Triveni River Training Works Thaha-03 | 6,094,507.8 | 180,000.00 | 90 Days/ 120 Days | 3,000.00 | 1S1E |
| 2. | TMM/NCB/ Differentprojects/ 02/2083/084 | Wardwise different projects combined thaha-3 | 6,877,084.3 | 200,000.00 | 90 Days/ 120 Days | 3,000.00 | 1S1E |

| Information to deposit the cost of bidding Document in the following specified Bank: | | The following details shall apply regarding the purchase submission of bids: | | |
|---|---|---|---|---|
| **Name of Bank** | Agricultural Development Bank Ltd | Pre-Bid meeting | Last Date of Bid Submission | Date of Bid Opening |
| **Name of Office** | Thaha Municipality office, makwanpur | | | |
| **Office Code No.** | 80332401300 | 30/09/2026 (2083/06/14) 13:00 hours | 09/10/2026 (2083/06/23) 12:00 hours | 09/10/2026 (2083/06/23) 13:00 hours |
| **Office Revenue Account No.** | 0508401155738121 | | | |
| **Account Name** | THAHA MUNICIAPLITY GA 1.1 INTERNAL REVENUE | | | |
| **Revenue Shirshak No.** | 14249 | | | |

3. Information to deposit the cost of the bid Security amount in the Bank:

| | |
|---|---|
| **Account Name** | THAHA MUNICIPALITY GA 3.1 LOCAL LEVEL DEPOSIT |
| **Name of Bank** | Agricultural Development Bank Ltd. |
| **Deposit Account No.** | 0508401155738030 |
| **Office Code No.** | 80332401300 |

4. Any Condition so far not covered shall be as per Public Procurement Act 2063 (as amended by public procurement (Second Amendment Act 2083) and (as amended by public procurement (Sixteenth Amendment) Regulation,2083), Any amendment to this Tender Notice shall be published on the official website of Thaha municipality www.thahamun.gov.np.
5. For Further information, visit Thaha municipality office, Indrayanichaur Makwanpur or contact to 057400056/ thahainicipality@gmail.com.
6. The employer has a right to accept or reject the bid whatsoever.

**Chief Administrative Officer**

## नबिल बैंक लिमिटेड, सुनवल शाखा, नवलपरासीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मितिः २०८३/०६/०२)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०२/२३ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **सुनवल शाखा, नवलपरासी**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

| | तपसिल |
|---|---|
| १ | **ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण** |
| | प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार घरेलु तथा साना उद्योग विभागमा मिति २०६७/०६/१५ मा प्रा.फ.र.नं. १८७/२११७/०६७/०६८ अन्तर्गत दर्ता भएको **श्री रेपिड कमर्सियल सेन्टर**। ठेगानाः नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. १, सुनवल बजार, नवलपरासी। **ऋणी फर्मका प्रोप्राइटर को नाम र ठेगानाको विवरण :** गोवर्धन ढकालको नाति अनरुद्ध ढकालको छोरा नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. ४ बस्ने, ना.प्र.नं. ९२६२ (जारी मितिः २०४८/०७/१७, स्थान नवलपरासी) भएका **दिपक ढकाल**। |
| | **ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | १. देवी प्रसाद शर्माकी छोरी अनरुद्ध ढकालकी बुहारी दिपक ढकालकी श्रीमती नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. ४ बस्ने, ना.प्र.नं. ३६३०३९/७४२ (जारी मितिः २०६३/११/२२, स्थान नवलपरासी) भएकी **मिना ढकाल**। |
| २ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | गोवर्धन ढकालको नाति अनरुद्ध ढकालको छोरा नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. ४ बस्ने, ना.प्र.नं. ९२६२ (जारी मितिः २०४८/०७/१७, स्थान नवलपरासी) भएका **दिपक ढकाल**। |
| | **ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | १. देवी प्रसाद शर्माकी छोरी अनरुद्ध ढकालकी बुहारी दिपक ढकालकी श्रीमती नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. ४ बस्ने, ना.प्र.नं. ३६३०३९/७४२ (जारी मितिः २०६३/११/२२, स्थान नवलपरासी) भएकी **मिना ढकाल**। २.अनरुद्ध ढकालकी नातिनी दिपक ढकालकी छोरी नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. ४ बस्ने, ना.प्र.नं. ३६-०१-७२-०१८१८ (जारी मितिः २०७२/०३/१३, स्थान नवलपरासी) भएकी **मोनालिसा ढकाल**। ३. अनरुद्ध ढकालकी नातिनी दिपक ढकालकी छोरी नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. ४ स्थायी घर भई हाल चितवन जिल्ला भरतपुर उ.म.न.पा वडा नं. १६ बस्ने, ना.प्र.नं. ३६-०१-७५-०१९१९ (जारी मितिः २०७५/०३/३१, स्थान नवलपरासी) भएकी **मानवता ढकाल**। ४. गोवर्धन ढकालको नाति अनरुद्ध ढकालको छोरा नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. ४ बस्ने, ना.प्र.नं. ७४८६७ (जारी मितिः २०६१/०७/०२, स्थान नवलपरासी) भएका **राजु ढकाल**। |
| | **रेपिड कमर्सियल सेन्टर र दिपक ढकालको संयुक्त धितोको विवरणः** |
| | **धितोमा रहेको घर/जग्गाको विवरणः** नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. ४ बस्ने **दिपक ढकाल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला सुनवल न.पा वडा नं. १ नक्सा सीट नं. १क मा अवस्थित कि.नं. २०२६ क्षेत्रफल ०-७-४१/४ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। |

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा सुनवल शाखा, नवलपरासी**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०६/१६ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा सुनवल शाखा, नवलपरासी**मा बुझाई सक्नु पर्नेछ।

३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/१९ गते ४:०० बजे बैंकको **सुनवल शाखा, नवलपरासी**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहादैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।

४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ।

५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।

६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।

७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।

८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।

९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुर्‍याई दर्ता हुनआएकोबोलपत्रउपर कुनै कारवाही हुने छैन। साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ। सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ।

११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **ककेन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा सुनवल शाखा, नवलपरासीमा जिल्ला**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

१२.अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

# १८ दिनपछि कृष्णभिरमा सडक दुईतर्फी खुल्यो, यातायातकर्मी उत्साहित



**सौर्य समाचार**

चितवन। पृथ्वी राजमार्गको कृष्णभिरमा पहिरोले १८ दिन सडक अवरुद्ध बनाएपछि राजधानी भित्रिने यातायातका साधन सहज रूपमा चल्न सकेका थिएनन्। ठुला सवारीसाधन बाटोमै रोकिएका थिए भने साना सवारीसाधन वैकल्पिक मार्ग प्रयोग गरेर काठमाडौँ ओहोरदोहर गर्ने गरेका थिए। मालवाहक ठुला सवारीसाधन राजधानी प्रवेश गर्न सकेका थिएनन्। एलपी ग्यासका बुलेट तराईका उद्योगमा बोटलिङ गरेर लैजानुपर्ने बाध्यता थियो। ठुला मालवाहक ट्रक हेटौँडातर्फबाट गुडाउन चालकलाई निकै कठिन भएको थियो। कतिपय ठुला सवारीसाधन बाटोमै रोकिएका थिए। पर्यटकीय बस चल्न सकेका थिएनन्।

सरकारले द्रुत गतिमा गरेका कामका कारण छोटो समयमा नै कृष्णभिरको सडक बनेपछि यातायात व्यवसायी उत्साहित भएका छन्। राजधानीतर्फ जाँदै गरेका माइक्रोबसका धनी तथा चालक राजु थापा कृष्णभिरको सडक दुईतर्फी रूपमा खुलेपछि सेवा दिन सहज भएको बताउँछन्। उनले भने, 'कृष्णभिरमा पहिरो गएपछि मैले २ वटा माइक्रोबस २ तर्फ नै राखेर यात्रुलाई सेवा दिँदै आएको थिएँ।' थापाले नारायणगढबाट यात्रु लिएर कृष्णभिरसम्म र भिरमा यात्रुलाई हिँडाएर पारि आफ्नै अर्को माइक्रोबसमा राखेर काठमाडौँसम्म यात्रु पुर्‍याउने कार्य गर्दै आएका थिए।

काठमाडौँबाट नारायणगढ आइपुगेका ट्रकका चालक शिवकुमार थारूले कृष्णभिर बन्द हुँदा निकै दुःख पाएको गुनासो गरे। आफू काठमाडौँ जाँदा हेटौँडा हुँदै गएको र बाटो बनेको थाहा पाएर कृष्णभिर हुँदै बुधबार फर्किएको उनले बताए। हेटौँडातर्फबाट जाँदा साँघुरो बाटो र धेरै ठाउँमा बिग्रिएका कारण दुःख पाएको उनको भनाइ छ। थारूले भने, 'हामीलाई पृथ्वी राजमार्ग नै सजिलो हुन्छ।' अर्को ट्रकका चालक खुशीयाल पठान बुधबारै कृष्णभिर हुँदै नारायणगढ आएका थिए। भैरहवा जान लागेका पठानले सडक बनेपछि सहज भएको बताए। हेटौँडा हुँदै जाँदा बाटो लामो हुने र दुःख पाइने भन्दै उनले पृथ्वी राजमार्ग हुँदै आउँदा धेरै सहज भएको बताए। सरकारले छोटो समयमा वैकल्पिक मार्ग बनाएकामा उनले धन्यवाद दिए।

भैरहवाबाट काठमाडौँ जाँदै गरेका बसका चालक आशिष क्षेत्री सडक बनेपछि आफूहरूलाई सहज भएको बताउँछन्। यसअघि काठमाडौँ जाँदा हेटौँडा हुँदै गएको भन्दै उनले जामका कारण २ दिन समय लागेको बताए। हेटौँडा हुँदै जाँदा सडक ८१ किलोमिटर लामो पर्ने क्षेत्रीको भनाइ छ। उनले भने, 'सडक साँघुरो, ठाउँठाउँमा भत्किएको र लामो हुँदा दुःख पाइयो।' काम गरे सकिन्छ भन्ने प्रमाण कृष्णभिरले दिएको भन्दै उनले सरकारले गरेको कामको प्रशंसा गरे।

पर्साको ठोरीबाट काठमाडौँ आवतजावत गर्ने बसका चालक रुपेश परियार कृष्णभिरको पहिरोपछि आफूले बस चलाउन छाडेको बताउँछन्। वैकल्पिक बाटो जाँदा लामो र अप्ठ्यारो हुने हुँदा बस थन्क्याउनुपरेको र अब सडक बनेसँगै पृथ्वी राजमार्ग हुँदै जाने उनले बताए। उनले भने, 'हेटौँडा हुँदै जाँदा खर्च नधान्ने भएपछि हामीले बस चलाउन बन्द गर्नुपर्ने अवस्था आयो।' कृष्णभिरमा सडक बनेपछि बुधबार साँझ सडकमा रोकिएका सवारीसाधन आवतजावत गराइएको थियो। चितवन तर्फबाट मात्रै १ हजार ९०० हाराहारी रोकिएका सवारीसाधन काठमाडौँ पठाइएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी उपरीक्षक रामेश्वर पौडेलले बताए। बुधबार बिहानदेखि सहज रूपमा सवारीसाधन कृष्णभिर हुँदै आवतजावत गरेका उनले जानकारी दिए।

कृष्णभिरको सडक फेदमा त्रिशूली नदीले कटान गरेपछि सडक पूर्ण रूपमा भाँसिएको थियो। झण्डै १०० मिटर सडक भाँसिएपछि नजिकैबाट भित्तो काटेर वैकल्पिक मार्ग बनाइएको हो। नियमित रूपमा तीव्र गतिमा काम गरिएकै कारण १८औँ दिनमा पूर्ववत् अवस्थामा बुधबार बिहानदेखि सडक सञ्चालनमा आएको हो। यसबीचमा रोकिएका र वैकल्पिक मार्ग भएर जाँदा दुःख पाएका सवारी चालकहरूले सडक बनेसँगै खुसी व्यक्त गरेका छन्।

## बिग्रिएका सडकबारे गुनासो गर्न सडक सुझाव एप सञ्चालन

काठमाडौँ। काठमाडौँ उपत्यकाभित्र बिग्रिएका संघीय सडकको मर्मतलाई प्रभावकारी बनाउन सडक सुझाव एप सञ्चालनमा ल्याइएको छ। पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको सडक डिभिजन काठमाडौँले सफल परीक्षणपछि एपलाई औपचारिक रूपमा सञ्चालनमा ल्याएको हो। पूर्वाधार विकासमन्त्री सुनील लम्सालको निजी सचिवालयका अनुसार काठमाडौँ उपत्यकाभित्रका नागरिकले संघीय सडकअन्तर्गतका बिग्रिएका सडकको मर्मतसम्बन्धी गुनासा तथा सुझाव एपमार्फत दर्ता गर्न सकिने जनाएको छ।

एपमार्फत दर्ता गरिएका गुनासाको समाधान प्रक्रिया र अवस्थासमेत नागरिकले प्रत्यक्ष रूपमा हेर्नसक्ने व्यवस्था गरिएको छ। गुनासा सम्बोधन भएपछि त्यसको जानकारीसमेत एपमार्फत प्राप्त हुने सडक डिभिजन कार्यालय काठमाडौँले जनाएको छ। हाल सडक सुझाव एपमार्फत काठमाडौँ उपत्यकाभित्र संघीय सडकअन्तर्गत रहेका करिब ४७२ किलोमिटर सडकसम्बन्धी गुनासो तथा सुझाव दर्ता गर्न सकिनेछ।

संघीय सडकअन्तर्गत नपर्ने सडकका सम्बन्धमा भने उक्त सडक कुन निकायको जिम्मेवारीमा पर्छ भन्ने जानकारीसमेत नागरिकलाई उपलब्ध गराइने सडक डिभिजन कार्यालय काठमाडौँले जनाएको छ। सडक मर्मतसम्बन्धी गुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै एपलाई देशव्यापी रूपमा विस्तार गर्ने तयारी अघि बढाइएको छ। आगामी २ हप्ताभित्र ललितपुर र भक्तपुरलाई एपमा समावेश गरी सेवा विस्तार गर्ने र क्रमशः देशभर सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ।

## Lamahi Municipality
## Office of the Municipal Executive

Lamahi Dang

Lumbini Province, Nepal

**Invitation for NCB**

(Date of Publication: 2083/06/02)

1. Lamahi Municipality invites NCB (Hard Copy only) from eligible bidders for the construction of the contract mentioned in table below:

| S. N. | Name of Works | Contract ID | Estimated Amt. Without VAT & PS (NRs.) | Bid Doc. Fees (NRs.) | Bid Security Amount. NRs | Last Date & Time for Purchase of Bid Document (B.S) |
|---|---|---|---|---|---|---|
| 1. | Construction of Rihar Chyaukhola Ringroad | 01-LAMAHI-NCB-2083/084 | 49,54,641 | 3,000 | 1,70,000 | 2083/06/22 5:00 PM |

| | |
|---|---|
| Last Date & Time for bid submission :- 2083/06/23 (Till 12:00 pm) Place:- Lamahi Municipality, Lamahi Dang | Date, Time & place of bid opening :- 2083/06/23 (12:30 pm) Place:- Lamahi Municipality, Lamahi Dang |
| Bid Validity period | 120 Days |
| Account No.for bid document purchase/Bid Fee | Name of the Bank: Rastriya Banjiya Bank<br>Name of Office: Lamahi Municipality<br>Office Code no. 801055603<br>Account no.: 4290100301010002<br>Antarik Rajaswa Khata<br>Rajaswa (revenue) Shirshak no.: 14229 |
| Account No for bid security deposit | Account Name: Dharauti Khata<br>Bank Name: Rastriya Banjiya Bank<br>Bank Address: Lamahi Dang<br>Account Number: 4290100303000002 |

2. If the last date of purchasing and /or submission falls on a government holiday, then the same time on next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Office**

## घडियाल गोहीको प्राकृतिक बासस्थान जोखिममा

**सौर्य समाचार**

बाँके। स्थानीय राप्ती नदीमा छाडिएको दुर्लभ प्रजातिका घडियाल गोहीको संरक्षण तथा प्राकृतिक बासस्थान जोखिममा परेको छ। बाँके राष्ट्रिय निकुञ्जले ३ वर्षदेखि मध्यवर्ती क्षेत्रअन्तर्गत पर्ने उक्त नदीमा दुर्लभ प्रजातिका घडियाल गोही छाड्दै आएको छ। निकुञ्जले नदीमा छाडेका ती गोही अहिले निकै कम देखिएको स्थानीयको भनाइ छ।

गोही संरक्षणमा लागेकी राप्ती सोनारी-१ की स्थानीय शारदा खुनाले अहिलेसम्म राप्तीमा २५ वटा गोही छाडिएको भए पनि संख्या बढ्दै जानुको सट्टा घट्दै गएको भनी चिन्ता व्यक्त गरिन्। गत वर्ष अनुगमनमा १२ वटा गोही देखिएको उल्लेख गर्दै यस वर्ष भने गणना गर्न बाँकी रहेको जानकारी दिइन्। नदी वरिपरि मान्छेको आवतजावत र आहारा प्रजाति नहुनुजस्ता कारणले राप्तीमा घडियालको वासस्थान संकटमा परेको खुनाको भनाइ छ।

प्राकृतिक वासस्थानका रूपमा रहेको त्यस नदीमा घडियाल गोहीको बासस्थान जोखिममा परेकाले गोहीको सुरक्षा हुन नसकेको बाँके राष्ट्रिय निकुञ्जले जनाएको छ। राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष गेहेन्द्रकुमार खड्काले राप्तीमा घडियाल गोहीको बासस्थान जोखिममा रहेको बताउँछन्। नदीमा आश्रित समुदायका लागि आयआर्जनको विकल्प नखोजेसम्म राप्तीमा घडियाल संरक्षण गर्न चुनौती रहेको उनको भनाइ छ। अध्यक्ष खड्काका अनुसार राप्तीमा आश्रित समुदायका कारणले गर्दा पनि यहाँ घडियाल गोही असुरक्षित भएका हुन्।

अहिले पनि ठुलो समुदाय नदीमा आश्रित रहेको छ र सो समुदायले माछा मार्ने र सुन चालेर जीविकोपार्जन गर्ने भएकाले नदीमा आश्रित रहेका समुदायलाई विकल्प दिनुपर्ने उनले उल्लेख गरे। पर्यटकीय गतिविधिसँग जोडेर नदीमा आश्रित समुदायलाई जीविकोपार्जनसम्बन्धी काम दिन सकिनेमा जोड दिँदै खडकाले राप्तीमा घडियाल गोहीको संरक्षण हुन नसकेको बताए। निकुञ्जका कार्यालय प्रमुख एवं वरिष्ठ संरक्षण अधिकृत वीरेन्द्र कँडेलले पछिल्लो समयमा सिमसार क्षेत्र अतिक्रमणको चपेटामा परेको अवस्थामा गोही संरक्षणमा चुनौती देखिएको बताए। उनले नदीमा गोहीको आहारा माछाको पनि कमी भएको उल्लेख गर्दै मानवको आवतजावतले पनि गोही संरक्षणमा अवरोध खडा गरेको बताए।

गोही विज्ञका अनुसार घडियाल विशेषगरी नेपाल र भारतमा मात्रै पाइन्छ। केही वर्ष अगाडि पाकिस्तान, भुटान र बंगलादेशमा घडियाल फेला परेको जनाइएको छ। घडियाललाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले पनि संरक्षित वन्यजन्तुको सूचीमा सूचीकृत गरेको छ। गोहीलाई कसैले मारेको खण्डमा सजाय हुने व्यवस्था गरिएको छ। कसैले सिकार गरेमा वा मारेको ठहर भएमा १ लाखदेखि ५ लाख रुपैयाँसम्म जरिमाना वा १ वर्षदेखि १० वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ।

गोहीविज्ञका अनुसार 'मगर' प्रजातिको गोहीभन्दा 'घडियाल' शान्त स्वभावको मानिन्छ। घडियाल मान्छेलाई आक्रमण गर्दैन। घडियालको प्रमुख आहारा माछा हो। सफा पानीमा मात्र बस्न रुचाउने घडियाल गोहीका लागि राप्ती नदी उपयुक्त वासस्थान भए पनि नदी आसपास मानव बस्तीले संरक्षणमा चुनौती खडा गरेको छ। माछा मार्ने व्यवसाय गर्दै आएका खुना, कुमाल, बादीलगायतका समुदायको राप्ती नदी आसपासमा बाक्लो बसोबास रहेकाले घडियाल गोहीको प्राकृतिक वासस्थान जोगाउन पनि चुनौतीपूर्ण रहेको स्थानीयकै भनाइ छ।

# मर्स्याङ्दी नदी करिडोर मनाङका हिमतालको जोखिममा



सौर्य समाचार

लमजुङ। मनाङका हिमतालमा देखिएको जोखिमले मर्स्याङ्दी नदी आसपासका तल्लो तटीय क्षेत्रको सुरक्षाबारे चासो बढाएको छ। हिमताल विस्फोटबाट अचानक ठुलो बाढी आएमा त्यसको प्रभाव मर्स्याङ्दी नदी हुँदै तल्लो तटीय क्षेत्रमा पर्न सक्ने भएकाले जोखिमको अध्ययन, नियमित अनुगमन, पूर्वसूचना र विपद् प्रतिकार्यको तयारी आवश्यक देखिएको हो। मनाङको नासो गाउँपालिका-२ मा रहेको डोना (थुलागी) हिमताललाई विगतदेखि नै सम्भावित जोखिमयुक्त हिमतालका रूपमा पहिचान गरिएको छ। विभिन्न अध्ययनले तालको क्षेत्रफल करिब ०.९ वर्गकिलोमिटर आसपास रहेको देखाएका छन्। सन् २०१७ मा गरिएको सर्वेक्षणले तालको अधिकतम गहिराइ ७६ मिटर रहेको देखाएको थियो। ती अध्ययन केही वर्षअघिका भएकाले अहिले तालको क्षेत्रफल, पानीको मात्रा, हिमनदीको अवस्था तथा ताल वरपरको भौगोलिक संरचनामा के-कस्तो परिवर्तन आएको छ भन्ने विषय पुनः अध्ययन गर्नुपर्ने आवश्यकता बढेर गएको छ। विगतमा पहिचान गरिएको जोखिम अहिले कस्तो अवस्थामा छ भन्नेबारे थप स्पष्टता आवश्यक रहेको देखाउँछ।

नासो गाउँपालिका-२ का वडाध्यक्ष रवि गुरुङका अनुसार डोना हिमताल जोखिमयुक्त अवस्थामा रहे पनि तत्काले केही हुने अवस्था छैन। तालको आकार विगतको तुलनामा परिवर्तन हुँदै गएको र विस्तार भइरहेको उनले बताए। 'ताल जोखिममा छ, अहिलेसम्म केही भएको छैन। आकार पहिलाको भन्दा फरक हुँदै ठूलो भइरहेको छ,' उनले भने। तालको जोखिम न्यूनीकरणका लागि गाउँपालिकाले पहल गरिरहेको भए पनि संरक्षणका लागि ठुलो बजेट आवश्यक पर्ने उनले बताए।

प्रदेश र संघीय सरकारसँग आवश्यक सहयोगका लागि पहल भइरहेको तथा जोखिमबारे स्थानीयलाई सूचना दिने र सचेत गराउने काम भइरहेको उनको भनाइ छ। उनका अनुसार मनास्लु हिमालको फेदीमा रहेको डोना ताल प्राकृतिक सौन्दर्यका कारण पर्यटकको आकर्षणसमेत बनेको छ। विदेशी तथा आन्तरिक पर्यटक गरी वार्षिक २०० जना ताल क्षेत्रमा पुग्ने गरेको उनले बताए।

मनाङका प्रमुख जिल्ला अधिकारी मुक्तिप्रसाद खनालले डोना हिमताल जोखिमयुक्त अवस्थामा रहेको र यसको जोखिम न्यूनीकरणका लागि थप अध्ययन तथा पहल आवश्यक रहेको बताए। उनका अनुसार तालमा बालुवा तथा माटो थुप्रिँदै गएकाले चिन्ताको विषय बनेको छ। 'ताल तत्काल फुट्छ भन्न सकिँदैन, तर तत्काल फुट्दैन भन्न सकिने अवस्था पनि छैन। जुनसुकै बेला जोखिम हुनसक्छ,' उनले भने।

जिल्लामा विपद् प्रतिकार्यको सामान्य तयारी भए पनि ठुलो आयामको हिमताल विस्फोटजन्य बाढी आएमा त्यसलाई सामना गर्ने क्षमता सीमित रहेको उनले बताए। जोखिम न्यूनीकरणका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा अनुरोध गरिएको र जिल्लास्तरीय बैठकबाट समेत आवश्यक पहल गर्ने निर्णय भएको उनको भनाइ छ। ताल फुटेमा मनाङका विभिन्न बस्ती हुँदै मर्स्याङ्दी नदीको बहाव क्षेत्रका तल्लो जिल्लासम्म प्रभाव पर्न सक्ने उनले बताए। बस्ती, सडक, जलविद्युत् आयोजना तथा अन्य भौतिक संरचनामा क्षति पुग्न सक्ने भएकाले समयमै सूचना प्रवाह गरी मानवीय क्षति रोक्नुपर्ने उनको भनाइ छ।

यसैगरी, लालुपाते हाइड्रोपावरले डोना ताल आसपासमा जलविद्युत् आयोजना निर्माणको प्रक्रिया अघि बढाइरहेको र तालको पानी उपयोग गर्ने विषयमा अध्ययन भइरहेको प्रजिअ खनालले बताए। तालको जोखिम र त्यससँग जोडिएका संरचनालाई समेत ध्यानमा राखेर आवश्यक अध्ययन तथा सावधानी अपनाउनुपर्ने उनको भनाइ छ।

हिमतालका जानकार सुदन विकास महर्जनले डोना हिमतालको हालको अवस्था बढेको वा घटेको बारेमा स्थलगत अध्ययन नगरी यकिन गर्न नसकिने बताए। हिमतालको जोखिम विगतदेखि नै रहेको र यस्ता तालको नियमित अनुगमन आवश्यक रहेको उनको भनाइ छ। उनका अनुसार जोखिमयुक्त हिमतालको २-३ वर्षको अन्तरालमा अनुगमन गर्नु आवश्यक हुन्छ। सरकारले त्यस्ता हिमतालको स्थलगत निरीक्षण गरी जोखिम न्यूनीकरणका लागि आवश्यक पहल गर्नुपर्ने उनले बताए। मर्स्याङ्दी नदी मनाङबाट लमजुङ हुँदै गोरखा र तनहुँ पार गरी त्रिशूली नदीमा मिसिन्छ। त्यसैले डोना हिमतालबाट उत्पन्न हुन सक्ने ठुलो बाढीको जोखिमलाई मनाङमा मात्र सीमित नराखी मर्स्याङ्दी नदीको तल्लो तटीय क्षेत्रसम्म जोडेर हेर्नुपर्ने देखिएको छ।

लमजुङका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद खनालले डोना हिमतालका कारण मर्स्याङ्दी नदीमा बाढी आएको खण्डमा जिल्लाको तल्लो तटीय क्षेत्र जोखिममा पर्न सक्ने बताए। उनका अनुसार सुन्दरबजार आसपासका तल्लो भूभाग, बैंसीसहरका केही तल्लो क्षेत्र तथा मर्स्याङ्दी करिडोरमा रहेका जलविद्युत् आयोजनासमेत जोखिममा पर्न सक्छन्।

'मनाङ र लमजुङ बढी जोखिममा पर्न सक्ने क्षेत्र हुन्। ताल फुट्छ वा फुट्दैन भनेर अहिले नै निश्चित भन्न सकिने अवस्था छैन,' उनले भने। उनका अनुसार ठुलो आयामको विपद् आएमा अहिलेको स्रोतसाधनले त्यसलाई सामना गर्न कठिन हुनसक्छ। त्यसैले पूर्वसूचना प्रवाह गर्ने तथा मानवीय जीवन जोगाउने विषयलाई प्राथमिकतामा राखेर विपद् तयारी गरिएको उनले बताए।

बाढीको जोखिमलाई पूर्ण रूपमा रोक्न नसकिए पनि नियमित अनुगमन, जोखिमको पुनःमूल्यांकन, पूर्वसूचना प्रणाली, सम्भावित बाढीको बहाव क्षेत्रको पहिचान तथा स्थानीय तह र सुरक्षा निकायबीचको समन्वयबाट क्षति न्यूनीकरण गर्न सकिने देखिन्छ। मर्स्याङ्दी नदी आसपासमा बस्तीका साथै सडक, पुल, जलविद्युत् आयोजना तथा अन्य महत्त्वपूर्ण पूर्वाधार रहेकाले हिमतालको जोखिमलाई माथिल्लो हिमाली क्षेत्रमा मात्र सीमित विषयका रूपमा नहेरी तल्लो तटीय क्षेत्रको विपद् व्यवस्थापन योजनासँग जोड्नुपर्ने देखिन्छ।

# देउमाईमा बोलेरो दुर्घटना हुँदा चालकको घटनास्थलमै मृत्यु

निशान निरौला

इलाम। जिल्लाको देउमाई नगरपालिका-१ साधुगाउँमा बोलेरो दुर्घटना हुँदा चालकको घटनास्थलमै मृत्यु भएको छ। बिहीबार बिहान साधुगाउँबाट देउरालीतर्फ आउँदै गरेको प्र.१-०१-००१ ज ३७०६ नम्बरको बोलेरो भित्री सडकखण्डमा पल्टिँदा देउमाई-१ चमैता निवासी करिब ३५ वर्षीय चालक तीर्थराज बस्नेतलाई गाडीले थिचेको थियो। दुर्घटनामा उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनाबारे बिहान ६ बजे प्रहरीचौकी रक्सेमा जानकारी प्राप्त भएपछि प्रहरी सहायक निरीक्षक गेहनाथ तिम्सिनाको कमान्डमा ट्राफिकसहितको टोली घटनास्थलतर्फ खटिएको थियो। टोली बिहान ७:५० बजे घटनास्थलमा पुगेको थियो। प्रारम्भिक अनुसन्धानअनुसार दुर्घटनाका बेला बोलेरोमा चालक बस्नेत एक्लै सवार रहेको बुझिएको छ।



घटनाको थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाउन इलाका प्रहरी कार्यालय मंगलबारेबाट प्रहरी निरीक्षक सन्तोषकुमार राईको कमान्डमा टोली घटनास्थलमा खटिएको थियो। दुर्घटनाको कारण भने खुल्न बाँकी रहेको बुधबार प्रहरीले जनाएको थियो।


## Sakela Rural Municipality
### Office of the Rural Municipal Executive
Manebhangyang, Khotang
Koshi Province, Nepal

**INVITATION FOR BIDS**

**Date of Publication: 2083/06/02 B.S. (18th September, 2026)**

1. Sakela Rural Municipality, Office of the Rural Municipal Executive, Manebhangyang, Khotang invites Hard Copy bids for the following works under National Competitive Bidding procedures.

| S. N. | Contract ID No./ IFB No. | Description and location of works | Estimated Amount Excluding VAT & PS) | Bid Document Fee (NRs) | Bid Security Amount(NRs) |
|---|---|---|---|---|---|
| 1 | SRMUN/NCB/ WORKS/83/84/01 | Interior Works of Sakela Rural Municipality Administrative Building | 84,68,353 | 3000 | 2,30,000 |

2. Details of Date and Time for pre-bid meeting, bid submission, opening and bid security validity period.

| S. N. | Contract ID No./IFB No. | Date and Time of Pre Bid Meeting | | Last Date and Time of Bid Submission | | Date and Time of Technical Bid Opening | | Bid Security Period/ Bid Security Validity Period (days) |
|---|---|---|---|---|---|---|---|---|
| | | Date | Time | Date | Time | Date | Time | |
| 1 | SRMUN/NCB/WORKS/83/84/01 | 2083/06/09 | 13:00Hours | 2083/06/19 | 12:00 hours | 2083/06/19 | 13:00 hours | 90/120 days |

3. Details to deposit the fee of bidding document and bid bond.

| Employer's Bank Account Details | |
|---|---|
| For Purchase of Bidding Document | For Bid Security |
| Name of the bank: Nepal SBI Bank Ltd.<br>Account Name: ga 1.1 antarik rajaswa khata<br>Revenue Account No.: 41625240600016<br>Office Code No.: 801010810, Rajaswa(revenue) Shirshak no.: 14229 | Name of the bank: Nepal SBI Bank Ltd.<br>Account Name: ga.3.1-sthaniya taha dharauti khata<br>Dharauti Account No.: 41625240600003,<br>Office Code No.: 801010810 |

4. Eligible bidders may obtain further information at Sakela Rural Municipality, Office of the Rural Municipal Executive, Manebhangyang,Khotang during off hours

**Chief Administrative Officer**



नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
## सडक डिभिजन लहान, सिरहा
**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
**प्रकाशित मिति: २०८३।०६।०२**

यस कार्यालयको सूचना नं. २०८३/८४-०२ मिति २०८३।०४।१८ मा bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार प्राप्त बोलपत्रहरुको मुल्यांकन हुदाँ तपशिल अनुसारको बोलपत्र औसतको नजिक सारभुत रुपमा प्रभावग्राही बोलपत्र देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

| ठेक्का न. | बोलपत्रदाताको नाम | कामको विवरण | कबोल रकम (मु. अ. कर, PS समेत) |
|---|---|---|---|
| RDLHN/337310113/083/84-12 | M/S Manisha Construction,VDC Itahari Bisnupur-1 | Recurrent Maintanance works on Kalyanpur Bishanpur (MRM) Chock-Subharnpatti & Rupani- Rajbiraj-Kunauli Road Saptari. | 46,85,950.88 |
| RDLHN/337310113/083/84-13 | M/S Khutti Balan Nirman Sewa, Lahan-10 | Recurrent Maintanance works on NH-05-008 Hulaki Rajmarg Road at Rajbiraj-Malahaniya Section, (Ch 143+440 to 168+440), Saptari. | 36,68,594.60 |
| RDLHN/337310113/083/84-14 | M/S Aarabh and Aayush Construction Pvt. Ltd.,Kathmandu | Recurrent Maintenance work on Lahan-Bhagwanpur-Thadi Road,Siraha | 77,99,441.71 |
| RDLHN/337310113/083/84-15 | M/S Trilok-Sathi J.V., Dhanushadham-1 | Recurrent Maintanance works on NH-05-008 Hulaki Rajmarg Road at Malahaniya-Khirkhirya Section, Siraha (Ch 168+440 to 201+360). | 36,83,279.35 |
| RDLHN/337310113/083/84-16 | M/S Narsingh BaBa construction, Sukhipur-1 | Recurrent Maintanance works on NH 20 Siraha Bazar - Choharwa Sadak Khand (Ch 10+200-26+500). | 42,19,740.86 |
| RDLHN/337310113/083/84-17 | M/S Aarabh and Aayush Construction Pvt. Ltd.,Kathmandu | Recurrent maintenance of Mahendra Rajmarg Koshi Barrage-Bharadah-Kanchanpur,Bharadah-Inarwa (CH-135+000 to 145+000), Saptari | 41,79,774.27 |
| RDLHN/337310113/083/84-18 | M/S Shivam Construction, Lahan-1 | Recurrent Maintanance works on NH 16 Kadmaha Chowk-Siswari Bridge (NH16-003),18+000-30+110,12.11 km and NH16 Siswari Bridge-cement factory(NH 16-004) Ch 30+110-Ch 38+730,8.62 Km and NH 16 cement Factory-Gaighat (NH 16-005) Ch 38+710-45+980,7.25 Km | 28,83,986.61 |

**डिभिजन प्रमुख**

# Ramprasadrai Rural Municipality
## Office of The Rural Municipal Executive
### Baikunthe, Bhojpur
### Koshi Province, Nepal

## Invitation for Bids

**First Date of publication: 2083/06/02**

1. Ramprasadrai Rural Municipality, Office of the Rural Municipal Executive invites Sealed quotations from registered Suppliers for the Procurement, supply and Delivery of Surgical Items & Medicine.
2. Eligible Bidders may obtain further information and inspection the Bidding Documents at the office of Ramprasadrai Rural Municipality, Office of the Rural Municipal Executive, Bhojpur.

| S. N. | Contract No. | Description of Work | Bid Security Amount NRs | Price of Bid Document NRs |
|---|---|---|---|---|
| 1. | 01/Goods/ RPRRMUN/2083/084 | Aadharbhut Tatha Akasmik Swasthya Sewa ko Lagi Ausadhi Kharid | 52,000/- | 1,000.00 |

3. **Information to deposit the cost of Biding Documentin Bank**
   - i **Name of the Bank:** NIC Asia Bank, Baikunthe.
   - ii **Name of Office:** Ramprasadrai Rural Municipality
   - iii **Office Code no.:** 1125208
   - iv **Office A/C No.:** (GA 1.1- Antarik Rajashwa Khata-Ramprasadrai Gaupalika) : 2152050028990002 (For Bid Document)
   - v **Office A/c No.:** (GA 3 - Dharauti Khata A/C- Ramprasadrai Gaupalika) L5CA052570252401 (For Bid Security)
4. A complete set of Biding Documents may be purchase from Ramprasadrai Rural Municipality, By Eligible bidders on the submission of a written application, along with the copy of company/firm registration certificate and upon payment of a non-refundable fee of Rs.1000.00 till 2083/06/08 during office hours.
5. Sealed quotation must be submitted to the Ramprasadrai Rural Municipality by hand on or before 12:00 noon on 2083/06/09. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 2083/06/09, 2:00 noon at the office of Ramprasadrai Rural Municipality, Office of the Rural Municipal Executive. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security original which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing or submission falls on a government holiday, then the next working days hall be considered as the last date. In such case the validity period of the bid's security shall remain the same as specified or the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

*Act. Chief Administrative Officer*

# Katahari Rural Municipality
## Office of the Rural Municipal Executive
### Katahari, Morang
### Koshi Province, Nepal

## Invitation for Quotations

**Date of publication: 2083-06-02**

1. ***Katahari Rural Municipality, Katahari, Morang*** invites ***sealed*** quotations (Hard copy only) from Nepalese eligible bidders for the Goods mentioned in the table.

| S.N. | Contract No. | Name and Location of the Work | Estimated Amount (without VAT & Contingency but including PS) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity/ Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | KRM/SQ/G/ 083/084-01 | Procurement of Electronic Equipment For Bhumi Prasashan Sewa, Katahari, Morang | 16,89,800.00 | 1000.00 | 45,000.00 | 45/75 days |

2. Date of Pre-bid Meeting, Last date of Purchasing, Submission and Opening of Bids:

| Pre-bid Meeting | Last Date of Purchase of Bids | Last Date of Submission of Bids | Opening of Bids |
|---|---|---|---|
| N/A | 2083-06-08 , 5.00 P.m. | 2083-06-09 , 12.00 P.m. | 2083-06-09 , 1.00 P.m. |

3. **Information to deposit the cost of bidding document in Bank:**
   - Name of the Bank : **Rastriya Banijya Bank Limited, Katahari Branch**
   - Name of Office Account : **(KATAHARI GA.PA. (GA-1.1)-AANTARIK**
   - Office Code No. : **801011310**
   - Office Account no. : **2190100301010002**
   - Rajaswa (revenue) Shirshak no. : **14229**
4. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account with the following details below:
   - Name of the Bank : **Rastriya Banijya Bank Limited, Katahari Branch**
   - Name of Office Account : **(KATAHARI GA.PA. (GA-3)-DHARAUTI A**
   - Office Code No. : **801011310**
   - Office Account no. : **2190100303000002**
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Eligible bidders may obtain further information from the office of Katahari Rural Municipality, Katahari, Morang, Email: Kataharigaupalika@gmail.com and Website: Kataharimun.gov.np

**Chief Administrative Officer**


■ रोजगारी सिर्जना प्रमुख प्राथमिकता

# विकासोन्मुख मुलुकका लागि विश्व बैंकद्वारा सवा ११२ खर्ब परिचालन

**सौर्य समाचार**

काठमाडौँ । विश्व बैंक समूहले आर्थिक वर्ष २०२६ मा विकासोन्मुख मुलुकका लागि १ खर्ब १२ अर्ब अमेरिकी डलर निजी पुँजी परिचालन गरेको छ। यो विश्व बैंक समूहको इतिहासमै १ आर्थिक वर्षमा परिचालन गरिएको सबैभन्दा ठुलो निजी पुँजी हो। विश्व बैंक समूहका अनुसार ४ वर्षअघि आर्थिक वर्ष २०२२ मा ३५ अर्ब डलर रहेको निजी पुँजी परिचालन आर्थिक वर्ष २०२६ मा ११२ अर्ब डलर पुगेको हो। समूहको आफ्नै वित्तीय सहयोगसमेत जोड्दा विकासोन्मुख मुलुकमा आर्थिक वर्ष २०२६ मा परिचालन तथा वित्तीय सहयोगको कुल रकम २०० अर्ब डलरभन्दा बढी पुगेको छ।

निजी पुँजी परिचालनको वृद्धि विभिन्न आय समूहका मुलुकमा देखिएको विश्व बैंकले जनाएको छ। निम्न-मध्यम आय भएका मुलुकमा निजी पुँजी परिचालन २०२२ को १४ अर्ब डलरबाट बढेर २०२६ मा ३७ अर्ब डलर पुगेको छ। उच्च-मध्यम आय भएका मुलुकमा यस्तो रकम १२ अर्बबाट बढेर ५० अर्ब डलर पुगेको छ। निम्न आय भएका मुलुकमा भने निजी पुँजी परिचालन करिब ३ अर्ब डलरको हाराहारीमा कायम रहेको छ। अफ्रिकी मुलुकमा यस्तो परिचालन ९ अर्ब डलरबाट बढेर २२ अर्ब डलर पुगेको विश्व बैंकले जनाएको छ।

विश्व बैंक समूहले पछिल्ला ३ वर्षमा निजी क्षेत्रसँग काम गर्ने आफ्नो प्रणालीमा परिवर्तन गरेपछि निजी पुँजी परिचालन बढेको जनाएको छ। प्रक्रिया छिटो र सरल बनाउने, सार्वजनिक तथा निजी क्षेत्रसँग सम्बन्धित कामलाई नजिकबाट जोड्ने र लगानीकर्ताका लागि उपलब्ध वित्तीय उपकरण विस्तार गर्ने काम गरिएको उसको भनाइ छ।

विश्व बैंक समूहका अध्यक्ष अजय बांगाका अनुसार निजी पुँजी परिचालनको रकम बढाउनु मात्र पर्याप्त नभई त्यस्तो पुँजी रोजगारी र आर्थिक अवसर सिर्जना हुने क्षेत्रमा पुग्नु महत्त्वपूर्ण छ। निजी क्षेत्रले विकासोन्मुख मुलुकमा सिर्जना हुने १० मध्ये ९ रोजगारीमा योगदान गर्ने विश्व बैंकको भनाइ छ।

विश्व बैंकका अनुसार आगामी १० देखि १५ वर्षमा विकासोन्मुख मुलुकमा १ अर्ब २० करोड युवा काम गर्ने उमेरमा प्रवेश गर्नेछन्। तर सो अवधिमा करिब ४२ करोड रोजगारी मात्र सिर्जना हुने प्रक्षेपण छ। यसले विकासोन्मुख मुलुकमा रोजगारी सिर्जना ठुलो चुनौतीका रूपमा रहने देखिएको विश्व बैंकले जनाएको छ।

रोजगारी सिर्जनाका लागि विश्व बैंक समूहले मानव तथा भौतिक पूर्वाधारमा लगानी, व्यवसाय सञ्चालनका लागि अनुकूल नियामकीय वातावरण र निजी क्षेत्रलाई विस्तार गर्न सहयोग गर्ने ३ आधारलाई प्राथमिकता दिएको छ।

समूहले रोजगारी सिर्जनाको उच्च सम्भावना भएका पूर्वाधार तथा ऊर्जा, कृषि व्यवसाय, स्वास्थ्य, पर्यटन र मूल्य अभिवृद्धि गर्ने उत्पादनमूलक उद्योगलाई प्राथमिकताका क्षेत्रमा राखेको छ।


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

**प्रकाशित मिति : २०८३/०६/०२ गतेको सौर्य राष्ट्रिय दैनिक**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८३/०२/१३ को जनकपुर टुडे राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| शेख फरजानको नाति, ऐनुलको छोरा, रौतहट जिल्ला, गम्हरिया पर्सा गा.वि.स./न.पा. वडा नं. ७ बस्ने **अजिमुल्लाह** (ना.प्र.नं. २८६६, जारी मिति २०६१/१०/१९, जि.प्र.का. रौतहट)। | ऐनुलको बुहारी, अजिमुल्लाहको पत्नी, रौतहट जिल्ला, गम्हरिया गा.वि.स./न.पा. वडा नं. ७ बस्ने **जफरुन खातुन** (ना.प्र.नं. ०३२३०७७/३९२, जारी मिति २०६३/१२/२४, जि.प्र.का. रौतहट)। |

**धितोको विवरण**

अजिमुल्लाह (ना.प्र.नं. २८६६, जारी मिति २०६१/१०/१९, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक गम्हरिया गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ ख स्थित कि.नं. २५ को क्षेत्रफल ०-०-८ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०६/१६ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/१७ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय चन्द्रपुर, रौतहटमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शूल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय चन्द्रपुर, रौतहटमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank

शाखा कार्यालय : चन्द्रपुर, रौतहट
फोन नं. ०५५-५४०६३०
Website: www.siddharthabank.com

# घट्यो सहकारीको ऋणको ब्याजदर

■ सौर्य समाचार

काठमाडौं । सहकारी संस्थाले सदस्यलाई प्रवाह गर्ने ऋणको अधिकतम ब्याजदर १३ प्रतिशत कायम गरिएको छ। सहकारी रजिस्ट्रारको कार्यालयले सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिमको समितिको सिफारिसमा सन्दर्भ ब्याजदर पुनरवलोकन गर्दै ऋणको अधिकतम ब्याजदर १३ प्रतिशत निर्धारण गरेको हो। यसअघि सहकारी संस्थाका लागि ऋणको अधिकतम ब्याजदर १६ प्रतिशत तोकिएको थियो। नयाँ व्यवस्थाअनुसार अब सहकारी संस्थाले १३ प्रतिशतभन्दा बढी ब्याज लिन पाउने छैनन्। सहकारी रजिस्ट्रारको कार्यालयका अनुसार संस्थाले आफ्नो कारोबारको अवस्था, आवश्यकता र औचित्यको विश्लेषण गरी १३ प्रतिशतभन्दा कम ब्याजदरसमेत निर्धारण गर्न सक्नेछन्।

त्यस्तै, बचतमा दिने र ऋणमा लिने ब्याजदरबीचको अन्तर भने ६ प्रतिशतभन्दा बढी हुन नहुने व्यवस्था गरिएको छ। कार्यालयले सहकारी संस्थाले सदस्यलाई प्रदान गरेको ऋणमा लागेको ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी त्यसमा पुनः ब्याज लगाउन नपाउने कानुनी व्यवस्थाको पूर्ण पालना गर्नसमेत निर्देशन दिएको छ।

यस्तै, संस्थाले हर्जाना रकम लिने निर्णय गरेको अवस्थामा असुल हुन बाँकी ब्याज रकमको ५ प्रतिशतभन्दा बढी हर्जाना लिन नपाउने व्यवस्था गरिएको छ। ऋणसँग सम्बन्धित सम्पूर्ण लागत ब्याजदरमै समावेश हुने भएकाले सहकारी संस्थाले प्रशासनिक शुल्क, सेवा शुल्क, नवीकरण शुल्क, फाराम दस्तुर वा यस्तै अन्य कुनै शीर्षकमा थप रकम लिन नपाउने कार्यालयले स्पष्ट गरेको छ।

नयाँ निर्देशनअनुसार सहकारी संस्थाले निर्धारण गरेको ब्याजदर सबै सदस्यले जानकारी पाउने गरी आफ्नो वेबसाइट वा अन्य माध्यमबाट अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्नेछ। एकै प्रकृतिको बचत वा ऋणमा ब्याजदर कायम गर्दा सदस्य, सञ्चालक समिति तथा पदाधिकारी, लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्य, विभिन्न उपसमितिका संयोजक तथा सदस्य, व्यवस्थापक र कर्मचारीबीच कुनै विभेद गर्न नपाइने व्यवस्था पनि गरिएको छ।

यस्तै, सहकारी संस्थाले ऋण प्रवाह गर्दा सम्बन्धित ऋणी सदस्यको व्यक्तिगत खातामा रकम जम्मा गर्नुपर्नेछ। सदस्यले व्यक्तिगत रूपमा लिएको ऋण दायित्वभन्दा बढी हुने गरी संस्थाको दायित्वसँग जोडेर ऋणी सदस्यमाथि थप ऋणभार सिर्जना गर्न नपाइने निर्देशनमा उल्लेख छ।


## सर्वोत्तम पेन्ट्स ईण्डष्ट्रिज लिमिटेड
## Sarvottam Paints Industries Limited

**रजिष्टर्ड कार्यालय (कर्पोरेट)**: गोदावरी-२, अत्तरिया, कैलाली, नेपाल। फोन नं.: ०९१-५५११६०, फ्याक्स नं.: ०१-४१११५६७
इमेल : info@sarvottampaints.com, वेबसाइट : www.sarvottampaints.com

## पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०२**

**आदरणीय शेयरधनी महानुभावहरु,**

सर्वोत्तम पेन्टस् ईण्डस्ट्रिज लिमिटेडको मिति २०८३ भाद्र ३१ गते बसेको सञ्चालक समितिको ८६ औ बैठकको निर्णयानुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा यस कम्पनीको पाँचौ वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

**वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय**

**सभा हुने मिति** : २०८३ आश्विन २५ गते, आइतवार (तदनुसार ११ अक्टोबर २०२६)
**समय** : दिनको १:०० बजे।
**स्थान** : होटेल जंगल स्पा प्रा.लि. गोदावरी-०२, अत्तरिया कैलाली।

**छलफल गर्ने विषयहरु**

**क) साधारण प्रस्ताव :**

१) कम्पनीको सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८३ आषढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाहको विवरण लगायतका वित्तीय विवरणहरु सहित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने।
३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व.२०८२/०८३ सम्मको मुनाफा रकम बाट कम्पनीको चुक्ता पुँजी रु. ३४,००,००,०००।-(अक्षरुपी रु. चौतिस करोड मात्र ) को ०.५२६३% अर्थात रु. १७,८९,४७४/- अक्षरेपी सत्र लाख उनानब्बे हजार चार सय चौहत्तर रुपैयाँ मात्र) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव छलफल गरी पारित गर्ने सम्बन्धमा।
५) कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभुत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासंग तथा यसै संस्थासंग सम्बद्ध कम्पनीसंग गरेको कारोबार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने।
६) संस्थापक समुहबाट ३ (तिन) जना तथा सर्वसाधरण समुहबाट १ (एक) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा।
७) विविध

**ख) विशेष प्रस्ताव :**

१) सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई आ.व. २०८२।८३ सम्मको मुनाफा रकमबाट कम्पनीको चुक्ता पुँजी रु ३४,००,००,०००।-(चौतिस करोड (रुपैंया मात्र) को १०% का दरले हुन आउने रु ३४,००,००,००।- (तिन करोड चालिस लाख (रुपैंया मात्र) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृती प्रदान गर्ने। र उक्त बोनश शेयर वितरण गर्दा, हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी हाल यथावत राख्ने सम्बन्धमा।
२) प्रस्तावीत वोनश शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित भए पश्चात कम्पनीको जारी तथा चुक्ता पुँजीमा प्रभाव परी पुँजी बृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्धपत्रमा संशोधन पारित गर्ने सम्बन्धमा।
३) प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने।
४) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधनमा सम्बन्धित निकायबाट कुनै संशोधन फेरबदल वा थपघट गर्न कुनै सुझाव निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
५) विविध।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धि जानकारी :

१) साधारण सभामा भाग लिने प्रयोजनका लागि मिति २०८३/०६/१३ गते मंगलवार एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book close) रहनेछ। नेपाल स्टक एक्सचेन्ज लि. मा शेयरधनी दर्ता किताब बन्द ( Book close) हुन भन्दा अघिल्लो दिन २०८३/०५/१२ सम्म कारोवार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरुको सो सभामा भाग लिन सक्ने छन्।
२) वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण र हितग्राही खाता खोली शेयर अभौतीकरण गरिएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउन हुन अनुरोध छ।
३) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा बिहान ११:०० बजे देखि खुल्ला रहनेछ। साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु वा प्रोक्सीले सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ।
४) आर्थिक विवरण लगायतका वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको वेबसाइट www.sarvottampaints.comमा पनि हेर्न सक्नुहुनेछ।
५) सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फाराम सभा हुने दिन भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात २०८३/०५/२२ गते बिहानको १०:०० बजे भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ। एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबै भन्दा पहिला दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वतः बदर हुनेछ।
६) संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाउने छ। कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयर धनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नुहुनेछ।
७) सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभाकक्षमा उपस्थित भई दिनहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ।
८) साधारणसभाको काम कारवाही तथा अन्य कार्यविधि कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ।
९) कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सूचना, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आर्थिक विवरणहरु निरिक्षण गर्न तथा प्रतिलिपि आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको रजिष्ट्र्ड कार्यालय, गोदावरी नगरपालिका, वडा न.२, अत्तरिया कैलाली वा कम्पनीको कर्पोरेट कार्यालय, दिब्यश्वोरी प्लानिङ्ग, भक्तपुरमा सम्पर्क राख्न सकिनेछ। शेयरधनिहरुले आफ्नो प्रमाण प्रस्तुत गरी सो प्रतिवेदन लिन सक्नेछन्।
१०) वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, गोदावरी नगरपालिका, वडा न. २, अत्तरिया, कैलाली स्थित सञ्चालक समितिको सचिवालय (टेलिफोन नं. ०९१-५५११६०) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

## आर्थिक वर्ष २०८२/०८३ को संक्षिप्त आर्थिक विवरण
## कम्पनी ऐन २०६३ को दफा ८४ (४) को प्रयोजनका लागि प्रकाशित विवरण
## (यो विवरण कम्पनीको वार्षिक आर्थिक विवरण र संचालकको प्रतिबेदनको संक्षिप्त विवरण मात्र हो ।)

**आदरणीय शेयरधनी महानुभावहरु,**

कम्पनीको २०८३ असार मसान्तको वासलात, आर्थिक बर्ष २०८२/०८३ को नाफा नोक्सान हिसाब र अन्य विस्तृत आम्दानीको विवरण, ईक्विटीमा भएको परिवर्तनको विवरण तथा नगद प्रवाह विवरण (कम्पनीको एकल एवं यसका सहायक कम्पनी सहितको एकीकृत विवरण) सहितको विवरणहरु समावेश गरी समिक्षा बर्षको कारोवारको सिंहावलोकन, कम्पनीले हासिल गरेका उपलब्धीहरु तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई परेको असर सहितको सञ्चालक समितिको संक्षिप्त प्रतिवेदन।

आर्थिक वर्ष २०८२/०८३ को वित्तीय विवरण Nepal Financial Reporting Standard (NFRS) अनुसार तयार गरिएको छ।

१) **समिक्षा बर्षको कारोबारको सिंहावलोकन :**

**रकम रुपैंयामा**

| शीर्षक | आ.व. २०८२/८३ | आ.व. २०८१/८२ | वृद्धि/(ह्रास) प्रतिशत (%) |
|---|---|---|---|
| खुद विक्री | २१,१४,७४,१०५ | १४,१८,५०,४१५ | ४९% |
| विक्रि लागत | १३,९२,९१,९६१ | ९,१२,००,४४५ | ५३% |
| कुल नाँफा | ७,२१,८२,१४३ | ५,०६,४९,९७० | ४३% |
| अन्य आम्दानी | २,९४५ | २,०८५ | ४१% |
| संञ्चालन तथा अन्य खर्च | ५,२९,१०,९५० | २,९८,०२,३६७ | ७८% |
| कर खर्च | २२,५९,५६८ | १५,७०,४५६ | ४४% |
| खुद मनाफा | १,७०,१४,५७० | १,९२,७९,२३२ | (१२%) |
| कुल दायित्व | ११,४९,२५,०९६ | ७,१८,२९,८२४ | ६०% |
| चुक्ता पूँजी | ३४,००,००,००० | २५,५०,००,००० | ३३% |
| नगद तथा बैंकमा रहेको जम्मा रकम | ७,७४,०८,४५६ | २,५७,१०,५२० | २०१% |

उपरोक्त तालिका अनुसार २०८२ असाढ मसान्तको तुलनामा २०८३ असाढ मसान्तमा कम्पनीको खुद बिक्रीमा ४९% ले वृद्धि भएको देखिएको भएतापनि कम्पनीको सञ्चालन तथा प्रशासैनिक खर्चको वृद्धिका कारण कम्पनीको खुद मुनाफामा १२% ले ह्रास आएको छ।

२) **प्रतिवेदन मिति सम्म चालु आर्थिक वर्षको उपलब्धि:** यस प्रतिवेदन मिति सम्ममा कम्पनीको वास्तविक खुद बिक्री रु. ६,४४,००,००० रहेको छ भने गत वर्ष यही अवधिमा कम्पनीको खुद बिक्री रु.४,५६,००,००० रहेको थियो। चालु आ.व. को पहिलो त्रैमासिक सम्ममा खुद बिक्री रु.१२,२६,००,००० पुऱ्याउने प्रक्षेपण गरिएको छ।

३) **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई परेको असर:**
डेकोरेटिभ पेन्ट्स उद्योगले कच्चा पदार्थको मूल्य तथा आपूर्तिमा हुने उतारचढाव र विनिमय दरमा हुने परिवर्तमा कारण उत्पादन लागतमा दवाब सामना गर्नुपर्ने अवस्था रहेको छ। बजारमा स्थापित राष्ट्रिय तथा अन्तराष्ट्रिय ब्राण्ड संगको तीव्र प्रतिस्पर्धाले बजार हिस्सा र नाँफा कायम गर्न चुनौति सिर्जना गरेको छ। निर्माण तथा घरजग्गा क्षेत्रको गतिविधि, उपभोक्ताको ऋय शक्ति तथा समग्र आर्थिक अवस्थाले कम्पनीको बिक्री र मागमा प्रत्यक्ष प्रभाव पार्न सक्ने स्थिति रहेको छ। साथै, उर्जा, श्रम, ढुवानी तथा अन्य सचालन लागतमा हुने वृद्धिले लागत तथा नाँफामा थप दवाब पर्न सक्ने देखिन्छ। ग्राहकको बदलिँदो रुचि तथा गुणस्तर सम्बन्धि अपेक्षा पूरा गर्न उत्पादन तथा बजार रणनितिमा निरन्तर सुधार आवश्यक रहेको छ। कम्पनीले लागत नियन्त्रण, आपुर्ति व्यवस्थापन, गुणस्तर सुधार तथा बजार विस्तारमार्फत यि चुनौतिहरुको न्यूनीकरण गर्ने प्रयास गरिरहेको छ।

४) **लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया:** सामान्य कैफियत वाहेक कम्पनीलाई तात्विक असर पर्ने कैफियत नभएको।

५) **लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम:** आर्थिक वर्ष २०८२/०८३ को वित्तीय विवरण अनुसार कम्पनीको सञ्चिति मुनाँफाबाट शेयरधनीहरुलाई १० प्रतिशत बोनस शेयर र ०.५२६३ % नगद लाभांश (बोनस लाभांशको कर प्रयोजनका लागि समेत) गरि कुल १०.५२६३% प्रतिशत लाभांश वितरण गर्न सिफारिस गरिएको।

६) **लेखापरीक्षकको मन्तब्य:** लेखापरीक्षकले कम्पनीको वार्षिक आर्थिक विवरणका बारेमा लेखापरीक्षकले शेयरधनी महानुभावहरु समक्ष पेश गर्नु भएको प्रतिवेदन देहाय बमोजिम रहेको छ।

**Timilsaina Raj & Associates**
Chartered Accountants
COP No: 1112
Firm No : 994
Pan No. : 108805260

सर्वोत्तम पेन्ट्स ईण्डस्ट्रिज लिमिटेडको शेयरधनीहरुमा
स्वतन्त्र लेखापरीक्षकको संक्षिप्त वित्तीय विवरणमाथि प्रतिवेदन

**लेखापरीक्षकको राय**

आषाढ ३२, २०८३ (१६ जुलाई २०२६) को संक्षिप्त वित्तीय स्थितिको विवरण, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको संक्षिप्त नाफा नोक्सान विवरण, संक्षिप्त अन्य विस्तृत आम्दानीको विवरण, संक्षिप्त इक्वीटीमा भएको परिवर्तनको विवरण र संक्षिप्त नगद प्रवाह विवरण एवं सम्बन्धित लेखासम्बन्धि टिप्पणीहरु संलग्न रहेको संक्षिप्त वित्तीय विवरणहरु, सर्वोत्तम पेन्ट्स इंण्डस्ट्रिज लिमिटेड (कम्पनी) र यसका सहायक कम्पनीहरु (समूह) को मिति आषाढ ३२, २०८३ (१६ जुलाई २०२६) मा समाप्त भएको आर्थिक वर्षको लेखापरीक्षण गरिएको एकिकृत वित्तीय विवरणहरुको आधारमा तयार गरिएको हो।

हाम्रो रायमा, यसैसाथ संलग्न संक्षिप्त विवरणहरु, नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप, लेखापरीक्षण गरिएका एकिकृत वित्तीय विवरणहरु अनुरुप रहेका छन्।

**संक्षिप्त वित्तीय विवरण**

संक्षिप्त वित्तीय विवरणहरुमा नेपाल वित्तीय प्रतिवेदन मानहरुद्वारा आवश्यक सबै विवरणहरु (disclosures) समावेश गरिएका छैनन्। त्यसैले, संक्षिप्त वित्तीय विवरणहरु र लेखापरीक्षकको प्रतिवेदन पढ्नु लेखापरीक्षण गरिएको एकिकृत वित्तीय विवरणहरु र त्यसमा लेखापरीक्षकको प्रतिवेदन पढ्नुको विकल्प होइन।

**लेखापरीक्षण गरिएका वित्तीय विवरणहरु तथा लेखापरीक्षकको प्रतिवेदन**

हामीले भाद्र २९, २०८३ (१४ सेप्टेम्बर २०२६) को लेखापरीक्षण प्रतिवेदनमा एकिकृत वित्तीय विवरणहरुमाथि कैफियतरहित (Unqualified) राय व्यक्त गरेका छौ। त्यो प्रतिवेदनमा लेखापरीक्षणको मुख्य विषय (Key Audit Matters) पनि समावेश छ।

**संक्षिप्त वित्तीय विवरण प्रति व्यवस्थापनको उत्तरदायित्व**

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार संक्षिप्त वित्तीय विवरण तयार गर्ने उत्तरदायित्व व्यवस्थापनको हो।

**लेखापरीक्षकको उत्तरदायित्व**

हाम्रो उत्तरदायित्व नेपाल लेखापरीक्षणमान (NSA) ८१० (संशोधित) - *Engagements to report on summary financial statements* बमोजिमका हाम्रा कार्यविधिहरुको आधारमा, संक्षिप्त वित्तीय विवरणहरु, सारभुत रुपमा, लेखापरीक्षण गरिएका एकिकृत वित्तीय विवरणहरु अनुरुप छन् वा छैनन् भनि राय व्यक्त गर्नु हो।

सि.ए. जन्म राज तिमिल्सैना
प्रोपराइटर
तिमिल्सैना राज एण्ड एसोसियट्स
चार्टर्ड एकाउण्टेण्ट्स

स्थान: कैलाली, नेपाल।
मिति: २०८३/०५/२९
UDIN: 260916CA01663u2Ukf

091-590113,+977-9865608989 info.timilsainaassociates@gmail.com Dhangadhi-3, Boradandi, Kailali

### Consolidated Statement of Financial Position
For the Year Ended Ashadh 32, 2083 (July 16, 2026)

*Amount in NPR*

| Particular | Group | | Sarvottam Paints | |
|---|---|---|---|---|
| | As at Ashadh 32, 2083 | As at Ashadh 32, 2082 | As at Ashadh 32, 2083 | As at Ashadh 32, 2082 |
| **Assets** | | | | |
| **Non Current Assets** | | | | |
| **Non Financial Assets** | | | | |
| Property, Plant & Equipment | 192,062,722 | 135,393,590 | 90,047,088 | 39,268,880 |
| Intangible Assets | 64,318 | 85,638 | 20,400 | 36,720 |
| Right of Use Assets | 16,228,568 | 3,068,537 | 22,509,118 | 3,068,537 |
| Deferred Tax Asset | 951,835 | - | 951,835 | - |
| **Financial Assets** | | | | |
| Investment in Subsidiaries | - | - | 92,701,100 | 92,701,100 |
| Investment in Associates | - | - | - | - |
| Other Investments | - | - | - | - |
| Other Non-Current Assets | 5,000,000 | 7,200,000 | - | 2,200,000 |
| **Total Non Current Assets** | **214,307,444** | **145,747,765** | **206,229,540** | **137,275,237** |
| **Current Assets** | | | | |
| **Non Financial Assets** | | | | |
| Inventories | 101,870,547 | 64,406,152 | 93,286,154 | 59,963,394 |
| Advances & Other Receivables | 17,453,437 | 5,630,518 | 7,467,805 | 2,562,827 |
| Income Tax Assets (Net) | 2,795,342 | 1,869,496 | 1,535,251 | 769,405 |
| **Financial Assets** | | | | |
| Trade Receivables | 113,467,990 | 107,257,407 | 106,966,622 | 102,806,643 |
| Other Investments | 11,553,663 | 50,000 | - | - |
| Advances & Other Receivables | 3,823,128 | 16,781,003 | 2,780,933 | 23,496,086 |
| Cash & Cash Equivalents | 84,925,960 | 51,342,240 | 77,408,456 | 25,710,520 |
| **Total Current Assets** | **335,890,066** | **247,336,815** | **289,445,221** | **215,308,874** |
| **Total assets** | **550,197,510** | **393,084,580** | **495,674,761** | **352,584,112** |
| **Equity & Liabilities** | | | | |
| **Equity:** | | | | |
| Equity Share Capital | 340,000,000 | 255,000,000 | 340,000,000 | 255,000,000 |
| Securities Premium | - | - | - | - |
| Retained Earning | 41,838,260 | 25,806,906 | 40,749,664 | 25,754,287 |
| Revaluation Reserve | - | - | - | - |
| Non-Controlling Interest | 3,434,039 | 3,401,929 | - | - |
| **Total Equity** | **385,272,299** | **284,208,835** | **380,749,664** | **280,754,287** |
| **Non Current Liabilities** | | | | |
| **Non Financial Liabilities** | | | | |
| Deferred Tax Liability | 159,328 | 157,382 | - | 57,762 |
| Financial Liabilities | | | | |
| Long Term Borrowings | 82,192,974 | 61,117,035 | 57,023,176 | 33,252,902 |
| Provisions | - | - | - | - |
| Lease Liability | 7,969,272 | 2,240,572 | 14,228,752 | 2,240,572 |
| **Total Non Current Liabilities** | **90,321,575** | **63,514,989** | **71,251,929** | **35,551,236** |
| **Current Liabilities** | | | | |
| **Financial Liabilities** | | | | |
| Short Term Borrowings | 13,622,800 | 11,925,322 | 6,532,100 | 8,970,054 |
| Trade Payables | 31,242,974 | 24,928,411 | 31,233,753 | 24,380,314 |
| Provisions | 204,461 | - | 194,688 | - |
| Other Current Liabilities | 8,490,143 | 7,067,596 | 3,448,390 | 1,597,696 |
| **Non Financial Liabilities** | | | | |
| Income Tax Liabilities (Net) | - | - | - | - |
| Other Current Liabilities | 21,043,257 | 1,439,426 | 2,264,237 | 1,330,525 |
| **Total Current Liabilities** | **74,603,636** | **45,360,755** | **43,673,168** | **36,278,588** |
| **Total Liabilities and Equity** | **550,197,510** | **393,084,580** | **495,674,761** | **352,584,112** |

### Consolidated Statement of Profit or Loss
For the Year Ended Ashadh 32, 2083 (July 16, 2026)

*Amount in NPR*

| Particular | Group | | Sarvottam Paints | |
|---|---|---|---|---|
| | Year Ended Ashadh 32, 2083 | Year Ended Ashadh 32, 2082 | Year Ended Ashadh 32, 2083 | Year Ended Ashadh 32, 2082 |
| Revenue From Operations | 243,715,043 | 163,755,698 | 211,474,105 | 141,850,415 |
| Less: Cost of Sales | 162,131,979 | 110,110,785 | 139,291,961 | 91,200,445 |
| **Gross Profit** | **81,583,065** | **53,644,912** | **72,182,143** | **50,649,970** |
| Other Operating Income | 18,175 | 14,893 | - | - |
| **Expenses:** | | | | |
| Administrative Expenses | 18,623,522 | 9,629,256 | 15,824,576 | 8,124,827 |
| Selling & Distribution Expenses | 32,486,946 | 16,911,561 | 30,161,125 | 16,317,197 |
| Finance Costs | 9,547,135 | 8,664,163 | 6,925,249 | 5,354,809 |
| **Total Expenses** | **60,657,603** | **35,204,979** | **52,910,950** | **29,796,833** |
| **Total Operating Profit** | **20,943,637** | **18,454,826** | **19,271,193** | **20,853,137** |
| Non-Operating Income | 647,621 | 6,264,298 | 2,945 | 2,085 |
| Non-Operating Expense | 1,189,325 | 5,534 | - | 5,534 |
| **"Profit/(Loss) Before Tax From Continuing Operations & Share of Profit of Associates"** | **20,401,932** | **24,713,590** | **19,274,137** | **20,849,688** |
| Share of Profit/(Loss) of Associates Accounted by Using Equity Method | - | - | - | - |
| **Profit/(Loss) Before Tax From Continuing Operations** | **20,401,932** | **24,713,590** | **19,274,137** | **20,849,688** |
| **Tax Expenses:** | | | | |
| **Current Tax** | **3,269,165** | **1,506,656** | **3,269,165** | **1,506,656** |
| Deferred Tax | (949,889) | 1,650,723 | (1,009,597) | 63,800 |
| **Net Profit/(Loss) for the year** | **18,082,656** | **21,556,211** | **17,014,570** | **19,279,232** |
| **Profit Attributable to:** | | | | |
| Equity Holders of the Company | 18,050,547 | 21,475,674 | 17,014,570 | 19,279,232 |
| Non-Controlling Interest | 32,109 | 80,537 | - | - |
| **Net Profit/(Loss) for the year** | **18,082,656** | **21,556,211** | **17,014,570** | **19,279,232** |
| **Earing Per Share (EPS):** | | | | |
| Basic Earning Per Share | 6.95 | 10.92 | 6.54 | 9.77 |
| Diluted Earning Per Share | 6.95 | 10.92 | 6.54 | 9.77 |

### Consolidated Statement of Comprehensive Income
For the Year Ended Ashadh 32, 2083 (July 16, 2026)

*Amount in NPR*

| Particular | Group | | Sarvottam Paints | |
|---|---|---|---|---|
| | Year Ended Ashadh 32, 2083 | Year Ended Ashadh 32, 2082 | Year Ended Ashadh 32, 2083 | Year Ended Ashadh 32, 2082 |
| **Profit/(Loss) for the year** | **18,082,656** | **21,556,211** | **17,014,570** | **19,279,232** |
| **Other comprehensive income, net of income tax** | | | | |
| **a) Items that will not be reclassified to Profit or Loss** | | | | |
| (i) Gains/(Losses) from investments in equity instruments measured at fair value | - | - | - | - |
| (ii) Gains/(Losses) on revaluation | - | - | - | - |
| (iii) Actuarial gains/(losses) on defined benefit plans | - | - | - | - |
| **Net other comprehensive income that will not be reclassified to Profit or Loss** | - | - | - | - |
| **b) Items that are or may be Reclassified to Profit or Loss** | | | | |
| (i) Gains/(losses) on cash flow hedge | - | - | - | - |
| (ii) Exchange gains/(losses) (arising from translating financial assets of foreign operation | - | - | - | - |
| (iii) Income tax relating to above items | - | - | - | - |
| (iv) Reclassify to profit or loss | - | - | - | - |
| **Net other comprehensive income that are or may be reclassified to profit or loss** | - | - | - | - |
| **c) Share of other comprehensive income of associate accounted as per equity method** | - | - | - | - |
| Other comprehensive income for the year, net of income tax | - | - | - | - |
| **Total comprehensive income for the year** | **18,082,656** | **21,556,211** | **17,014,570** | **19,279,232** |
| **Total comprehensive income attributable to:** | | | | |
| Equity Holders of the Company | 18,082,656 | 21,556,211 | 17,014,570 | 19,279,232 |
| Non-Controlling Interest | | - | | - |
| Total comprehensive income for the period | 18,082,656 | 21,556,211 | 17,014,570 | 19,279,232 |

### Consolidated Statement of Cash Flows
For the Year Ended Ashadh 32, 2083 (July 16, 2026)

*Amount in NPR*

| Particular | Group | | Sarvottam Paints | |
|---|---|---|---|---|
| | Year Ended Ashadh 32, 2083 | Year Ended Ashadh 32, 2082 | Year Ended Ashadh 32, 2083 | Year Ended Ashadh 32, 2082 |
| **Cash Flows From Operating Activities** | | | | |
| **Profit/(Loss) For the Year** | **18,082,656** | **21,556,211** | **17,014,570** | **19,279,232** |
| **Adjustments for:** | | | | |
| Finance Costs | 9,547,135 | 8,664,163 | 6,925,249 | 5,354,809 |
| Non-Cash Income Tax Expense | (949,889) | 1,650,723 | (1,009,597) | 63,800 |
| Depreciation and Amortization | 9,012,412 | 6,930,340 | 6,218,661 | 4,259,828 |
| Actual Lease Expenses | (2,806,629) | (1,230,660) | (3,406,629) | (1,230,660) |
| Finance Cost on Lease Expenses | 490,234 | 274,040 | 919,956 | 274,040 |
| (Gain)/Loss on Sale of Assets | - | - | - | - |
| (Gain)/Loss on Sale of Shares | (644,676) | (6,256,679) | - | 5,534 |
| Fair Value (Gain)/Loss on Investments | 1,189,325 | - | - | - |
| Dividends Received From an Associates | - | - | - | - |
| Dividends Received From Other Investments | - | - | - | - |
| **Changes in Operating Assets and Liabilities:** | | | | |
| Decrease/(Increase) in Inventories | (37,464,395) | (18,858,589) | (33,322,760) | (21,827,110) |
| Decrease/(Increase) in Trade Receivables | (6,210,583) | 8,428,225 | (4,159,979) | 11,906,043 |
| Decrease/(Increase) in Advances & Other Receivables | 3,334,956 | (31,412,784) | 18,010,175 | (17,053,373) |
| Decrease/(Increase) in Income Tax Assets (Net) | (925,846) | (1,113,108) | (765,846) | (97,249) |
| Increase/(Decrease) in Trade Payables | 6,314,563 | (16,786,689) | 6,853,439 | 11,055,438 |
| Increase/(Decrease) in Provisions | 204,461 | - | 194,688 | - |
| Increase/(Decrease) in Income Tax Liabilities (Net) | - | - | - | - |
| Increase/(Decrease) in Other Current Liabilities | 20,756,527 | 24,243,916 | 2,333,208 | (1,078,106) |
| **Net Cash Flows From Operating Activities** | **19,930,252** | **(3,910,893)** | **15,805,135** | **10,912,225** |
| **Cash Flows From Investing Activities:** | | | | |
| Proceeds from Sale of Property, Plant & Equipment | - | 705,534 | - | 705,534 |
| Proceeds from Sale of Investments | 644,676 | 6,256,679 | - | (5,534) |
| Acquisition of Property, Plant & Equipment | (63,197,648) | (18,313,796) | (54,187,417) | (13,488,313) |
| Acquisition of Intangible Assets | - | (50,000) | - | - |
| Changes in Investment Property | - | - | - | - |
| Dividends Received From an Associates | - | - | - | - |
| Dividends Received From Other Investments | - | - | - | - |
| Changes in Investment in Subsidiaries | - | (40,100,000) | - | (82,701,100) |
| Changes in Investment in Associates | - | - | - | - |
| Purchases of Investments | (12,692,988) | 6,767,066 | - | - |
| **Net Cash Flows From Investing Activities** | **(75,245,961)** | **(44,734,517)** | **(54,187,417)** | **(95,489,413)** |
| **Cash Flows From Financing Activities:** | | | | |
| Proceeds/(Repayment) in Long-Term Borrowings | 21,075,940 | (1,960,412) | 23,770,274 | 875,188 |
| Proceeds/(Repayment) in Short-Term Borrowings | 1,697,478 | (6,300,007) | (2,437,954) | (1,817,124) |
| Finance Cost | (9,547,135) | (8,664,163) | (6,925,249) | (5,354,809) |
| Proceeds from Issue of Shares | 85,000,000 | 114,860,400 | 85,000,000 | 114,860,400 |
| Share Issuance Cost | (2,019,192) | - | (2,019,192) | - |
| Payment for ROU Assets | (7,307,661) | - | (7,307,661) | - |
| Dividend Distribution | - | - | - | - |
| **Net Cash Flows From Financing Activities** | **88,899,430** | **97,935,819** | **90,080,219** | **108,563,655** |
| **Net Increase/(Decrease) in Cash And Cash Equivalents** | **33,583,720** | **49,290,409** | **51,697,936** | **23,986,467** |
| Cash And Cash Equivalents at Beginning of the Year | 51,342,240 | 2,051,831 | 25,710,520 | 1,724,053 |
| Cash And Cash Equivalents at End of the Year | 84,925,960 | 51,342,240 | 77,408,456 | 25,710,520 |
| **Components of Cash & Cash Equivalents:** | | | | |
| Cash in Hand | 1,155,217 | 2,730,319 | 484,683 | 826,149 |
| Balance With Banks | 83,770,743 | 48,611,921 | 76,923,773 | 24,884,371 |

### Consolidated Statement of Changes in Equity
### For the Year Ended Ashadh 32, 2083 (July 16, 2026)

*Figures in NPR*

| Particulars | Group | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | Attributable to the Equity Holders of the Company | | | | | | Non-Controlling Interest | Total Group Equity |
| | Share Capital | Share Premium | Retained Earnings | Revaluation Reserve | Other Reserves | Total | | |
| **Balance as on Sawan 1, 2082** | **255,000,000** | **-** | **25,806,906** | **-** | **-** | **280,806,906** | **3,401,929** | **284,208,835** |
| Profit for the Year | - | - | 18,050,547 | - | - | 18,050,547 | 32,109 | 18,082,656 |
| Issue of Right Shares | - | - | - | - | - | - | - | - |
| Proceeds From Issue of Initial Public Offering (IPO) at Face Value | - | - | - | - | - | - | - | - |
| **Share Issuance Cost** | **-** | **-** | **(2,019,192)** | **-** | **-** | **(2,019,192)** | **-** | **(2,019,192)** |
| CSR Provision Written Back | - | - | - | - | - | - | - | - |
| Non-Controlling Interest | - | - | - | - | - | - | - | - |
| Other Comprehensive Income for the Year | - | - | - | - | - | - | - | - |
| Deferred Tax Reversal on Disposal of Equity Instruments Measured at FVTOCI | - | - | - | - | - | - | - | - |
| Transfer on Disposal of Equity Instruments Measured at FVTOCI | - | - | - | - | - | - | - | - |
| Change in Fair Value of Financial Assets Through OCI | - | - | - | - | - | - | - | - |
| **Addition During the Year** | **85,000,000** | **-** | **-** | **-** | **-** | **85,000,000** | **-** | **85,000,000** |
| Dividend Paid/Distributed | - | - | - | - | - | - | - | - |
| **Balance as at Ashadh 32, 2083** | **340,000,000** | **-** | **41,838,260** | **-** | **-** | **381,838,260** | **3,434,039** | **385,272,299** |

का.जि.प्र.… गो.हु.का.द.नं. ०७/०८०/०८१ www.souryaonline.com सौर्य दैनिक




■ एसिया कप छनोटसँगै सन्दीपको कप्तानी परीक्षा सफल

# अब एकदिवसीय मान्यता जोगाउने चुनौती

■ सौर्य समाचार

काठमाडौँ । आइसिसी विश्वकप क्रिकेट लिग-२ को जारी संस्करणमा नेपालको खराब प्रदर्शनपछि नेपाल क्रिकेट संघ (क्यान)ले गरेको कप्तान परिवर्तनको निर्णय सही दिशातर्फ गएको देखिन थालेको छ । क्यानले गत साउनमा रोहितकुमार पौडेललाई कप्तानबाट हटाउँदै सन्दीप लामिछानेलाई एकदिवसीय (ओडिआई) टोलीको नेतृत्वको जिम्मेवारी दिएको थियो । अन्तर्राष्ट्रिय क्रिकेटमा निरन्तर उत्कृष्ट प्रदर्शन, चर्चित विदेशी व्यावसायिक क्रिकेट लिगको अनुभवलगायत कारण कप्तानमा सन्दीपको पुनरागमन सम्भव भयो । क्यानले ओडिआई टोलीमा कप्तान मात्र नभई केही खेलाडीसमेत परिवर्तन गरेको थियो । कप्तानमा नियुक्त भएलगत्तै उनका सामु सर्वाधिक ठुलो चुनौती थियो, एसिसी एसिया कपमा छनोट हुनु ।

नयाँ र पुराना खेलाडी मिश्रित टोली व्यवस्थापनको चुनौतीबीच पनि सन्दीपले दुई वटै भूमिकामा उत्कृष्ट प्रदर्शन गरे । उनी नेतृत्वको नेपालले एसिसी प्रिमियर कप २०२६ मा कुल ६ खेल खेल्यो । जसमा नेपालले ५ मा जित र १ खेलमा मात्र पराजय बेहोर्‍यो । समूह विजेताको हैसियतामा टोलीले सेमिफाइनलमा स्थान बनाएको थियो । सेमिफाइनलमा पनि सानदार प्रदर्शन गरेर नेपालले सहजै फाइनलमा स्थान सुरक्षित गर्‍यो । फाइनल खेलमा नेपालले युनाइटेड अरब इमिरेट्स (युएई) लाई ४४ रनले हराउँदै उपाधि मात्र जितेन दोस्रोपटक एसिया कपमा पनि स्थान बनायो । नेपालले एसिया कपको यात्रा गर्नुमा कप्तान सन्दीपको भूमिका प्रमुख रह्यो । उनले बलिङमा हरेक खेलमा विपक्षी टोलीविरुद्ध दबाब राखे ।

सन्दीपले प्रतियोगिताको ६ खेलमा २.९८ को सानदार इकोनमी रेटमा सबैभन्दा बढी १७ विकेट लिए । टोलीको सफलतामा निर्णायक प्रदर्शन गरेका कप्तान सन्दीप प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी घोषित भए । उनी ओडिआई ढाँचाको एसिसी प्रिमियर कपमा लगातार दोस्रोपटक सर्वोत्कृष्ट खेलाडी चयन भएका हुन् । कप्तान सन्दीपले सन् २०२३ को संस्करणमा पनि उक्त अवार्ड प्राप्त गरेका थिए । उनले यसपटक व्यक्तिगत प्रदर्शन मात्र नभई कप्तानको भूमिका पनि कुशलतापूर्वक निर्वाह गर्दा नेपालले उपाधि जित्न सफल भएको राष्ट्रिय क्रिकेट टोलीका पूर्वखेलाडी दीपेन्द्र चौधरीको भनाइ छ ।

'एसिसी प्रिमियर कपमा नेपालको नतिजा कप्तानमा सन्दीप सफल देखिएको प्रमाण हो । उहाँले जुन प्रकारले टोलीको नेतृत्व गरिरहनुभएको छ, त्यसले अरू खेलाडीलाई पनि मद्दत पुगिरहेको छ,' चौधरीले भने, 'प्रतियोगितामा सन्दीपले बलरको सही सदुपयोग गर्नुभयो । टोलीमा धेरै नयाँ खेलाडी हुँदा पनि उहाँको कप्तानी उत्कृष्ट रह्यो । आगामी प्रतियोगिताहरूमा पनि यस्तै नतिजाको आशा छ ।'

क्यानको खेलाडी छनोट समितिका पूर्वसंयोजकसमेत रहेका चौधरीले एसिसी प्रिमियर कपमा अन्य खेलाडीको प्रदर्शन पनि उत्कृष्ट रहेको बताए । टोली एकढिक्का भएर खेल्दा सकारात्मक नतिजा आउने उल्लेख गर्दै उनले दबाबमा पनि खेलाडीले धैर्य भएर खेल्दा नेपालले उपाधि जितेको उल्लेख गरे । 'सन्दीपको उत्कृष्ट कप्तानी त रह्यो नै टोलीको सफलतामा अरू खेलाडीको प्रदर्शनलाई पनि नजरअन्दाज गर्न मिल्दैन । बसिर अहमद, करण केसी, गुलशन झा, आसिफ शेख, अर्जुन कुमाललगायतको प्रदर्शन पनि टोलीले उपाधि जित्नमा अहं रह्यो,' चौधरीले भने । उनले अब सन्दीपसामु आइसिसी विश्वकप लिग-२ को अन्तिम शृंखलामा उत्कृष्ट नतिजा ल्याउनुपर्ने चुनौती रहेको बताए । नेपाली टोली अहिले ओडिआई मान्यता जोगाउन तालिकाको शीर्ष ६ भित्र पर्नै पर्ने दबाबमा छ । 'नेपालले अब विश्वकप लिग-२ को जारी चक्रमा एउटा शृंखला मात्र खेल्न बाँकी छ । जुन सिरिजमा हामीले ओमान र क्यानडाको सामना गर्नेछौँ । यी २ टोलीको पछिल्लो प्रदर्शन हेर्दा त्यति उत्कृष्ट छैन । एसिसी प्रिमियर कप जितेकाले नेपाली टोलीमा आत्मविश्वास उच्च छ । नेपालले त्यसको फाइदा उठाउन सक्छ,' पूर्वखेलाडी चौधरीले भने । ताजा अवस्थामा नेपाल विश्वकप लिग-२ तालिकाको सातौँ स्थानमा छ । नेपालले ३२ खेल खेल्दा १९ मा हार र ११ खेलमा जित निकालेको छ । नेपालले २ खेलमा भने अंक बाँडेको छ । शीर्ष ६ मा परेर एकदिवसीय मान्यता जोगाउन नेपालले अब कम्तीमा ३ खेल जित्नुपर्ने समीकरण बनेको छ । नेपालले लिग-२ को अन्तिम शृंखला आगामी अक्टोबरमा खेल्ने तालिका छ ।

■ एसियाड

## दोस्रो पराजयसँगै महिला भलिबलमा नेपालको पदक सम्भावना समाप्त



■ सौर्य समाचार

काठमाडौँ । जापानमा जारी २०औँ संस्करणको एसियाली खेलकुद (एसियाड) मा नेपाली राष्ट्रिय महिला भलिबल टोलीले लगातार दोस्रो बेहोरेको छ । दोस्रो पराजय व्यहोर्ने क्रममा नेपाल बिहीबार इन्डोनेसियाविरुद्ध ३-० को सोझो सेटमा पराजित भयो । बुधबार भएको पहिलो खेलमा जापानविरुद्ध पनि नेपाल सोझो सेटमा पराजित भएको थियो । आइचीस्थित पार्क एरिना कोमाकीमा भएको इन्डोनेसियासँगको खेलमा नेपालले पहिलो सेट २५-१२, दोस्रो सेट २५-२१ र तेस्रो सेट २५-२० ले गुमायो ।

लगातार दोस्रो पराजयसँगै भलिबलमा पदक जित्ने नेपालको सम्भावना सकिएको छ । नेपालले अब वरीयताका लागि प्रतिस्पर्धा गर्नेछ । नेपालले खेल्ने टोलीको टुंगो लाग्न बाँकी छ । नेपालले सन् २०२३ मा चीनको हाङ्झाउमा सम्पन्न १९औँ एसियाली खेलकुदमा ११औँ स्थान हासिल गरेको थियो ।

## 'एन्फा निलम्बन फुकुवाका लागि सरकारले फिफासँग पहल गरोस्'



■ सौर्य समाचार

काठमाडौँ । विश्व फुटबल महासंघ (फिफा) निलम्बनका कारण नेपाली फुटबल क्षेत्र समस्याग्रस्त बनेको भन्दै एन्फालाई स्वतन्त्र रूपमा सञ्चालन गर्ने वातावरण बनाउन अखिल नेपाल फुटबल संघ (एन्फा) ले सरकारसँग आग्रह गरेको छ । एन्फाद्वारा बुधबार काठमाडौँमा आयोजित पत्रकार सम्मेनलमा एन्फाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) इन्द्रमान तुलाधरले एन्फा बन्द हुँदा खेलाडी र राष्ट्रिय टोलीको तयारी मात्र नभई त्यहाँ कार्यरत कर्मचारीको दैनिक जीवन पनि प्रभावित भएको बताए ।

उनले बंगलादेशमा आयोजना हुने साफ च्याम्पियनसिपमा नेपालको सहभागिता अन्योल भएको भन्दै यस विषयमा नेपालको सहभागिता सुनिश्चित गर्न तत्काल निर्णय आवश्यक रहेको बताए । 'एन्फा बन्द हुँदा खेलाडी र राष्ट्रिय टोलीको तयारी मात्र होइन, त्यहाँ कार्यरत कर्मचारीको दैनिक जीवन प्रभावित भएको छ,' तुलाधरले भने । एन्फाका सिइओ तुलाधरले आर्थिक कठिनाइका कारण कर्मचारी तथा सम्बन्धित व्यक्तिहरूमा गम्भीर तनाव उत्पन्न हुन सक्ने अवस्थातर्फ सरकारको ध्यानाकर्षण गराए ।

त्यसैगरी, एन्फाका महासचिव किरण राईले साफ च्याम्पियनसिपमा नेपालको सहभागिताबारे सरकारले तत्काल स्पष्ट निर्णय गर्नुपर्ने बताए । 'अब नेपाली फुटबलको विषयमा स्पष्ट हुनुपर्छ । यस विषयमा सरकारसँग छलफल गर्न हामी तयार छौँ,' राईले भने । एन्फा निलम्बनको समस्या समाधानका लागि फिफा र एएफसीसँगको औपचारिक संवाद र समन्वयमा आवश्यक रहेको बताए । त्यस्तै, एन्फा महासचिव राईले एन्फा सञ्चालनमा नआउँदा राष्ट्रिय टोलीको तयारीदेखि एन्फा एकेडेमीमा रहेका बालबालिकाको दैनिक जीवनसम्म प्रभावित भएको उल्लेख गरे ।

फिफाको निलम्बनका कारण नेपालले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिता गुमाइसकेको छ । फिफा सिरिज महिला प्रतियोगिता २०२६, नेपाल-हङकङ अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल, एएफसी यू-१७ महिला एसियन कप २०२७ छनोट, एएफसी यू-२० महिला एसियन कप २०२६ छनोट तथा एएफसी यू-२० एसियन कप २०२७ पुरुष छनोटलगायत प्रतियोगितामा नेपालको सहभागिता प्रभावित भएको एन्फाले जनाएको छ ।

त्यस्तै, एन्फाका कर्मचारी, राष्ट्रिय महिला तथा पुरुष खेलाडी, प्रशिक्षक र रेफ्रीले पारिश्रमिक तथा भत्ता प्राप्त गर्न नसकेको र खेलाडीको उपचारमा पनि समस्या देखिएको एन्फाले जनाएको छ । एन्फाका अनुसार फिफाले निलम्बन फुकुवाका लागि २ प्रमुख सर्त अघि सारेको छ । जसमा पहिलो, २५ मार्च २०२६ मा राष्ट्रिय खेलकुद परिषद्ले गरेको निर्णय पूर्ण रूपमा खारेज गरी हालको एन्फा कार्यसमितिलाई पुनर्बहाली गर्नुपर्नेछ ।

दोस्रो, एन्फाले आफ्नो विधान तथा नियमअनुसार यसअघि सुरु भइसकेको निर्वाचन प्रक्रिया यथाशीघ्र पूरा गर्न पाउनुपर्नेछ । फिफा निलम्बनको विषयमा सरकार र राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले तत्काल पहल गरी फिफा तथा एएफसीसँग समन्वय गरेर निलम्बन फुकुवा गर्न र नेपाली फुटबलका गतिविधि नियमित रूपमा सञ्चालन हुने वातावरण बनाउन आग्रह गरेको गरेको छ ।

## श्रीलंकाका कप्तान असलंकाले विराटनगरबाट एनपिएल खेल्ने



■ सौर्य समाचार

काठमाडौँ । श्रीलंकाको टी-२० क्रिकेट टोलीका कप्तान चरिथ असलंकाले नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणमा विराटनगर किंग्सबाट खेल्ने भएका छन् । विराटनगरले बिहीबार सामाजिक सञ्जालमार्फत असलंकालाई आगामी सिजनका लागि विदेशी खेलाडीका रूपमा टोलीमा भित्र्याएको जानकारी दिएको हो । २९ वर्षीय असलंकाले श्रीलंकाका लागि ७७ टी-२० अन्तर ाष्ट्रिय खेलमा १ हजार ४६६ रन बनाएका छन् । बलिङतर्फ उनले ७ विकेट लिएका छन् ।

फ्रेन्चाइज क्रिकेटमा पनि उनले अनुभव हासिल गरिसकेका छन् । असलंकाले हालसम्म १८५ टी-२० खेल खेल्दा ३ हजार ७१५ रन बनाउनाका साथै ३७ विकेट लिएका छन् । उनले क्यारेबियन प्रिमियर लिग (सिपिएल), लंका प्रिमियर लिग (एलपिएल), पाकिस्तान सुपर लिग (पिएसएल) र इन्टरनेसनल लिग टी-२० लगायत चर्चित फ्रेन्चाइज लिगमा सहभागिता जनाइसकेका छन् ।

अब असलंका एनपिएलमा पनि देखिने छन् । असलंका एनपिएलमा अनुबन्ध हुने हालसम्मकै सबैभन्दा हेभिवेट एक्टिभ खेलाडी हुन् । यसअघि अन्तराष्ट्रिय क्रिकेटमा सन्यास लिइसेका बिग नेमले एनपिएल खेल्दै आएकोमा असलंकाको अनुबन्धले बिग टिमका एक्टिभ खेलाडीले पनि एनपिएल खेलेको अर्को इतिहास बन्नेछ । एनपिएलको तेस्रो सिजन ९ कात्तिकदेखि काठमाडौँमा आयोजना हुने तालिका छ ।

## बुकी फूलको गुरुङ परम्पराअनुसार शुभ मुहूर्त

■ सौर्य समाचार

कास्की । जिल्लाको पर्यटकीय गाउँ सिक्लेसमा चलचित्र 'बुकी फूल' को बिहीबार गुरुङ परम्पराअनुसार शुभ मुहूर्त गरिएको छ । बेदबहादुर गुरुङ 'श्याम'को परिकल्पना र ओमप्रकाश गुरुङको निर्देशनमा बन्ने चलचित्र बुकी फूलमा गुरुङ समुदायको ऐतिहासिक, सामाजिक तथा सांस्कृतिक परिवेश समेटिने बताइएको छ । चलचित्र बुकी फूलको छायांकन सिक्लेस र त्यस आसपासका क्षेत्रमा गरिने भएको छ । चलचित्रको शुभ मुहूर्त कार्यक्रममा निर्देशक नवीन सुब्बा, मादी गाउँपालिका-१ का वडाध्यक्ष देवीजंग गुरुङ, कलाकार तथा स्थानीयवासीको उपस्थिति रहेको थियो ।

चलचित्र बुकी फूलमा दयाहाङ राई, संस्कृति गुरुङ, पुष्कर गुरुङ, प्रकाश घिमिरे, कविता आलेमगर, माया गुरुङ, विश्वास गुरुङ, राजेश गुरुङ, एन्सर्ज गुरुङ, टीकाराम घले, ओसिन गुरुङ, लालशोभा गुरुङ, मनबहादुर गुरुङ, बेदबहादुर गुरुङ 'श्याम'लगायतका कलाकारको अभिनय रहने निर्माण पक्षले जनाएको छ । शुभ मुहूर्त कार्यक्रममा चलचित्र निर्देशक नवीन सुब्बाले 'बुकी फूल' गुरुङ समुदायभित्रको ऐतिहासिक दस्तावेजका रूपमा स्थापित हुन सक्ने धारणा राखे । नेपाली चलचित्र क्षेत्रमा विस्तारै सुधारको क्रम आइरहेको उल्लेख गर्दै उनले विषयवस्तु र प्रस्तुतिमा ध्यान दिनुपर्ने बताए ।

चलचित्रका परिकल्पनाकार एवं निर्माता बेदबहादुर गुरुङ 'श्याम'ले आफ्ना बाबुबाजेबाट सुन्दै आएको कथाव्यथालाई चलचित्र 'बुकी फूल'मार्फत् प्रस्तुत गर्ने प्रयास गरिएको बताए । गुरुङ समुदायको इतिहास, संस्कृति र जीवनशैलीलाई चलचित्र 'बुकी फूल'मा समेटिने उनको भनाइ छ । निर्देशक ओमप्रकाश गुरुङले कथाको ऐतिहासिक परिवेशलाई ध्यानमा राख्दै चलचित्र 'बुकी फूल' निर्माण गरिने बताए । सुशन प्रजापतिले छायांकन गर्ने चलचित्र 'बुकी फूल'को मुख्य सहायक निर्देशकमा तारानाथ न्यौपाने रहेका छन् । करिब ३५ दिनभित्र चलचित्रको छायांकन कार्य सक्ने लक्ष्य रहेको निर्देशक सुब्बाले बताए ।

मूलधारको पत्रकारितामा जोडिन चाहनुहुन्छ ?

हो भने आउनुस् हामी दिन्छौं प्लेटफार्म !

सौर्य दैनिक र www.souryaonline.com ले व्यावसायिक पत्रकारितामा रुचि भएका तर प्लेटफार्म नपाएका युवाका लागि विशेष अवसर प्रदान गर्न लागेको छ । इच्छुकहरुले तत्काल निम्न इमेलमा आफ्नो विवरणसहित 'पत्रकारिता किन गर्ने' भन्ने विषयमा २०० शब्दसम्मको आलेख पठाउन हुन अनुरोध छ ।

छानिएका युवालाई उचित पारिश्रमिकको समेत व्यवस्था छ ।

सौर्य दैनिक SOURYA NATIONAL DAILY



Email : marketing@souryadaily.com

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष तथा प्रधानसम्पादक : बोधराज त्रिपाठी । सम्पादक : खेम भण्डारी । कार्यालय, पानीपोखरी, काठमाडौं । फोन: ०१४५२०१०५ । पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com । मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर